# स्थानीय निर्णय निर्माणका तहहरुमा महिला सहभागिताः सेतीदोभान गा.वि.स., स्याङ्जा एक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाजिकशास्त्र सङ्काय

अन्तर्गत राजनीतिशास्त्र विषयमा स्नातकोत्तर तह (एम्.ए.)

दोस्रो वर्षको दशौँ पत्रको आवश्यकता परिपूर्तिका

लागि पृथ्वीनारायण क्याम्पस, राजनीतिशास्त्र

विभाग, पोखरामामा प्रस्तुत

*शोधपत्र*


*प्रस्तुतकर्ता*

शान्तिकुमारी घर्ती

स्नातकोत्तर दोस्रो वर्ष

परीक्षा रोल नं. ४८००१७

त्रि.वि.र.नं. ६-२-९९९-२७३४-२००५


२०७० भदौ

# सिफारिस पत्र

प्रस्तुत शोधपत्र **"स्थानीय निर्णय निर्माणका तहहरूमा महिला सहभागिता : सेतीदोभान गा.वि.स., स्याङ्जा एक अध्ययन"** राजनीतिशास्त्र विभागअन्तर्गत दशौँ पत्रको प्रयोजनको निमित्त एम.ए.दोस्रो वर्षकी छात्रा शान्तिकुमारी घर्तीद्वारा तयार पारिएको कुरा प्रमाणित गर्दछु । निज विद्यार्थीले अथक परिश्रम र लगनशीलताका साथ अध्ययन, विश्लेषण गरेको प्रस्तुत शोधपत्रलाई उचित मूल्याङकनका लागि त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस मानविकी सङकाय राजनीतिशास्त्र विभाग पोखरासमक्ष सिफारिस गर्दछु ।

मिति : २०७०, भदौ २०

इ.सं. 5th Sept, 2013

शोध निर्देशक

...................................

उमानाथ बराल (पिएच.डी.)

राजनीतिशास्त्र विभाग

पृथ्वीनारायण क्याम्पस,

पोखरा

# त्रिभुवन विश्वविद्यालय

# पृथ्वीनारायण क्याम्पस

# राजनीतिशास्त्र विभाग, पोखरा

# स्वीकृति-पत्र

त्रिभुनव विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत राजनीतिशास्त्र विषयको स्नातकोत्तर तहको दोस्रो वर्षको दशौँ पत्रको निमित्त शान्तिकुमारी घर्तीद्वारा **"स्थानीय निर्णय निर्माणका तहहरूमा महिला सहभागिता : सेतीदोभान गाविस, स्याङ्जा एक अध्ययन"** शीर्षकमा तयार पारिएको शोधपत्रलाई स्वीकृति प्रदान गरिएको छ ।

शोधपत्र मूल्याङ्कन समिति

१. विभागीय प्रमुख, सह-प्रा.हरिमोहन शर्मा भट्टराई ..................................

२. बाह्य परीक्षक, प्रा.डा.ज्ञान बहादुर कार्की ...................................

३. शोध निर्देशक, डा.उमानाथ बराल ...................................

मिति : २०७० भदौ २६

इ.सं. $11^{th}$ Sept. 2013

# मेरो भनाइ

हिन्दू धर्म दर्शनमा आधारित नेपाली समाजमा प्राचीन समयदेखि नै महिलालाई सीमित अधिकारहरूमा केन्द्रित गराइँदै आइरहेको पाइन्छ । अत्याधिक अधिकारका धनी पुरुषहरूलाई बनाइदै आइएको छ । यसैको फलस्वरूप महिलाहरू आजको २१ औं शताब्दीमा आइपुग्दा पनि अशिक्षा, रुढिवादी परम्परालाई त्यागी पूर्ण उन्नतिमा लाग्न सकिरहेको अवस्था छैन । शोषण, दमन अत्याचारका सिकार बन्न बाध्य छन् ।

नारी पुरुष एक रथका दुई प्राङ्ग्रा हुन् भनिन्छ । सभ्यता र मानवअधिकारको विकाससँगै राज्य तथा सरकारकातर्फबाट विभिन्न प्रकारका नियम कानुनहरू निर्माण गरी महिला र पुरुषलाई समान अधिकारहरू प्रदान गर्ने निणर्य गरिएका छन् । कानूनहरू पनि बनाइएका छन् तर पूर्ण रूपमा लागू हुन सकिरहेको अवस्था छैन । महिलालाई राजनैतिक क्षेत्रमा समान अधिकार कानुनीरूपमा दिइए तापनि उनीहरूको संलग्नता न्यून देखीन्छ । विभिन्न प्रकारका सामाजिक, आर्थिक तथा सांस्कृतिक विषयका कमी कमजोरीहरूले गर्दा निर्णय निर्माणका प्रत्येक क्षेत्रहरूमा महिला सहभागिता पुरुषभन्दा पछाडि नै रहेको देखिन्छ ।

यस विषयमा मेरो शोधपत्रले थोरै मात्रामा भए पनि प्रकाश पारेको छ । स्याङजा जिल्लाको सेतीदोभान गाविसको अध्ययन भए तापनि नेपाली समाजको समान बनोटले गर्दा सामान्यता नेपाली समाजको नै प्रतिनिधित्व गर्दछ । महिलाको राजनैतिक स्थितिमा सुधार ल्याउन उनीहरूका समस्या समाधानका साथै प्रत्येक राजनीतिक दलहरूले महिला उमेदवारीमा संविधानको प्रतिशतलाई मात्र समेट्ने गरी नभई समान रूपमा महिला उमेदबार बनाउनु पर्दछ । अनि मात्र केही मात्रामा भए पनि महिलाको राजनैतिक स्थितिमा सुधार आउन सकिन्छ यस्तै सुझाव तथा प्रश्न तथा समस्याहरूको समाबेश गरि निर्णय निर्माणमा महिला सहभागिता सेतीदोभान गा.वि.स एक अध्ययन भन्ने शोधपत्रमा सेतीदोभान गाविसका महिलाहरूको राजनीतिक सहभागितालगायत निर्णय निर्माणका विभिन्न स्थानीय निकायहरू विद्यालय व्यवस्थापन समितिहरू, उपभोक्ता, बचत समूहहरू, आमा समूहहरू, स्थानीय स्तरका गैह्रसरकारी संघ-संस्थाहरू र राजनैतिक दलहरू आदिमा महिलाको प्रतिनिधित्व तथा त्यस्ता संस्थाहरूमा नीति निर्माणमा महिलाको स्थितिका सम्बन्धमा अध्ययन गर्ने प्रयास गरिएको छ । यस शोधपत्रमा महत्वपूर्ण भूमिका मेरा आदरणीय गुरु तथा राजनीतिशास्त्र विभागको अनुसन्धान समितिका संयोजक विद्वान उमानाथ बरालज्यूको रहेको छ । उहाँले मेरो यस शोधपत्रको रूपरेखा निर्माणदेखि सामग्री सङ्कलनमा आवश्यक सुझाव र सल्लाहका साथै प्रेरणा प्रदान गर्नु भएकोमा साथै मेरो अध्ययनलाई छोटो समयमा नै पूरा गराउन मस्यौदा उपर आवश्यक एवं गहन सुझाव र

परिमार्जन एवं संशोधन गरी व्यस्तताका बाबजूद मेरो शोधपत्रमा समय दिनुभएकोमा हार्दिक आभार र कृतज्ञता व्यक्त गर्न चाहन्छु । साथै आवश्यक सुझाव व्यक्त गरिदिनु भएमोमा आदरणीय गुरु उप. प्रा.श्री ठानबहादुर क्षेत्रीज्यूप्रति पनि आभार व्यक्त गर्दछु । प्रस्तुत शोधपत्रको मस्यौदा पृथ्वीनारायण क्याम्पस राजनीतिशास्त्र विभागमा प्रस्तुत गरी त्यहाँ अन्तरवार्ताका क्रममा प्राप्त भएका सुझावहरुलाई समेत समेटेर शोधपत्रको यो परिमार्जित प्रति पेश गरेकी छु । अन्तरवार्ताका क्रममा धेरै महत्वपूर्ण र गहन सुझाव दिनुहुने विभागीय प्रमुख श्री हरिमोहन शर्मा र बाह्य परीक्षक प्रा.डा.ज्ञानबहादुर कार्कीलाई धेरै कृतज्ञता प्रकट गर्दछु ।

म सेतीदोभान गाविसका ती महिला तथा पुरुषहरूलाई धन्यवाद व्यक्त गर्न चाहन्छु, जसले मेरो यस शोधकार्य अन्तर्गत रहेका विषयबस्तु तथा अन्तर्वार्ताका प्रश्नावलीको उत्तरका लागि आफ्नो अमूल्य समयमा नहिच्किच्याइकन मलाई सहयोग पुऱ्याइदिनु भयो । यस शोधपत्रका लागि सामग्री सङ्कलनमा सहयोग पुऱ्याउने पृथ्वीनारायण क्याम्पस, पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालय पोखरा, त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय काठमाडौँका साथै निर्वाचन आयोग, काठमाडौँ, जिल्ला निर्वाचन कार्यालय स्याङजा र गाविस कार्यालय सेतीदोभान ८ प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । आफ्नो व्यस्तताको बाबजूद सल्लाह, सुझाव तथा सहयोग दिनुभएका आरदणीय गुरुहरू तोयनाथ सापकोटा र हेमराज पौडेल (श्री प्रद्युम्न पनेरु बहुमुखी क्याम्पस) प्रति पनि हार्दिक आभार व्यक्त गर्दछु ।

अन्त्यमा, मेरो यस शोधकार्यमा सम्पूर्ण रूपमा सहयोग गर्ने तथा मलाई स्नातकोत्तर तहसम्म विभिन्न परिस्थितिका बाजुद अध्ययन गराउनुहुने मेरो पूजनीय तथा आदरणीय पिता भीमलाल र माता गंगादेवी जिसीका साथै दाजु सञ्जिव जिसीप्रति हृदयगामी धन्यवाद दिन चाहन्छु साथै भाउजू सावित्री, भाइ उमकान्त, बुहारी दुर्गा र भतिजी दीपिकाप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । मलाई शोधपत्र तयार गर्न सुझाव, सल्लाह र प्रेरणा तथा समय उपलब्ध गराई सहयोग गर्नुभएकोमा बुबाआमा (सासू-ससुरा) शिव र गोमाप्रति हार्दिक धन्यवाद दिन चाहन्छु । हरेक कार्यमा तन, मन र धनले उत्साह एवं प्रेरणा प्रदान गरी साथ दिने श्रीमान् आनन्दप्रति हार्दिक आभार व्यक्त गर्दछु । यो शोधपत्र त्रिभुवन विश्वविद्यालय पृथ्वीनारायण बहुमुखी क्याम्पस, राजनीतिशास्त्र शिक्षण विभागसमक्ष आवश्यक मूल्याङ्कनका लागि प्रस्तुत गर्दछु ।

मिति २०७० भदौ ३१


शान्तिकुमारी घर्ती

रोल नं. ०३/०६६

राजनीतिशास्त्र विभाग

पृथ्वीनारायण बहुमुखी क्याम्पस, पोखरा

# विषय-सूची


| शीर्षक | पृष्ठ |
|---|---|
| सिफारिस पत्र | II |
| स्वीकृति पत्र | III |
| मेरो भनाइ | IV |
| विषय-सूची | VI |
| तालिका-सूची | IX |
| **परिच्छेद-एक : अनुसन्धानको परिचय** | **१-१३** |
| १.१ पृष्ठभूमि | १ |
| १.२ समस्या कथन | ४ |
| १.३ शोधपत्रको उद्देश्य | ६ |
| १.४ अध्ययन विधि | ७ |
| १.५ पूर्वसाहित्य समीक्षा | ८ |
| १.६ अध्ययनको सीमा | १२ |
| १.७ अनुसन्धानको औचित्य र महत्त्व | १२ |
| १.८ अध्ययनको समयसीमा | १३ |
| १.९ अध्ययन संगठन | १३ |
| **परिच्छेद-दुई : राजनीतिक सहभागिता र महिला : सैद्धान्तिक अवधारणा** | **१४-३७** |
| २.१ राजनीतिक सहभागिता, सशक्तिकरण र महिला | १४ |
| २.२ राजनीतिक सहभागिताको अर्थ | १५ |
| २.३ सहभागिताका प्रकार | १८ |
| २.४ राजनीतिक सहभागितामा प्रभाव पार्ने तत्त्वहरू | १९ |
| २.५ राजनीतिक सहभागिता र महिलावाद | २० |
| २.६ राजनीतिक सहभागिता र लोकतन्त्रबीच सम्बन्ध | २४ |
| २.७ सशक्तीकरण र महिलावाद | २६ |
| २.८ नेपालमा लोकतन्त्र र महिला सहभागिता | ३३ |
| २.९ लोकतन्त्रका स्वरूपहरू | ३४ |

२.१० लोकतन्त्रका प्रकार ३४

२.११ नेपालमा लोकतन्त्र प्राप्तिका सङ्घर्षहरू ३५

**परिच्छेद-तीन : राज्यको व्यवस्थापकीय नीति निर्माणको तहमा महिलाहरूको प्रतिनिधित्त्व ३८-४९**

३.१ नेपालमा राजनीतिक सहभागिता र महिलाको प्रतिनिधित्त्व ३८

३.२ संसदीय निर्वाचन २०४८ मा महिला प्रतिनिधित्त्व ४०

३.३ स्थानीय निर्वाचन २०४९ मा महिला प्रतिनिधित्त्व ४१

३.४ मध्यावधि निर्वाचन २०५१ मा महिला प्रतिनिधित्त्व ४२

३.५ स्थानीय निर्वाचन, २०५४ मा महिला प्रतिनिधित्त्व ४३

३.६ आम निर्वाचन, २०५६ मा महिला प्रतिनिधित्त्व ४५

३.७ संविधानसभा निर्वाचन, २०६४ र महिला सहभागिता ४६

३.८ निष्कर्ष ४८

**परिच्छेद-चार : स्याङ्जा जिल्लाको सेतीदोभान गाविसको निर्णय निर्माणका तहहरुमा महिला सहभागिता ५०-८२**

४.१ स्याङ्जा जिल्लास्तरका राजनीतिक संगठनहरुमा महिला सहभागिता ५०

४.२ स्याङ्जा जिल्लामा मतदाता सङ्ख्यासम्बन्धी विवरण ५१

४.३ अध्ययन क्षेत्रको परिचय ५२

४.४ स्याङ्जा जिल्लाको सेतीदोभान गाविसको निर्णय निर्माणका तहहरुमा महिलाको राजनीतिक सहभागिता तथ्याङ्क प्रस्तुति र विश्लेषण ५७

४.४.१ स्थानीय निर्वाचन, २०४९ मा महिला प्रतिनिधित्व ५८

४.४.२ गाविस चुनाव, २०५४ मा महिला प्रतिनिधित्व ५९

४.४.३ शिक्षाका आधारमा महिला वर्गीकरण ६१

४.४.४ लैङ्गिक समानता र सहभागितामा महिला ६२

४.५ सेतीदोभान गाविसमा रहेका नीति निर्माणका तह तथा स्वरूपहरू ६३

४.५.१ स्थानीय राजनीतिक सङ्गठनमा महिला प्रतिनिधित्त्व ६५

४.५.२ नेपाल कम्युनिष्ट पार्टी एमाले गाउँ कमिटी विवरण ६६

४.५.३ नेपाली काँग्रेस गाउँ कमिटी विवरण ६७

४.५.४ एकीकृत नेपाल कम्युनिष्ट पार्टी माओवादी गाउँ कमिटी विवरण ६७

४.५.५ स्थानीय राजनीतिक दलहरूमा महिला सहभागिता ६८
४.५.६ निर्णय निर्माणका स्थानीय निकायहरूमा सेतीदोभान गाविसका महिलाहरूको प्रतिनिधित्व ६९
४.५.७ स्थानीय निर्णय निर्माणमा महिलाको भूमिका र अभिमतहरु ७०
४.५.८ नेतृत्व परिवर्तन सम्बन्धमा प्राप्त जानकारी ७४
४.५.९ समावेशी प्रजातन्त्र, लोकतन्त्र र महिला सशक्तिकरण सम्बन्धमा ७५
४.५.१० महिला सहभागिता वृद्धि सम्बन्धमा ७५
४.५.११ राजनीतिक, आर्थिक, सामाजिक अवस्थासम्बन्धी प्राप्त जानकारीहरू ७७
४.५.१२ महिलाको नीति निर्माणको तहमा पहुँच बढाउनको लागि प्राप्त मतहरू ७८
४.६ निष्कर्ष ८०
**परिच्छेद-पाँच : उपसंहार** **८३-८८**
५.१ निष्कर्ष ८३
५.२ सुझाव ८८
**सन्दर्भ सूची** **८९**
**अन्तरवार्ता सूची** **९२**

# तालिका-सूची


| तालिका | शीर्षक | पृष्ठ |
|---|---|---|
| ३.१ | पार्टीगत उमेदवारी (आमनिर्वाचन, २०४८) | ४० |
| ३.२ | स्थानीय निर्वाचन २०४९ मा विजयी महिला प्रतिनिधित्व | ४१ |
| ३.३ | मध्यावधि निर्वाचन २०५१ मा उमेदवारीको विवरण | ४२ |
| ३.४ | स्थानीय निर्वाचन, २०५४ मा विजयी महिला | ४४ |
| ३.५ | पार्टीगत महिला उमेदवार, २०५६ | ४५ |
| ३.६ | संविधानसभा निर्वाचन, २०६४ मा महिला प्रतिनिधित्व | ४६ |
| ४.१ | स्याङ्जा जिल्लास्तरका राजनीतिक संगठनमा महिला सहभागिता | ५० |
| ४.२ | स्याङ्जा जिल्लाको मतदाता सङ्ख्या विवरण | ५१ |
| ४.३ | जनसङ्ख्या विवरण | ५३ |
| ४.४ | सेतीदोभान गाविस जातिगत विवरण | ५६ |
| ४.५ | गाविस निर्वाचन, २०४९ मा महिला उम्मेदवारी | ५८ |
| ४.६ | स्थानीय निर्वाचन, २०४९ मा महिला प्रतिनिधित्व | ५९ |
| ४.७ | गाविस निर्वाचन, २०५४ मा महिला प्रतिनिधित्व | ६० |
| ४.८ | शिक्षाका आधारमा महिला वर्गीकरण | ६१ |
| ४.९ | लैङ्गिक समानता र महिला सहभागिता | ६२ |
| ४.१० | एमालेको गाउँस्तरीय संगठनमा महिला पुरुषको प्रतिनिधित्व | ६६ |
| ४.११ | गाउँस्तरीय कमिटीमा नेपाली काँग्रेसमा महिला पुरुष प्रतिनिधित्व | ६७ |
| ४.१२ | गाउँस्तरीय कमिटीमा एकीकृत नेकपा माओवादीमा महिला पुरुषको प्रतिनिधित्व | ६७ |
| ४.१३ | सेतीदोभान गाविसका निर्णय निर्माणका स्थानीय निकायहरूमा महिलाहरूको प्रतिनिधित्व | ६९ |

*परिच्छेद-एक*

# अनुसन्धानको परिचय

## १.१ पृष्ठभूमि

परम्परागत र शास्त्रीय परिभाषाका रूपमा जनताको, जनताद्वारा र जनताहरूको लागि गरिने शासन व्यवस्थालाई प्रजातान्त्रिक शासन व्यवस्था भनिन्छ । यो परम्परागत परिभाषाले मानव सभ्यताको पछिल्लो युगमा त्यत्ति महत्त्व राख्दैन किनकि कुनै एक वर्ग विशेष वा राजनीतिक र शासकीय अविभाज्य समूहले जनताको, जनताद्वारा र जनताको लागि भनेर आवधिक निर्वाचन गरी वा नगरी  प्रजातन्त्र एकपक्षीय उपभोग गरिराखेको हुन्छ । साथै यसै आधारमा राज्यका तल्लोतहदेखि माथिल्लो निकायसम्ममा आफ्नो निरन्तर प्रभाव र प्रभुत्व कायम गर्दै नीति निर्माण र स्रोतसाधनमा पहुँच बनाइराख्नु पर्दछ । जबकि अर्कोतर्फ विशाल जनताकै नाममा आदर्श नागरिक भने रुमलिरहेको हुन्छ । त्यतिमात्रै नभइ यो सिद्ध कुरा हो कि मानव समाजमा स्वतन्त्र जन्मेपछि ऊ आफैलाई चारैतर्फ बन्धनमा पाउँदछ भन्ने रुसोको भनाइ (बराल, २०५८) देखि मानवीय समाजका संरचना हेर्दा समाजमा बहुलरूप र विविधता छ । धेरै प्रकारका सामाजिक र राजनीतिक बन्धनबाट मानिसहरू बाँधिएका छन् । त्यसै आधारमा पृथक पहिचान र अस्तित्वका आधारमा महिला, पुरुष, जातजाति, धर्म, क्षेत्र, सम्प्रदाय र राजनीतिक विचारधारा आदि आधारमा मानिसहरू विभाजित भएका हुन्छन् । आज यी सबै तह तप्काका जनताको हित र स्वार्थ पूर्तिका लागि प्रजातन्त्र क्रियाशील छ वा छैन ? त्यस्तै सबै प्रकारका जनताको राज्यका नीति निर्माण तथा स्रोतसाधनहरूमा सरल र सहज पहुँच छ छैन ? त्यसका आधारमा मात्रै प्रजातन्त्रको परिभाषा गरिनुपर्दछ । प्रजातन्त्र प्रक्रिया र कार्यक्रमको अर्थमात्रै हैन, सारमा यसले सबैखाले जनताको हित, रक्षा गऱ्यो गरेन र जनहितका लागि के उपलब्धि र अवसरहरू जुटाइरहेको छ भन्ने अर्थ नै वास्तवमा प्रजातन्त्रको सार हो ।

आजको एक्काइसौं शताब्दीसम्म आइपुग्दा प्रजातान्त्रिक शासन व्यवस्था मानव समाजको पर्याय बनेको छ । राजनीतिक व्यवस्थाका विभिन्न तहमा हुने व्यक्ति तथा

समूहहरूको सहभागितालाई राजनीतिक सहभागिता भनिन्छ । समयको गतिसँगै समाजको आधुनिकीकरण र विकासले गर्दा जनताहरू शिक्षित बन्दै गएका कारण आफ्ना अधिकारप्रति सजग बन्दै गएका छन् । विभिन्न क्षेत्रमा जनसहभागिता वृद्धि हुँदै गएको छ जसको फलस्वरूप विश्वका जुनसुकै राष्ट्रमा पनि प्रजातन्त्रबिरोधी शासन व्यवस्था टिक्न सक्ने अवस्था रहेको पाइँदैन ।

प्रजातन्त्रमा राजनीतिक सहभागिताद्वारा नागरिकहरूले संगठित हुने, प्रतिनिधित्व गर्ने, मत दिने, नीति निर्माण तथा कार्यान्वयन गर्नेजस्ता विभिन्न तह तथा पक्षमा प्रभाव पार्दछन् । आर्थिक, सामाजिक अवस्थाका साथै सामाजिक संरचनाले निर्णय निर्माणका विभिन्न तहमा सहभागितामा असर पार्छ । राष्ट्र धनी वा गरिब जुनसुकै भए तापनि अवसरको असमान वितरणका कारण राजनीतिक वा विभिन्न क्षेत्रमा सहभागिता नहुन सक्छ । जाति, रंग, धर्म, लिङ्ग यस्तै राजनीतिक, आर्थिक, सामाजिक अवस्था आदिको आधारमा विभिन्न स्थानमा निर्णय निर्माणमा सहभागिताको निर्धारण हुन्छ । सबैमा समानता र स्वतन्त्रता प्रदान भएमा सहभागिता दर उच्च हुन जान्छ ।

नेपालको राजनीतिक सहभागिताको ऐतिहासिक अध्ययन एकीकरणबाट गर्नु उपयुक्त रहन्छ किनकि यस अगाडि देश स-साना राज्यमा विभाजित रहेकोले तिनीहरूका विभिन्न राजनीतिक, आर्थिक, सामाजिक अवस्था समान नभएको हुँदा अध्ययन गर्न जटिल देखिन्छ । राजा पृथ्वीनारायण शाहको पालामा (सन् १७४३-१७७५) नेपालको निर्णय निर्माण प्रक्रियामा पाण्डे, अर्याल, पन्त, खनाल, राना, बोहोराको प्रमुख सहभागिता भएको पाइन्छ । यस्तै त्यसपछि १०४ वर्ष लामो राणाशासन सन् १८४६-१९५० मा राणाको चाकरी, चाप्लुसी गर्नेलाई मात्र राजनीतिक तथा प्रशासनिक जिम्मेवारी दिइएको इतिहासबाट अवगत हुन्छ । सन् १९५० मा प्रजातन्त्रको आगमन भए पनि लामो समय टिक्न नसकेपछि सन् १९६० मा राजा महेन्द्रले जननिर्वाचित सरकार र संसद विघटन गरी एकदलीय पञ्चायत व्यवस्था सुरु गरेका थिए । उक्त व्यवस्था जनपक्षीय नभएका कारण वि.सं. २०४६ सालमा प्रजातन्त्रको पुनर्बहालीपछि मात्र नेपालमा राजनीतिक सहभागिताको वातावरण बनेको पाइन्छ । नेपाल अधिराज्यको संविधान २०४७ ले राजनीतिक सहभागितालाई आत्मसात गरेकोमा अझ विस्तृत र समावेशी स्वरूपका रूपमा नेपालको अन्तरिम संविधान २०६३ मा समावेशी लोकतन्त्रको सिद्धान्तलाई अगाडि बढाएको पाइन्छ । जनसहभागितालाई मूर्तरूप दिन तीन पटक (वि.सं. २०४८, २०५१ र २०५६) आमनिर्वाचन भैसकेका छन् भने धेरैभन्दा धेरै

जनताको सहभागितामा महिलालगायत समाजका विभिन्न क्षेत्रलाई प्रतिननिधित्व हुने गरी समावेशी लोकतन्त्रको अभ्यासका क्रममा २०६४ चैतमा संविधानसभाको पनि निर्वाचन भएको छ । यस्तै वि.सं. २०४९ र २०५४ सालमा दुई पटक नेपाली जनताहरू स्थानीय निकायको निर्वाचनमा पनि स्थानीय स्वशासनको लागि सहभागी भएका छन् ।

नेपालको प्रजातान्त्रिक कालखण्डको राजनीतिक सहभागिताको इतिहास नियाल्दा जनसङ्ख्याको ठूलो भागका रूपमा रहेका महिलाहरूमा पुरुषको दाँजोमा नीति निर्माण र शासनमा प्रतिनिधित्व र सहभागितामा ज्यादै न्यून देखिन्छ । महिलाहरूले राजनीतिक अधिकारप्रति, निर्णय निर्माणमा सहभागिताको लडाइँदेखि सामाजिक र लैङ्गिक विभेदविरुद्ध प्रजातन्त्रको इतिहासभन्दा धेरै पहिलेदेखि नै अभियानहरू थालनी गरीआएको पाइन्छ । नेपालको एकीकरणदेखि ब्रिटिस-इण्डियाबिरुद्धको लडाइँको मोर्चा, नालापानीको युद्धमा महिलाहरूको उल्लेख्य सहभागिता पाइन्छ । महिलाका हक अधिकारका लागि वि.सं. १९७५ मा महिला समिति गठन भएको थियो (पौडेल, २०६३) । त्यस्तै २००४ सालमा मङ्गलादेवी सिंहको अध्यक्षतामा महिला स्वतन्त्रता र समानता प्राप्त गर्ने उद्देश्यले नेपाल महिला सङ्घको स्थापना भयो । महिलालाई उमेदवार हुनमात्रै नभै मत दिन पनि वञ्चित गरिएको कानुनी व्यवस्था थियो । त्यसको बिरोधमा तत्कालीन महिलावादीहरू प्रधानमन्त्री पद्मशमशेरसमक्ष आफ्ना माग पेस गरी माग पूरा गराउन सफल भए । यसरी नेपाली महिलाले निर्वाचनमा मत हाल्न पाउने अधिकार पाई महिला सहभागिताको शुभारम्भ भएको पाइन्छ (सुवेदी २०४८:२१)। तर महिला सहभागिताको राजनीतिक इतिहास यसरी सुरुवात भए तापनि २०१५ सालमा भएको आमनिर्वाचन, २०४८, २०५४ र २०५६ का आमनिर्वाचनहरूलगायत २०४९ र २०५४ का स्थानीय निर्वाचनमा महिलाको मतदानका रूपमा सहभागिता रह्यो तर निर्णय निर्माणमा खासै उल्लेख्य सहभागिता रहेको देखिँदैन । यसै परिप्रेक्ष्यमा २०६२/०६३ सालको लोकतान्त्रिक आन्दोलनले मात्रै समावेशी प्रजातन्त्रको धारणा अगाडि ल्यायो । फलस्वरूप २०६४ सालको संविधानसभाको निर्वाचनमा विगतका दाँजोमा महिलाहरूको नीति निर्माणमा उल्लेख्य उपस्थिति रहेको पाइन्छ । महिला अधिकारकर्मीहरू र उनीहरूका सङ्गठन सामाजिक क्षेत्रका विविध स्वरूपमा रहेका लैङ्गिक विभेदहरू हटाउन आन्दोलनरत् छन् । साथै आफ्नो मतशक्तिको अनुपातिक प्रतिनिधित्वको अभियानमा लागिपरेकै छन् ।

महिलाहरूको स्थानीय सहभागिता, नेतृत्व विकास र परिचालन भएमा मात्रै केन्द्रीयरूपमा राज्यको शासनसंयन्त्रको संरचनामा सहभागिता र पहुँच स्थापना गराउन सक्दछन् । जसबाट राज्यको नीति निर्माणमा आफ्नो भूमिका र प्रभाव देखाउन सक्षम हुन्छन् । यसर्थ स्थानीयस्तरमा महिलाहरूको राजनीतिक परिचालन उनीहरूमा आएको राजनीतिक परिवर्तन, स्थानीय शासन र नीति निर्माणका तहमा उनीहरूको प्रतिनिधित्व र पहुँचले मात्रै समग्ररूपमा महिलाको राजनीतिक विकासको ढोका खोल्ने कुरामा सन्देह नहोला । त्यसैले स्थानीय तहको निर्णय निर्माणमा महिलाको सहभागिता कस्तो रहेको छ भन्ने अध्ययन आफैमा महत्त्वपूर्ण देखिन्छ । प्रस्तुत शोध अध्ययन यसै श्रृङ्खलाको एउटा कडीको रूपमा रहेको छ ।

## १.२ समस्या कथन

महिलाहरूको प्रतिनिधित्त्व सरकारमा सहभागिताको विश्वस्तर हेर्दा नै पुरुषको तुलनामा न्यून छ । पछिल्लो समयमा महिला सरकार र राष्ट्रप्रमुखका रूपमा निर्वाचत हुने परिपाटी कायम हुँदै गएको पाइन्छ । हाल राष्ट्रिय सरकारका प्रमुखका रूपमा २० देशहरूमा महिला छन् । त्यस्तै विश्वव्यापी रूपमा राष्ट्रियस्तरका संसदमा महिलाको प्रतिनिधित्व २० प्रतिशत छ (पौडेल, २०६३) । धेरै देशहरूमा स्थानीय सरकारदेखि राष्ट्रिय सरकारसम्म महिलाको प्रतिनिधित्व बढाउने व्यवस्था भैरहेको छ । यसबाट महिलाको सशक्तिकरण हुन्छ, राजनीतिमा र निर्णय निर्माणमा सहभागितामा वृद्धि हुन्छ र लैङ्गिक विभेद कम हुन्छ । यसप्रकारको महिला सहभागिता र सशक्तिकरणमा राजनीतिक सहभागिता, समावेशीता र महिलावादी सिद्धान्तहरू आकर्षित हुन्छन् । आजकल यसप्रकारको महिला सशक्तिकरणलाई मानवीय सक्षमता दृष्टिकोण (Human Capabilities Approach) भनिन्छ । जसबाट मानिसको राजनीतिकलगायत विविधरूपमा सशक्तिकरण भएको पाइन्छ र आफ्नो मानवीय व्यक्तित्वलाई महत्त्वपूर्ण देखाउने कार्य हुन्छ (www.womenin government.com) ।

नेपालको राजनीतिमा महिला सहभागिताको प्रसङ्ग उठाउँदा प्रजातन्त्रको पहिलो अभ्यासबाटै (२००७ र २०१५) यसतर्फ नियाल्नुपर्ने हुन्छ । २०१५ साल फागुनबा भएको प्रतिनिधिसभाको आमनिर्वाचनमा कूल १०९ सङ्ख्याका लागि ५ स्वतन्त्र र २ दलगत गरी ७ जना महिला उमेदवार भए पनि कसैले विजय प्राप्त गर्न सकेनन् (पौडेल, २०६३) । २०४६ सालको परिवर्तनपछि बनेको नेपाल अधिराज्यको संविधान २०४७ ले महिलाको प्रतिनिधित्व

प्रतिनिधिसभामा कम्तिमा ५ प्रतिशत उमेदवारी हुनुपर्ने संवैधानिक व्यवस्था गऱ्यो । जसको कारण यसपछि भएका तीन वटा आमनिर्वाचतमा ८१ महिला उमेदवार थिए । जहाँ छ जना (२.९ प्रतिशत) ले प्रतिनिधित्त्व पाए । त्यस्तै २०५१ सालमा भएको आमनिर्वाचनमा ८६ जना महिला उमेदवार भएकोमा ७ (३.४ प्रतिशत) र २०५६ सालमा कूल १४३ उमेदवारीमा १२ (५.८ प्रतिशत) महिलाहरूको राष्ट्रिय विधायिकाको नीति निर्माणमा सहभागिता र प्रतिनिधित्त्व रह्यो (पौडेल, २०६३) ।

२०६२/०६३ सालको उल्लेखनीय जनप्रदर्शनमा लाखौ महिलाहरूको समेत सहभागिता रह्यो र विशेष सफलता प्राप्त गरी नेपालमा लोकतान्त्रिक गणतन्त्र स्थापना हुन गयो । समावेशी मूल माग र अपेक्षा गरिएको यस आन्दोलनकै कारण महिलाहरूले आफ्नो प्रतिनिधित्त्वका लागि सशक्त अभियान चलाए । फलस्वरूप ३३ प्रतिशत महिला सहभागिताको सुनिश्चित गरियो । जसलाई नेपालको अन्तरिम संविधान २०६३ को धारा ३५ (१४) र धारा ६३ त्यस्तै संविधानसभा निर्वाचनसम्बन्धी ऐन २०६३ ले कानुनी व्याख्या गऱ्यो । यसप्रकारको राजनीतिक र कानुनी आरक्षणकै कारण संविधानसभा र व्यवस्थापिका संसदमा नाटकीय परिवर्तन भयो । जहाँ कूल ६०१ सदस्य सङ्ख्यामध्ये १९७ सङ्ख्या (३२.८ प्रतिशत) महिलाको प्रतिनिधित्त्व रह्यो । यसरी केन्द्रीय तहको नीति निर्माणको मुख्य स्थान व्यवस्थापिकामा महिलाहरूको सहभागिता र प्रतिनिधित्वमा क्रमशः उल्लेख्य वृद्धि भएको पाइन्छ ।

महिलाको समग्र राजनीतिक विकास र सशक्तिकरण आफ्नै घरगाउँबाट हुनु जरुरी छ । स्थानीयरूपमा महिला सशक्त र सवल भएमात्रै राष्ट्रिय राजनीतिमा उनीहरूको अपेक्षित र बलियो भूमिका तयार रहन्छ । त्यसैले स्थानीयस्तरमा महिलाको राजनीतिक परिचालन र प्रतिनिधित्व एवम् सहभागिताले लैङ्गिक विभेदलाई अन्त्य गराउन मद्दत पुऱ्याउँछ । नेपालमा २००४ सालमा स्थानीय नगरपालिकामा महिलाहरूले आन्दोलनमार्फत् मताधिकार प्राप्त गरेका थिए । २०४९ सालको स्थानीय निकायमा पुरुष प्रधान समाजमा महिलाप्रति राजनीतिक उदारता देखिँदैन । बरु २०५४ सालमा भएको स्थानीय स्वायत्त शासन ऐनको व्यवस्थाले स्थानीय गाउँ नगर तथा जिल्ला सरकारमा महिलाहरू एक चौथाई प्रतिनिधित्वलाई सुनिश्चित गऱ्यो । फलस्वरूप महिलाहरूको यी निकायमा सहभागितामा वृद्धि भयो । खासगरी २०६२/०६३ सालको जनआन्दोलनको सफलतापछि लोकतान्त्रिक गणतन्त्रको स्थापनासँगै महिलाहरूमा राजनीतिक परिचालन भयो । महिला सशक्तिकरणका

विविध ढोकाहरू खुल्न गए र स्थानीयस्तरमा महिलाहरूको सहभागितामा उल्लेख्य वृद्धि भएको पाइन्छ । यही चेतना र लैङ्गिक समानता र समावेशी लोकतन्त्रका कारण महिलाहरूले विभिन्न आमा समूहहरू स्थापना गर्न थाले । विभिन्न उपभोक्ता समितिहरू, विद्यालय व्यवस्थापन समिति र जनसरोकारका स्थानीय निकायहरूमा क्रमशः आफ्नो प्रतिनिधित्व माग गर्दैआएका छन् र सहभागिता बढाइरहेका छन् (सुवेदी २०४८, अस्मिता २०५०-२०६५, कार्की २०६८, घिमिरे २०६५, थापामगर २०६७) । यसै परिप्रेक्ष्यमा महिलाहरूको स्थानीय स्तरमा के कस्तो प्रतिनिधित्त्व र सहभागिता रहेको छ ? स्थानीय तहमा नीति निर्माणमा के कस्ता सम्भावनाहरू छन् ? उनीहरूको राजनीतिक सहभागिता र नीति निर्माणमा के कस्ता धारणा रहेका छन् ? समावेशी लोकतन्त्रको समग्र मूल्याङ्कन उनीहरूले के कसरी गरेका छन् ? भन्ने अनुसन्धानात्मक प्रश्नहरूले स्थानीय स्तरमा महिलाको राजनीतिक चेतना, प्रतिनिधित्त्व सहभागितादेखि उनीहरूको सशक्तिकरणमा उल्लेखनीय अर्थ राख्छ । यिनै समस्यागत प्रश्नहरूको उत्तर स्याङ्जा जिल्लाको सेतीदोभान गाविसका महिलाहरूका बीचमा खोज्ने प्रयास गरिएको छ ।

## १.३ शोधपत्रको उद्देश्य

स्थानीयस्तरको निर्णय निर्माणमा महिला सहभागिताको विविधस्वरूप र तहको अध्ययन विश्लेषणका क्रममा स्याङ्जा जिल्लाको सेतीदोभान गाविसको शोध अध्ययन गर्नु यस शोधपत्रको सामान्य उद्देश्य रहेको छ । यसका अलावा निम्नलिखित विशेष उद्देश्यहरू रहेका छन् :

१) सेतीदोभान गाविसमा नीति निर्माणमा रहेका संरचना र स्वरूपहरूका बारेमा खोजी गर्नु ।

२) गाविसका नीतिनिर्माणका निकायहरूमा महिलाको सहभागिता, भूमिका र प्रतिनिधित्वको विवरण उपलब्ध गराउनु ।

३) स्थानीयस्तरमा महिलाहरूको राजनीतिक सहभागिता र नीतिनिर्माणमा धारणाका बारेमा खोजी गर्नु ।

४) समावेशी लोकतन्त्र र महिलाको सहभागिता र सशक्तिकरणका सन्दर्भमा उनीहरूको धारणा, सोचाइ र मूल्याङ्कनको विश्लेषण गर्नु ।

५) महिलाको सशक्तिकरणका लागि उनीहरूका सुझावहरूको अध्ययन गर्नु ।

## १.४ अध्ययन विधि

प्रस्तुत अध्ययनमा स्थानीयस्तरको निर्णय निर्माणमा महिला सहभागिता र प्रतिनिधित्वका बारेमा विवरण दिनुपर्ने र उनीहरूको भूमिका र अवधारणाका बारेमा अध्ययन विश्लेषण गर्नुपर्ने भएकोले प्रस्तुत अध्ययन मूलतः विवरणात्मक र विश्लेषणात्मक ढाँचामा गरिएको छ । यसका अलावा यस अध्ययनमा निम्नलिखित विधिहरू प्रयोग गरिएको छ :

क) तथ्याङ्कको प्रकार : यस अध्ययनमा स्थानीयस्तरमा रहेका नीति निर्माणका सङ्गठन तथा संरचनामा महिलाको प्रतिनिधित्त्व र सहभागिताको स्थिति र विवरण प्रस्तुत गर्नुपर्दा मात्रात्मक (Quantitative) र उनीहरूका अवधारणा र बुझाइको विषयबस्तु सङ्कलन गर्नुपर्ने भएकोले गुणात्मक (Qualitative) प्रकारका तथ्याङ्कको प्रस्तुति गरिएको छ । यसरी तथ्याङ्कहरूको प्रकृति गुणात्मक तथा मात्रात्मक दुबै रहेको छ ।

ख) तथ्याङ्कको स्रोत : उपलब्ध विवरण र अभिलेखबाट स्थानीय निकायहरूमा महिलाको सहभागिताका तथ्याङ्क संकलन गर्नुपर्ने भएकोले द्वितीय स्रोत (Secondary Sources) को प्रयोग गरिएको छ । महिलाहरूको सहभागिता र प्रतिनिधित्व एवम् समावेशी लोकतन्त्रका बारेमा अभिमत मौलिकरूपमा संकलन गर्नुपर्ने भएकोले प्राथमिक स्रोत (Primary Sources) का तथ्याङ्कहरू पनि प्रयोग गरिएको छ । यसरी तथ्याङ्क सङ्कलनका लागि प्राथमिक र द्वितीय दुबै स्रोतहरूको प्रयोग गरिएको छ ।

ग) अन्तर्वार्ता : प्रस्तुत शोध अध्ययनमा महिलाको निर्णय निर्माणका तहहरूमा सहभागिता मूल्याङ्कन र उनीहरूका अवधारणाबारे प्राथमिक स्रोतबाट तथ्याङ्कहरू र सूचनाहरू सङ्कलन गर्नु परेकोले सम्बन्धित स्थानीय महिला अभियन्ताहरूसँग गहन अन्तर्वार्ता विधि प्रयोग गरिएको छ । यस्ता अन्तर्वार्ता विशेष सूचनादाताहरू (Key informants) सँग मात्र गरिएको छ । यस सन्दर्भमा स्थानीय तहको नीति निर्माणका रूपमा रहेका प्रमुख ३ राजनीतिक दल, स्थानीय सरकार, महिला समूह, उपभोक्ता समिति र विद्यालय व्यवस्थापन समितिका महिला पदाधिकारीहरू १० जनासँग र २ जना सामान्य महिला मतदाताहरूसँग सम्बन्धित विषयबस्तुका बारेमा गहन अन्तर्वार्ता गरिएका छन् ।

घ) अवलोकन : अन्तर्वार्ता र तथ्याङ्क सङ्कलनका क्रममा नीति निर्माणका स्थानीय तहहरूमा महिलाको सहभागिता र भूमिकाका बारेमा शोधकर्ता स्वयम्ले असहभागी

अवलोकन गरेको छ । यसप्रकारको अवलोकनबाट आवश्यक सूचना सङ्कलन र प्राप्त तथ्याङ्कको प्रमाणीकरणका लागि सहयोग पुगेको छ ।

ङ) तथ्याङ्कको प्रस्तुति र विश्लेषण : शोध अध्ययनको क्रममा प्राप्त प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई व्यवस्थितरूपमा आवश्यकताअनुसार तालिका र विषयबस्तु विश्लेषणद्वारा प्रस्तुति र विश्लेषण गरिएको छ । विषयबस्तुको विवरण र विश्लेषणका क्रममा विभिन्न शीर्षक र उपशीर्षकमा विभक्त गरी प्रस्तुत अध्ययन गरिएको छ ।

## १.५ पूर्वसाहित्यको समीक्षा

राजनीतिक व्यवस्थाका विभिन्न तहहरूमा व्यक्ति तथा समूहको प्रवेश नै राजनीतिक सहभागिता हो । जहाँ नागरिकहरू चुनावमा लड्छन्, सरकारी नीतिलाई प्रभावित गर्न हित या दबाब समूहद्वारा प्रयत्न गर्दछन् । नीति निर्माण एकाइमा पुग्नका लागि सङ्गठित हुने गलत सरकारी कार्यक्रम र नीतिको विरोध गर्नेजस्ता गतिविधि राजनीतिक सहभागिताभित्र पर्दछन् । पश्चिमी विद्वानहरू नीति निर्माता बन्ने र छान्ने कार्यमा व्यक्तिको संलग्नतालाई राजनीतिक सहभागिता भन्छन् भने बामपन्थीहरू पार्टी वा शासकद्वारा निर्धारित गरिएका नीतिको कार्यान्वयन प्रक्रियामा संलग्नता पनि राजनीतिक सहभागिता भनेको पाइन्छ । रवर्ट डालको मतअनुसार व्यक्ति राजनीतिमा सहभागी हुने कारणहरूमा पुरस्कार, विकल्प महत्त्वपूर्ण लागेमा, परिणाम बदल्न सक्छ भन्ने लागेमा, ज्ञान सीप अरुको भन्दा बढी छन् भन्ने लागेमा र बन्धनहरू कम छन् भने राजनीतिमा सहभागिता बढ्छ भनेको पाइन्छ (Dahl:1991)।

निर्णय निर्माणका विभिन्न तहहरूमा महिला सहभागिता वृद्धि हुनका लागि लैङ्गिक असमानताको अन्त्य हुनुपर्छ । यस्तै महिला सशक्तिकरण हुन आवश्यक छ । नेपाल सरकारले कानुन त बनाएको छ तर कार्यान्वयन गर्ने निकायमा बसेका व्यक्तिहरूको पितृसत्तावादी चिन्तनका कारण महिला हिंसा बढ्दो छ । महिलाबिरुद्ध हुने विभिन्न भेदभाव उन्मूलनका लागि विभिन्न महासन्धि बनेका छन् जस्तै भेदभाव उन्मूलन महासन्धि (सिड) १९७९ (कार्की, २०६८) ।

१) महिलाको सरकारमा प्रतिनिधित्व बढ्नु भनेको उनीहरूको सशक्तिकरण हुनु हो । (UNICEF 2006. www.unicef.org/sowcot/report.php)

महिलाहरूको सरकारमा प्रतिनिधित्त्व वृद्धिलाई UNICEF ले महिला सशक्तिकरण हुनु हो भन्दै परिभाषित गरेको छ ।

२) लैङ्गिक विभेदका लागि महिलाको सरकारमा प्रतिनिधित्त्व आवश्यक छ । (http://www.unicef .org/millenniumgoals/gender.shtm)

३) यसप्रकारको महिलाको सशक्तिकरण मानवीय क्षमता दृष्टिकोण (Human Capabilities Approach) बाट जग तयार भएको हुन्छ । जसबाट सहभागिताहरूमा महिलाहरू पुरुषसरह समान छन् । उनीहरूले पनि कानुनद्वारा प्रदत्त समानता र स्वतन्त्रताको हक नैसर्गिक हकका रूपमा पाउनुपर्छ भन्ने धारणा महिलावादको हो ।

महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा आधिकारिक सहभागी बनाउने नीति राज्यले अवलम्बन गर्ने छ भनी नेपालको अन्तरिक संविधान २०६३ ले व्याख्या गरेको छ तर सफल भएको छैन । महिला र पुरुषका बीचमा विद्यमान रहेको जैविक भिन्नताबाहेक समाजले कोरिदिएको अर्को छुट्टै सीमारेखा जसलाई लैङ्गिक विभेदको संज्ञा दिने गरिएको छ (कार्की, २०६८) ।

प्लेटोबाट महिलावादको अवधारणा सुरु भएको हो । उनले महिला समानता, महिलालाई सार्वजनिक जीवनमा प्रवेश र महिलावादको प्रश्न उठाएको पाइन्छ । यस्तै हब्सले पनि तत्कालीन समयमा उदार विचार राखेको पाइन्छ । रुसोको मानिस स्वतन्त्र जन्मन्छ, जन्मेपछि चारैतिर बन्धनमा पर्दछ भन्ने बहुचर्चित कथन तथा सामान्य इच्छा सबै नागरिकको समान हुन्छ (General will  favours all citizens equally) भन्ने भनाइले महिलाको बारेमा भेदभाव पक्ष नरहेको पाइन्छ । महिलावादको स्थापनाका लागि महिलाहरूले ३ चरणका आन्दोलन गरेका छन् । प्रथम् र दोस्रो चरणका आन्दोलन यूरोप र अमेरिकाबाट र तेस्रो चरणको आन्दोलन संयुक्त राष्ट्रसङ्घ र यसका निकाय र महिला राष्ट्रिय, अन्तर्राष्ट्रिय सङ्गठनहरू र महिला आन्दोलनका नेतृहरूको सक्रियतामा भएको थियो (कार्की, २०६८) ।

वैज्ञानिक शोधकार्यका लागि विगतमा भएको शोध अनुसन्धानले जगको कार्य गर्ने भएकोले उक्त विगतका सामग्रीहरू पनि उल्लेख गर्नु उपयुक्त रहन्छ ।

१) राजनीतिमा महिला सहभागिता-लामाचौर, ज्योति पौडेल (२०६३)

२) स्थानीय निर्वाचनमा महिला सहभागिता तनहुँ, ईश्वर सुवेदी (२०५८)

३) नेपालको राजनीतिमा महिला सहभागिता, घराना थकाली (२०६४)

४) Women's Participation in constituent Assembly in Nepal, Geeta Sharma (2009)

५) स्याङ्जा जिल्लाको स्थानीय निकायमा महिलाको राजनीतिक सहभागिता-गोविन्द रानाभाट (२०६०)

६) महिलाबिरुद्ध भेदभाव-पोखरा, मैनादेवी रावत (२०५९)

७) स्थानीय नेतृत्वमा पुतलीबजार नगरपालिका-हरिप्रसाद ढकाल (२०५५)

८) स्थानीय राजनीतिमा महिला सहभागिता बाग्लुङ -आनन्दराम गौतम (२०६२)

९) जनजाति महिलाहरूको सशक्तिकरण-पोखरा, जुनाकुमारी गुरुङ, २०६२

१०) स्थानीय राजनीतिमा नेतृत्वको प्रभाव-पोखरा, दीपेन्द्रमणि लामिछाने (२०६०)

११) नेपालमा लोकतन्त्र र संविधानसभा निर्वाचन महिला सहभागिता र प्रतिनिधित्त्व-प्रेमराज पौडेल (२०६८)

माथि प्रस्तुत अनुसन्धानहरू संहिताहरू राजनीतिशास्त्र विभाग (पृथ्वीनारायण क्याम्पस, पोखरा, त्रिवि) मा विभिन्न समयमा शोधार्थीहरूद्वारा प्रस्तुत गरिएका शोधपत्रहरू हुन् । जसबाट महिलाको राजनीतिक प्रतिनिधित्व, स्थानीय राजनीति, सरकार र केन्द्रीय निकायमा उनीहरूको उपस्थितिबारेमा जानकारी उपलब्ध भएको छ तर उपरोक्त शोधपत्रहरू हेर्दा स्याङ्जा जिल्लाको सेतीदोभान गाविसको स्थानीयस्तरको नीति निर्माणमा महिलाको सहभागिताको स्थितिका बारेमा हालसम्म कुनै शोधकार्यहरू भएको पाइँदैन । माथि प्रस्तुत गरिएका अनुसन्धानका अलावा नेपालमा महिला र लैङ्गिक विभेदसम्बन्धी विभिन्न प्रकाशनहरू भएका छन् । जसमा नारी, अस्मिता, छापामा महिला, लैङ्गिक र महिलावादी अध्ययन, लैङ्गिक समानता, जनयुद्ध, संविधानसभा र महिला मुक्ति, महिला अधिकार, राष्ट्रिय महिला आयोग, विविध पक्षमा नेपाली नारी, लैङ्गिक समानता आदि रहेका छन् ।

माथि उल्लेखित राजनीतिमा महिला सहभागिताबाट थाहा पाउन सकिएको छ कि त्यो समयको सहभागिता ज्यादै कम थियो । समाज अन्धविश्वासमा अडेको थियो । पुरुषप्रधानता कही कतै हावी रहेको देखाइएको छ । यस्तै महिला सहभागिता उक्त स्थानमा कस्तो थियो भन्ने जानकारी प्राप्त भएको छ ।

यस्तै नारी रचनामार्फत् नेपालमा महिलासम्बन्धी के कस्तो अवस्था छ । महिलाका सम्बन्धमा पहलहरू के के भएका छन् ? साथै महिला विकासका लागि पथप्रदर्शकको कार्य नारी रचनाले गरेको छ ।

लैङ्गिक विभेदका कारण आजको २१ औँ शताब्दीसम्म आइपुग्दा महिलासम्बन्धी जतिसुकै नियम, कानुन, आयोगहरू गठन हुँदै कार्यक्रम अगाडि बढाए तापनि हालको अवस्थामा पनि हाम्रो वरपरका स्थानीयस्तरमा मात्रै हैन, माथिल्लो केन्द्रस्तरमा नै जिम्मेवार पदमा बसेका महिला र पुरुष दुबै समान योग्यताका छन् भने पनि पुरुषलाई प्राथमिकता दिइन्छ । दुबैको उत्तिकै क्षमता र सक्षमता भए पनि पुरुषकै बोलवाला हुन्छ । यसको फलस्वरूप महिला अस्तित्व माथि उठ्न सकेको छैन (असोज २०६९ नारी) ।

२०४७ सालको प्रजातन्त्रको पुनर्स्थापनापछिका दिनहरूमा संवैधानिक एवं कानुनी प्रबन्धबाटै लैङ्गिक न्यायको वातावरण निर्माण हुन पुगेको छ । अझ २०६२/०६३ को परिवर्तनपछि वर्गीय, जातीय, भाषिक, लैङ्गिक, साँस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्न समावेशी चरित्रको राज्यव्यवस्था अपरिहार्यता महसूस गरिएको छ तर संविधानका अक्षरहरूमा मात्र समानताको अधिकारको औपचारिक उद्घोषणले मात्र महिलाबिरुद्धका भेदभाव हट्ने अवस्था नरहने हुँदा महिला समानता, लैङ्गिक विभेद र महिलावाद तथा महिला सशक्तिकरणका लागि तथा महिला विकासका लागि सम्बन्धित निकाय र सरोकारवालालगायत महिलाहरू स्वयम्समेत जागरुकताका साथ आफूहरूलाई संविधान तथा विभिन्न कानुनहरूले व्यवस्था गरेका हकअधिकारका लागि अगाडि बढ्नुपर्ने हुन्छ ।

माथि प्रस्तुत पूर्वसाहित्यको समीक्षाद्वारा के देखिन्छ भने यो अध्ययन अन्य शोधपत्रभन्दा पृथक छ । प्रस्तुत शोधपत्र स्याङ्जा जिल्लाको सेतीदोभान गाविसमा निर्णय निर्माणका तहहरूमा महिला सहभागिता शीर्षक, विषयबस्तु र अध्ययन क्षेत्र आदिका आधारमा पृथक भएको र यससम्बन्धी अध्ययन हालसम्म नएकोले प्रस्तुत शोधपत्र मौलिक र खोजमूलक छ ।

## १.६ अध्ययनको सीमा

प्रस्तुत शोध अध्ययन स्थानीय निकायहरूका निर्णय निर्माणका तहहरूमा महिलाहरूको प्रतिनिधित्व, सहभागिता र भूमिकाको बारेमा अध्ययन गरिएकोले यस अध्ययनका क्षेत्रलाई निम्नानुसार सीमित गरिएको छ ।

क) स्याङ्जा जिल्ला सेतीदोभान गाविसमा हाल कायम महिला मतदाता सङ्ख्या र २०४९ र २०५४ गरी दुईपटक सम्पन्न निर्वाचनका परिणामहरू र सर्वदलीय संयन्त्रका संरचनामा केन्द्रित रहेको छ ।

ख) सेतीदोभान गाविसमा रहेका विभिन्न राजनीतिक दलहरू र तिनीहरूको संरचनामा महिलाको प्रतिनिधित्वका बारेमा केन्द्रित गरिएको छ ।

ग) यस गाविसमा रहेका स्थानीय नीति निर्माणका विभिन्न संरचनाहरू जस्तैः आमा समूहहरू, उपभोक्ता समितिहरू, विद्यालय व्यवस्थापन समूहहरू र गैरसरकारी संस्थाहरूका विवरण सम्बन्धमा अध्ययन केन्द्रित गरिएको छ ।

घ) उक्त निकायहरू र संरचनाहरूमा महिलाको सहभागिता, उपस्थिति र उनीहरूको भूमिकाका बारेमा अध्ययन गरिएको छ ।

ङ) महिलाको राजनीतिक सशक्तिकरण, समावेशी लोकतन्त्र र महिलाका अपेक्षाका सम्बन्धमा प्रतिनिधिमूलक पात्रहरू र अभियन्ताहरूसँग अभिमत संकलन केन्द्रित रहेको छ ।

## १.७ अनुसन्धानको औचित्य र महत्त्व

विभिन्न जनगणनाअनुसार नेपालमा पुरुषको दाँजोमा महिलाको जनसङ्ख्या बढी छ तर उनीहरूको राजनीतिक प्रतिनिधित्व, सहभागिता र भूमिका पुरुषका तुलनामा ज्यादै न्यून र कमजोर देखिन्छ । समतामूलक समाजका लागि लैङ्गिक विभेद र पितृसत्तात्मक सोचको संस्कार अन्त्य हुनु जरुरी छ । त्यस्तै महिला स्वयम् चेतनशील, जागरुक र आफ्नो भूमिका खोजीमा प्रयत्नशील भएमा मात्रै महिलाको राजनीतिक सशक्तिकरण सम्भव छ । त्यसैले महिलालाई नीति निर्माण र नेतृत्व विकासमा उत्प्रेरणा दिनु पनि उत्तिकै आवश्यक छ । यसै सन्दर्भमा महिलाका राजनीतिक सहभागिता र नीति निर्माण तहमा उनीहरूको प्रतिनिधित्त्व र उनीहरूले खेलेको भूमिकाका बारेमा अध्ययन अनुसन्धानको पनि उत्तिकै खाँचो छ ।

प्रस्तुत शोधपत्र राजनीतिशास्त्र विषयमा स्नातकोत्तर तहको उपाधिको प्रयोजनका लागि तयार पारिएको भए तापनि महिलाको राजनीतिक र नीति निर्माणमा सशक्तिकरणका बारेमा खोज र अध्ययन विश्लेषण गरिएको प्रस्तुत अध्ययन मौलिक अनुसन्धान हो । यसबाट महिलाहरूको स्थानीय तहको नीति निर्माणमा सहभागिता, प्रतिनिधि र पहुँच एवम् भूमिका र समग्र समावेशी लोकतन्त्रका बारेमा उनीहरूको मौलिक दृष्टिकोण पनि प्रस्तुत गरिएकोले महिलाको राजनीतिक सहभागिता र नीति निर्माणमा सशक्तिकरणका सन्दर्भमा नीति र कार्यक्रमहरू बनाउने संस्थाहरूलाई यस शोधपत्रबाट सहयोग पुग्ने देखिन्छ । यसका अलावा यस विषयमा रुची राख्ने सम्बन्धित सबै र पछि गरिने यसैप्रकारका शोध अध्ययनमा ज्ञानको तिर्सना मेटाउन र आवश्यक सूचना दिन सहयोगी र उपयोगी हुने भएकोले यसको महत्त्व र औचित्यता स्वप्रसिद्ध छ ।

## १. ८ अध्ययनको समयसीमा

प्रस्तुत अनुसन्धान निम्न समयसीमामा सकिने छ ।

क) अनुसन्धान प्रस्ताव दर्ता र परिमार्जन-२०७० वैशाख ।

ख) सन्दर्भ साहित्य र तथ्याङ्कको सङ्कलन र अध्ययन - जेठ, असार, २०७०

ग) तथ्याङ्कको विश्लेषण र प्रथम मस्यौदा तयार २०७० असार र साउन ।

घ) शोधपत्रको अन्तिमस्वरूप प्रस्तुत : २०७० भदौ ।

## १.९ अध्ययन सङ्गठन

प्रस्तुत शोध अध्ययन जम्मा ५ (पाँच) परिच्छेदमा विभक्त गरी आवश्यकताअनुसार विभिन्न शीर्षक र उपशीर्षकहरूमा छुट्टयाएर अध्ययन गरिएको छ । पहिलो परिच्छेदमा अध्ययनको सामान्य परिचय, दोस्रोमा सैद्धान्तिक ज्ञान, महिला सहभागिता, महिलावाद, लैङ्गिक विभेद र महिला सशक्तिकरणका बारेमा उल्लेख गरिएको छ । परिच्छेद ३ मा नेपालमा राजनीतिक सहभागिता र महिलाको प्रतिनिधित्व एवम् परिच्छेद ४ मा स्याङ्जा जिल्लाको सेतीदोभान गाविसमा महिलाको नीति निर्माणमा सहभागिता, समग्र स्याङजा जिल्लाको चित्रण, राजनीतिक दलहरूमा महिलाको उपस्थिति र महिला सहभागिता, सेतीदोभान गाविसमा नीति निर्माणमा महिलाको प्रतिनिधित्व, सहभागिता र भूमिकाका बारेमा उल्लेख गरिएको छ । पाँचौ परिच्छेदमा उपसंहार अर्थात् अध्ययनको सारांश, निष्कर्ष र सुझावहरू प्रस्तुत गरिएको छ ।

# *परिच्छेद दुई*

# राजनीतिक सहभागिता र महिला : सैद्धान्तिक अवधारणा

## २.१ राजनीतिक सहभागिता, सशक्तिकरण र महिला

राजनीति एक सर्वव्यापी क्रियाकलाप हो । राजनीतिबाट कोही पनि अलग रहन सक्दैन । मानिसको जन्मदेखि मृत्युपर्यन्त राजनीतिमा कुनै न कुनैरूपमा संलग्न हुन्छ । यसैले कोही पनि म राजनीतिबाट अलग र अछुतो छु भन्नु बेकार हुन्छ । धेरै थोरै प्रत्यक्ष अप्रत्यक्षरूपमा मात्र फरक रहन्छ । त्यसैले K.H. Soltan भन्दछन्-राजनीति विशेषको मात्र क्षेत्र हैन बरू यसको सम्बन्ध प्रत्येक उत्तरदायी व्यक्तिसँग छ (बराल, २०५८) । त्यस्तै के पनि भनिन्छ भने You may not be interested in politics but politics is always interested you अर्थात राजनीतिप्रति तिमीले चाख नराखे पनि राजनीतिले तिमीमा सधैँ चाख राख्दछ ।

प्रजातन्त्रको मेरुदण्ड राजनीति हो । जसमा राज्यका प्रत्येक नागरिकहरू सहभागी हुनुपर्छ । वर्तमान २१ औँ शताब्दीमा प्रजातन्त्र लोकप्रिय शासन व्यवस्थापको रूपमा मानिन्छ । कुनै पनि प्रजातान्त्रिक प्रणाली के कति हदसम्म जनमुखी छ भन्ने कुराको निर्धारण राजनीतिक सहभागिताले गर्दछ । बढीभन्दा बढी नागरिकहरू व्यवस्थामा सहभागी हुन सक्छन् एवं उनीहरूले नीति निर्माण र सत्तालाई बेलाबेलामा अनुमोदन गर्ने अख्तियारी राख्छन् र त्यस्ता नीति निर्माता एवं सत्ता नागरिकहरूप्रति उत्तरदायी रहन्छ भने त्यो नै प्रजातन्त्रको सफलताको द्योतक हो । (बराल र पौडेल, 1998)

राजनीतिक सहभागिता राजनीतिक द्वन्द्व वा उदासीनता वा असन्तोषजस्ता कारणले नहुन वा कम हुन सक्छ । त्यस्तै जाति, धर्म, लिङ्ग आदिका आधारमा राजनीतिक सहभागिताको स्तर पनि निर्धारण हुन्छ । यस्तै अविकसित समाजहरूमा राजनैतिक, आर्थिक, सामाजिक अवस्था, धर्म एवं संस्कृति आदि जस्ता कारणहरूले गर्दा सहभागिताको दृष्टिकोणले समतामूलक अवस्था रहँदैन जहाँ धेरैजसो महिलाहरू निर्णय निर्माणका तह र सङ्गठनहरूमा उनीहरूको सहभागिताको स्तर ज्यादै न्यून भएको पाइन्छ ।

माइरन वेनरको विचारमा-“आफ्नो नेता रोज्ने, सार्वजनिक नीतिको निर्माण र सञ्चालनमा प्रभाव पार्ने नागरिकहरूको सङ्गठित प्रयासलाई राजनीतिक सहभागिता भन्दछन्” (पोखरेल-२०५९) ।

## २.२ राजनीतिक सहभागिताको अर्थ

राजनीतिप्रति इच्छा पैदा भई मानिसहरू राजनीतिमा संलग्न रहनुलाई राजनीतिक सहभागिता भनिन्छ । राजनीतिक सहभागिता सम्बन्धमा विभिन्न राजनीतिक विद्वान्हरूले दिएका परिभाषाहरू तल प्रस्तुत गरिएको छ ।


Johari, (1994:436) का अनुसार राजनीतिक सहभागिता भनेको त्यस्तो स्वेच्छिक क्रियालाई सङ्केत गर्दछ जहाँ समाजका सदस्यहरू शासक छनौटमा प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सार्वजनिक नीति निर्माणमा भाग लिन्छन् । जोहरीका अनुसार दलीय राजनीतिमा प्रत्यक्ष संलग्न रहनु, भाषण र प्रचारप्रसारमा भाग लिनु र सार्वजनिक पद प्राप्तिका लागि राजनीतिमा सक्रिय सहभागी हुनु राजनीतिक सहभागिता हो ।

राजनीतिक सहभागिता भन्नाले त्यस्ता व्यक्तिको कार्यलाई जनाउँछ जो नीति निर्माण गर्ने कार्यमा संलग्न हुन्छन् । नीति या निर्णय प्रक्रिया र तिनको सञ्चालनमा नागरिकहरूको कस्तो भूमिका खेल्न पाउँछ भन्ने कुराको राजनीतिक सहभागिताको निर्णायक तह नै राजनीतिक सहभागिता हो (Dahl, 1995)।

आजको प्रजातान्त्रिक युगमा जनसहभागिता अति महत्त्वपूर्ण विषय हो । राजनीतिक व्यवस्था कस्तो बनाउने (जीवन्त, निष्क्रिय र मृतक) भन्ने कुरा राजनीतिक सहभागिताको हातमा रहन्छ । विश्वका कतिपय खासगरी तेस्रो विश्वका राष्ट्रमा यही राजनीतिक सहभागिताको माग गर्दै विभिन्न विद्रोह र क्रान्तिहरू भएका छन् । पछिल्लो समयमा अरब विश्वमा एक दलीय निरङ्कुशता भएकै कारण आमसहभागिताको माग गर्दै विद्यमान व्यवस्थाकाबिरुद्ध जनताहरू सडकमा उत्रिन बाध्य भएका छन् र केही राजनीतिक व्यवस्थामा परिवर्तन भएका छन् ।

Robert A Dahl ले आफ्नो पुस्तक मोडर्न पोलिटिकल एनालाइसिसमा राजनीतिप्रति व्यक्तिको रुची अरुची एवं लगाव, उदासीनताको गहन विवेचना गरेका छन् । उनले सम्पूर्ण मानव समाजलाई राजनीतिप्रति रुचीको आधारमा राजनीतिक तह (Political Stratum) भनी दुई भागमा विभाजित गरेका छन् ।

उनले राजनीतिक तहभित्र पनि दुई उप-तहको उल्लेख गरेका छन् । ती हुन्, (क) शक्ति आकांक्षी (ख) शक्तिशाली । उनले प्रतिपादन गरेको यस विचारलाई निम्नलिखित चित्रको माध्यमले अझ प्रष्टसँग उल्लेख गर्न सकिन्छ ।




Source : Robert A. Dahl 1995 : 96

समाजमा तल्लो तहमा राजनीतिक चेतना ज्ञान एवं सक्रियता नभएका मानिसहरू हुन्छन् जसलाई अराजनीतिक समूह भनिन्छ । यो राजनीतिमा सक्रियपूर्ण तरिकाले नलागेको समूह हो । जुन मानिसहरूमा राजनीतिक ज्ञान, चेतना र चाख हुन्छ त्यस्ता मानिसहरू सधैँ राजनीतिमा क्रियाशील नभए पनि समय समयमा हुने राजनीतिक गतिविधिहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष सहभागिता र सरोकार राख्दछन् । त्यस्ता मानिसहरूको तहलाई राजनीतिक तह वा समूह भनिन्छ । यस्ता मानिसहरूमध्ये केही व्यक्तिहरूमात्रै राजनीतिमा निरन्तर सहयोगी र क्रियाशील हुन्छन् । ती मध्ये जो समाज र राज्यको नीति निर्माण वा शक्ति प्राप्तिमा लालचा र चाहना राख्दछन्, ती शक्तिका आकांक्षी हुन् । जो त्यस्तो सोपानमा सबैभन्दा माथि छन् अर्थात् निर्णय निर्माण गर्ने ठाउँ र शक्तिमा रहेका छन्, त्यस्तो समूहलाई शक्ति प्राप्ति समूह भनिन्छ (Dahl, 1995) ।

Robert Dahl को भनाइमा सबै मानिसहरूले राजनीतिक जीवनमा समान चाख राख्दैनन् । केही मानिसहरू राजनीतिमा फरक हुन्छन्, त्यस्तै कोही गहनरूपमा यसमा संलग्न हुन्छन् । त्यस्तै समूह जो गहनरूपमा राजनीतिमा संलग्न छ, त्यसमध्ये केहीमात्रै शक्तिका आकांक्षी हुन्छन् । यस्ता शक्ति प्राप्त गर्न चाहनेमध्ये केहीले अरुका भन्दा धेरै शक्ति प्राप्त गरेका हुन्छन् । यस आधारमा Dahl ले मानिसहरूलाई चार समूहमा बाँडेका छन्, ती हुन् (Dahl, 1995) :

१) अराजनीतिक

२) राजनीतिक

३) शक्ति आकांक्षी

४) शक्तिशाली ।

उनले माथि प्रस्तुत चित्रमा निष्कर्ष निकालेका छन् कि राजनीतिप्रति उदासीन रहने व्यक्तिहरू बढी हुन्छन् । चासो लिने व्यक्तिमध्ये पनि शक्तिको लागि मरिमेट्ने कम हुन्छन् । त्यसभन्दा पनि कम शक्तिशाली व्यक्तिको समूह हुन्छ । उनले राजनीतिक उदासीनताका कारणहरू पनि व्याख्या गरेका छन् । जुन निम्नानुसार रहेका छन् :

१) राजनीतिमा लाग्दा अन्य क्षेत्रको तुलनामा कम फाइदा हुने भएमा ।

२) राजनीतिमा आफू प्रवेश गर्दा पनि कुनै प्रभावकारी परिवर्तन आउन सक्ने नदेखेमा ।

३) विभिन्न विकल्पहरूमा अन्तर नपाई जुन रोज्दा पनि केही खास फरक नपर्ने देखेमा ।

४) आफ्नो अल्पज्ञानको कारणले राजनीतिक सफलता प्राप्त हुँदैन भन्ने ठानेमा (पोखेल, २०५९) ।

रवर्ट दाहलले यसको ठीक विपरीत स्थितिमा व्यक्ति राजनीतिमा सरिक हुन्छ भन्दै किन सहभागी हुन्छ भन्नेबारेमा निम्न कारणहरू प्रस्तुत गरेका छन् :

१) व्यक्तिले राजनीतिमा लाग्दा पाउने प्रतिफललाई बढी महत्त्व दियो भने ।

२) विकल्पहरू महत्त्वपूर्ण छन् भन्ने लाग्यो भने ।

३) परिणामलाई बदल्न सक्छु भन्ने विश्वास भयो भने ।

४) आफू अघि नसरे परिणामभन्दा असन्तोषजनक हुन्छ भन्ने लाग्यो भने ।

५) प्रस्तुत प्रश्नबारे आफूसँग बढी ज्ञान र सीप छ भन्ने लागेमा ।

६) बन्धनहरू कम छन् भन्ने लागेमा (पोखेल : २०५९) ।

यसरी रवर्ट दाहलले माथि प्रस्तुत कारणले गर्दा राजनीतिमा सहभागिता वृद्धि हुन्छ भनी आफ्नो विचार प्रष्ट पारेका छन् । वास्तविक जीवनमा उनले भनेजस्तै नै हुने गर्दछ । जनसहभागिता कहिले बढ्ने र कहिले घट्ने हुन्छ । राजनीतिमा लाग्नेका निमित्त स्थिर रहेको पाइन्न ।

## २.३ सहभागिताका प्रकार

राज्यको राजनीतिक सिद्धान्त, रीतिरिवाज, परम्परा, अज्ञानता र नागरिकहरूमा व्याप्त गरिबीजस्ता कुराहरूले राजनीतिक सहभागितालाई प्रभाव पारेको हुन्छ । राजनीतिक सहभागितालाई निम्नानुसार विभाजन गरी अध्ययन अनुसन्धान गर्ने गरेको पाइन्छ (पोखेल २०५९: १८१-१८२) ।

### क) जनसहभागिता (Mass partipation)

राजनीतिमा नागरिकहरू सक्रियरूपमा सहभागी भई प्रजातान्त्रिक अधिकारहरू प्राप्त गरेका हुन्छन् भने त्यसलाई जन वा आमसहभागिता भनिन्छ । पश्चिमी मुलुकमा यस्तो सहभागिता पाइन्छ । आर्थिक सम्पन्नता राजनीतिक जागरुक र राजनीतिक प्रणालीद्वारा सहभागिताको उचित अवसर प्रदानले गर्दा नागरिक पूर्ण सहभागी बन्न सक्षम हुन्छन् ।

### ख) सीमित सहभागिता

सामाजिक, आर्थिक, राजनीतिक तथा धार्मिक सबै क्षेत्रमा खास वर्गको मात्र बोलवाला रहन्छ । शासकवर्ग सानो भए पनि सबै शक्ति त्यसैलाई प्राप्त हुने सहभागिता सीमित सहभागिता हो । आजको वास्तविकतामा यही सहभागिता पाइन्छ । शासित वर्ग शासकबाट सधैँ निर्देशित र नियन्त्रित रहन्छ ।

### ग) असहभागिता

सक्रिय सहभागिताबाट वा राजनीतिक भूमिकाबाट अलग रहनुलाई असहभागिता भनिन्छ । सामाजिक दृष्टि र आर्थिक पक्षमा पिछडिएका व्यक्ति वा अशिक्षा र गरिबीले गर्दा प्रायः असहभागिता हुन्छ । नेपालको २०३८ सालमा सम्पन्न आमनिर्वाचनमा केही प्रतिबन्धित दलले बहिष्कार नीति अपनाएका थिए, यसलाई पनि असहभागिता भनिन्छ ।

राजनीतिक सहभागिताका विभिन्न स्वरूपहरू रहन्छन् । समाजमा बस्ने सम्पूर्ण मानिसले प्राप्त गर्ने अवसर तिनको क्षमता र उत्प्रेरणा फरक-फरक हुने हुँदा सहभागिताका स्वरूप पनि फरक हुन्छन् । जनताहरूले मतदान, जनसभा उपस्थिति जुलुसमा सहभागिता, राजनीतिक दल वा दबाब समूहको सदस्यता, पर्चा वितरण चुनाव प्रचार-प्रसार प्रतिनिधि मण्डलमा सहभागी गाउँघरका समस्या सुल्झाउनमा संलग्नता, दललाई चन्दा, चुनावमा

उमेदवारी, सरकारी पद ग्रहणजस्ता अनेकौँ माध्यमबाट राजनीतिक प्रणालीमा सहभागिता जनाउँछन् । यसको स्वरूप चुनावी र गैरचुनावी हुन सक्छ । धर्ना, दङ्गा र अन्य आतङ्क जन्य तरिकाबाट पनि राजनीतिमा सहभागिता जनाउन सकिन्छ । यिनलाई कानुन विपरीत मानिन्छ । राजनीतिक सहभागिताका प्रमुखस्वरूपमा निर्वाचन नागरिक अग्रसरता सम्पर्क दबाव समूह र अन्य सङ्गठन सरकारी सेवा असहयोग वा विरोधी कार्यक्रम धर्ना, जुलुस, सत्याग्रह आदि हुन् ।

## २.४ राजनीतिक सहभागितामा प्रभाव पार्ने तत्वहरू

राजनीतिक सहभागितामा प्रत्यक्ष वा अप्रत्यक्षरूपमा विभिन्न तत्वहरूले प्रभाव पारिरहेका हुन्छन् । ती प्रमुख तत्वहरू निम्नानुसार रहेका छन् (पोखेल, २०५५: १९३:१९४) ।

### क) सामाजिक तत्वहरू

व्यक्तिको राजनीतिक सहभागितालाई उसको शिक्षा, आय, पेसा, उमेर तथा बसोबासले प्रत्यक्ष प्रभाव पारेको हुन्छ । अशिक्षित भन्दा शिक्षित, कम आय भएका भन्दा बढी आय भएका, निम्न पेसागतभन्दा उच्च हैशियत भएका युवा, वृद्धभन्दा अधवैंसे र गाउँलेभन्दा सहरमा बसोबास गर्नेमा बढी राजनीतिक सहभागिता भएको पाइन्छ । सामाजिक र आर्थिक तत्वमा परिवर्तन आउनासाथ सहभागिता दरमा परिवर्तन देखा पर्दछ ।

### ख) मनोवैज्ञानिक तत्वहरू

राजनीतिमा सहभागी प्रत्येक व्यक्तिका एउटै आकाङ्क्षा र लक्ष्य वा उद्देश्य हुँदैनन् । विभिन्न उद्देश्य शक्ति हत्याउनु, धन कमाउनु, प्रभाव पार्नु, मान प्रतिष्ठा, जनकल्याण मध्ये जुनसुकै उद्देश्य राखेका हुन्छन् । जुन उद्देश्यका लागि सहभागी भएका छन्, उक्त उद्देश्यपूर्ण भएका खण्डमा सहभागिता वृद्धि हुन जान्छ र नभएमा घट्न जाने हुन्छ ।

### ग) राजनीतिक तत्वहरू

मुलुकमा अपनाइएको राजनीतिक प्रणाली, मताधिकार अथवा चुनाव प्रणाली र विवादले सहभागितामा प्रभाव पार्दछ । यदि राजनीतिक दललाई कार्य गर्ने छुट छ भने जनताको सहभागिता बढ्छ उनीहरूले राजनीतिक शिक्षा प्राप्त गर्दछन् र नभएमा घट्न

जान्छ साथै जनतामा राष्ट्रिय प्रश्नसम्बन्धी जानकारी उपलब्ध गराई राजनीतिक क्रियाकलापमा संलग्न हुन उत्प्रेरित गर्दछ ।

**घ) आर्थिक तत्वहरू**

राजनीतिक सहभागितामा व्यक्तिको आय, पेसाले प्रभाव पार्दछ । आयस्रोत राम्रो छ भने सहभागिता दर उच्च हुन जान्छ र नभएमा न्यून रहन्छ । दिनभरि काम गरी बिहान बेलुका हातमुख जोर्ने समस्या सुल्झाइएका व्यक्तिहरूलाई राजनीतिप्रति कुनै चासो रहँदैन । फलस्वरूप सहभागिता स्वतः न्यून हुन जान्छ ।

**ङ) निर्वाचन प्रणाली**

राजनीतिक प्रणालीमा अपनाइएको चुनाव पद्दति बालिग मताधिकारमा आधारित भए सहभागिताको लागि नयाँ अवसर प्रदान हुन्छ साथै दलीय प्रथा पनि प्रचलित भएमा चुनाव अभियान अझै उत्कृष्ट भई सहभागिता दर उच्च हुन जान्छ ।

## २.५ राजनीतिक सहभागिता र महिलावाद

सामान्यतया लोकतन्त्र नागरिकहरूको प्रत्यक्ष र अप्रत्यक्ष सहभागिताको स्तर र तहमा निर्भर गर्दछ । कुनै पनि लोकतन्त्रका लागि नागरिकको सक्रिय सहभागिताले बलियो जगको काम गरेको हुन्छ । सहभागितालाई एउटा माध्यमाजन्य घटना (Instrumental Phenomenes) का रूपमा कोही मान्दछन् भने कोही विकासजन्य घटना (Developmental Phenomenes) का रूपमा लिन्छन् । पहिलो अवधारणाले नीति निर्माणमा सहभागिताको प्रभावलाई मोड दिन्छ, यसले कर्तामाथि पार्ने प्रभाव भन्दा पनि धेरै विद्वानहरू सहभागिता भनेको सार्वजनिक परिणाममा प्रभाव पार्ने पद्धतिको रूपमा झुकाव राख्दछन् । धेरै विद्वानहरूका विचारमा राजनीतिक सहभागिता भनेको नीति निर्माणको उद्देश्यप्रतिको पद्धति/औजार नै हो (Vinod and Deshpande 2013:217) ।

सहभागिता भनेको सङ्कुचित अर्थमा मतदानको प्रक्रियामा सामेल हुनु हो । जसबाट आफ्नो छनौटको प्रभाव निर्वाचनको परिणाममा पऱ्यो कि परेन भन्दा पनि व्यक्तिहरूलाई एक प्रकारको सन्तोषको आभाष हुन्छ । सहभागिता भनेको मुद्धामा आधारित 'क्षेत्र खण्डित' विभिन्न प्रकारका मार्गहरूको बाँडफाँड : विविध अर्थहरू भएको र विभिन्न मार्गहरूमा

प्रभाव पार्ने हुन सक्छन्-(Participation can be 'issue-based; Segmented by secter; "distributal among different kinds a avenues' : have different meaning, and impact within different avenues; (warrren, 2002:678) सक्रिय संलग्नता र सार्वजनिक मामिलामा सहभागिताको लागि नागरिकहरूका तर्फबाट धेरै समय र प्रतिबद्धताको आवश्यकता पर्दछ ।

ड्रेजु (Dreeze) र अमर्त्य सेन (Amartya Sen) ले सहभागिता स्वतन्त्र विकासको साँचोका रूपमा रहेको हुन्छ भन्दछन् । उनकै शब्दमा-Participation can be seen to have intrinstic value for the quality of life, Indeed being able to do something through political action-for oneself one for other-is one of the elementary freedoms that people have reason to value. (Dreeze and Sen 2002:359)।

सामान्यतया अन्य लोकतन्त्रमा भन्दा उदारवादी लोकतन्त्रमा निर्वाचनमा भाग लिनु, आर्थिक सहयोग गरी राजनीतिक दलहरूलाई समर्थन गर्नु, निर्वाचन अभियानमा सहयोग पुऱ्याउनु, निर्वाचित वा मनोनित पदाधिकारीहरूमा आफ्नो विचार वा गुनासाहरूलाई जोड दिँदै अन्तरक्रिया वा संवाद गर्नु केही सार्वजनिक छनौटबाट निर्देशित गैरदलीय संस्थाहरूको क्रियाकलापहरूमा भाग लिनु र सार्वजनिक नीति निर्माण र परिणाममा प्रत्यक्ष, अप्रत्यक्ष प्रभाव पार्ने रूपमा सहभागिताको व्याख्या गर्दा सहभागी आफैमाथि प्रभाव पार्ने कुरालाई पनि कम महत्त्व दिन मिल्दैन किनकि विस्तृत र फराकिलो नागरिक सहभागिताले मात्रै धेरै महत्त्वपूर्ण संस्थाहरू र असल शासनको निर्माणमा मद्धत गर्दछ (Uhlaner 1986:555)।

राजनीतिक सहभागितामा धेरै अध्ययनले के देखाएको छ भने सामाजिक, आर्थिक हैशियत राजनीतिक सहभागिताबीचमा हस्तक्षेपकारी चलहरूको भूमिका हो जब राजनीतिक संलग्नतालाई प्रमाणित पार्दछ समाजका संस्थाहरूमा राजनीतिक सहभागिताका परिस्थिति र अवसरहरू वा त्यस्तै तवरले बाध्यता सिर्जना गरेमा पनि सहभागिता वृद्धि हुन्छ । (Mie Powdel and Prewitt 1969, quoted by Vinod and Derhaphende 2013) । जस्तैः निर्वाचनमा भाग लिन राजनीतिक दलहरूमा प्रजातान्त्रिक निर्वाचनप्रति विश्वास हुनुपर्दछ । त्यस्तै समाजले संस्थागतरूपमा कहिलेकाहीँ मानिसहरूलाई निर्णय प्रक्रियामा सहभागी हुन पनि बाध्य गर्न सक्दछ । जस्तै मत दिनुपर्ने बाध्यात्मक व्यवस्था भनी राजनीतिक सहभागिता राजनीतिक मनोवृत्तिमा व्यवस्थामाथिको विश्वास अविश्वासजस्ता व्यक्तिगत तप्काले पनि भूमिका खेल्दछ । राजनीतिक सहभागितामा प्रभाव पार्ने मुख्यतः त्यसको स्तर/तह भनेको राजनीतिक मूल्य हो । यस सन्दर्भमा व्यक्तिको यथास्थिति र परिवर्तनको आवश्यकता जस्ता कुराले झुकावसँग सम्बन्धित राजनीतिक अभिमुखीकरण र अवस्थाले

राजनीतिक सहभागिता र व्यवहारमाथि प्रभाव पार्दछ । राजनीतिक विचार र राजनीतिक सहभागितासँग सामाजिक र राजनीतिक मूल्यहरूले प्रायः सम्बन्ध राख्दछन् । यसर्थ विषयगत विभिन्न लक्ष्यहरू र राजनीतिक सहभागितामा सम्बन्धहरूले नैतिकतर्फ, राजनीतिक विचार र राजनीतिक सहभागिताको बीचमा सम्बन्ध राख्दछ ।

राजनीतिक सहभागितालाई दुई स्वरूपमा वर्गीकरण गरिँदैआएको पाइन्छ । ती हुन्:

1. Popular/connentienal types of political participation

यसअन्तर्गत स-सानो सक्रियता र संलग्नतालाई राखिएको पाइन्छ । जस्तै मतदान गर्नु र राजनीतिक सूचनाहरूको विस्तार गर्ने काम पर्दछन् ।

2. Unconventional forms of political participation

व्यक्तिको राजनीतिक र सार्वजनिक नीति निर्माण र प्रक्रियामा सक्रिय संलग्नता र व्यस्ततालाई बुझिन्छ । खासगरी सक्रियरूपमा राजनीतिक दल, आन्दोलन, राजनीतिक क्रियाकलाप, कार्यक्रमहरू चलाउनु राजनीतिक बिरोध, क्रियाकलापहरू आदिमा सक्रिय संलग्नताका अतिरिक्त विभिन्न सार्वजनिक निकायको वा सरकारी क्षेत्रमा हुने नीति निर्माण र विभिन्न पार्टीमा सक्रिय सहभागितालाई पनि बुझिन्छ ।

राजनीतिक सहभागितामा प्रभाव र स्वरूपको निर्धारणमा मुख्यतया चार मुख्य तथ्यहरूलाई समसामयिक राजनीतिक सहभागितामा जोड दिइएको पाइन्छ । ती हुन्

१. स्रोतहरू (Resources)

२. राजनीतिक मूल्यहरू (Political Values)

३. सामाजिक पुँजी (Social Capital)

४. संस्थागत अवसरहरू र सीमाहरू (Institutional Opportinites and Constaints) (Vinod and Deshpande, 2013)।

विविध विषयहरू र तथ्यहरूले राजनीतिक सहभागिताको विभिन्न तहको स्तरमाथि प्रभाव पार्न सक्दछ । यस्तै उमेर, भाषा, लिङ्ग, शिक्षा, बासस्थान र सहर-गाउँजस्ता चलहरूलाई स्रोत भनिन्छ । जसले राजनीतिक सहभागिताको स्तर र तहमा प्रभाव पार्दछ । त्यस्तै सामाजिक पुँजी भन्नाले राजनीतिक संस्थाहरूप्रति र एक अर्कोप्रति हाम्रो सम्बन्धलाई बुझिन्छ । त्यसैले भनिन्छ, राजनीतिक सहभागिताको प्रबर्द्धनका लागि विशेषतः विभिन्न क्रियाकलापहरू, सङ्गठनात्मक सदस्यताजस्ता सबै स्वरूपका सामाजिक पुँजी निर्माणमा वकालत गरिनु पर्दछ । त्यस्तै यदि उच्चतहको सामाजिक पुँजीले विस्तृत राजनीतिक सहभागितालाई वृद्धि गर्दैन भने तल्लो तहको सामाजिक पुँजीले विस्तृतरूपमा कु-ठाउँको

काम गर्दछ भन्ने चिन्ता गरिनुपर्दछ । यदि घरेलु समाजमा सामाजिक पुँजीको मात्र आवश्यकताअनुरूप छैन भने राजनीति सहभागिताको दर धेरै घटाउँदै लैजान्छ भन्ने बुझ्नुपर्दछ । राजनीतिक संचारको जालोबाट सामाजिक पुँजीको अनुभव गर्न सकिन्छ । सामाजिक पुँजी भनेको सामाजिक संरचनाको भाव हो । जसले विशेष स्वरूपको क्रिया र सहयोगको सहजीकरण गर्दछ । राजनीतिक सहभागिताको गुण र मात्रामा प्रभाव पार्ने भएकोले सामाजिक पुँजीले लोकतन्त्रको संरक्षण गर्दछ । राजनीतिक नीति निर्माण गर्ने संस्थाहरूमा काम गरेर वा त्यसको उमेदवार भएर त्यसले आयोजना गर्ने बैठक, सभा वा प्रदर्शनमा सहभागी भएर वा निर्वाचनमा कुनै दल वा उमेदवारका पक्षमा चुनावी अभियान र प्रसारमा गएर, चन्दा दिएर वा आफ्नो मतदानको अधिकार प्रयोग गरी आदि तरिकाबाट राजनीतिक सहभागिताको प्रकृतिको बारम्बरतालाई दर्शाउन सकिन्छ । यहाँ उल्लेख्य कुरा के छ भने सामाजिक पुँजीको उत्पादनले नै  राजनीतिक सहभागिताको विस्तृत भण्डारको नतिजा निकाल्छ । त्यस्तै संस्थागत अवसरहरू र बाध्यताहरूले पनि राजनीतिक सहभागिताको स्वरूप र स्तर निर्धारणमा महत्त्वपूर्ण भूमिका खेल्दछन् ।

राजनीतिक सहभागितामा धेरै अध्ययनले के देखाएको छ भने सामाजिक, आर्थिक हैशियत र राजनीतिक सहभागिता बीचमा हस्तक्षेपकारी चलहरूको भूमिकाले राजनीतिक संलग्नतामा प्रभावित पार्दछ (Mie, Powell and Prewitt 1969, quoted by vinod and Deshpande 2013) । समाजमा, संस्थाहरूमा राजनीतिक सहभागिताका परिस्थिति र अवसरहरू वा त्यस्तै त्यसले बाध्यता सिर्जना गरेमा पनि सहभागितामा वृद्धि हुन्छ । जस्तै निर्वाचनमा भाग लिन राजनीतिक दलहरू, प्रजातन्त्र र निर्वाचनप्रति विश्वास  हुनुपर्छ । मानिसहरूलाई निर्णय प्रक्रियामा सहभागी हुन पनि बाध्य गर्न सक्दछ । जस्तै मत दिनै पर्ने हुन्छ । जेहोस् राजनीतिक सहभागिता र राजनीतिक मनोवृत्तिमा व्यवस्थामाथिको विश्वास, अविश्वास जस्ता व्यक्तिगत तथ्यहरूले पनि भूमिका खेल्दछ । राजनीतिक सहभागितामा प्रभाव पार्ने मुख्यतः यसको स्तर/तह भनेको राजनीतिक मूल्य हो ।

यस सन्दर्भमा व्यक्तिको यथास्थिति र परिवर्तनको आवश्यकता जस्ता झुकावसँग सम्बन्धित राजनीतिक अभिमुखीकरण र अवधारणाले राजनीतिक सहभागिता र व्यवहारमाथिको प्रभाव पार्दछ । राजनीतिक विचार र राजनीतिक सहभागितासँग सामाजिक र राजनीतिक मूल्यहरूले प्रायः सम्बन्ध राख्दछन् । यसर्थ विषयगत विकासका लक्ष्यहरू र

राजनीतिक सहभागिता सम्बन्धहरूले नैतिक तर्क, राजनीतिक विचार र राजनीतिक सहभागिताको बीचमा सम्बन्ध राख्दछ ।

## २.६ राजनीतिक सहभागिता र लोकतन्त्रबीच सम्बन्ध

राजनीतिक सहभागिताको स्वरूप लोकतन्त्रको संस्थाद्वारा निर्धारित हुन्छ । सहभागी लोकतन्त्र समरूप, सहयोगी र मानवीय परिपूर्तिको सामाजिक ढाँचाबाट प्राप्त भएको हुन्छ । Macphersan ले आफ्नो पुस्तक The life and times मा लोकतन्त्रभित्र सहभागी व्यवस्थाका लागि दुई पूर्वशर्तहरू निर्दिष्ट गरेका छन्-

१. वर्ग विभाजनको दुर्वलता र उन्मूलन

२. व्यक्तिगत उपभोक्ता र अधिकतम उपयोगबाट सार्वजनिक कर्ताहरू (Public agents) का रूपमा नागरिकको परिवर्तन

समाजको सामाजिक र आर्थिक असमानताले असहभागी दलीय व्यवस्था जनाउँछ । जसले समाज पूरैमा नियन्त्रण गर्दछ । त्यस्तै मानिसले आफ्नो चेतन र अचेतन मनबाट आफ्नो क्षमताको विकास गर्दै र मनोरञ्जनको उपयोग गर्दै उपभोक्ताका रूपमा आफूलाई परितर्वन गर्दछ । यस्तो अवस्थामा सङ्कटका लागि मात्रै नभै सहभागी लोकतन्त्रको कार्यप्रणालीका लागि पनि आवश्यक पर्दछ (Macpheasan quoted by Dallmayr, 1987) ।

सरकारी क्रियाकलाप र राजनीतिक दलको जिम्मेवारी सहीरूपमा भएन भने सरकारी अख्तियारमा असर पर्दछ । यसले लोकतन्त्र र सहभागिता दुबैको क्षयीकरण गर्दछ । कहिलेकाहीँ ज्यादै धेरै लोकतान्त्रिक अवस्थाले पनि सरकारी अख्तियारमा छाप गराउँछ । त्यसैले संवैधानिक लोकतन्त्रलाई अर्थपूर्ण बनाउन सरकारी अख्तियार र त्यस्तो अख्तियारी अवस्थाका सीमाहरूले राजनीतिक सहभागिताका लागि उपयुक्त सन्तुलनको भूमिका निर्वाह गर्दछ ।

राजनीतिक सहभागिताको लागि Robert Dahl र Charles Lindblom Ag Givovanni Sartori ले भनेझै बहुलवादी लोकतन्त्र चाहिन्छ । अभियानबिरोधी विचारहरूले लोकतन्त्रको विस्तार ठाडो आयाममा तेस्रो आयाममा हुनुपर्छ भन्दछन् र त्यस्तो नेतृत्व नकार्य हुने भन्दछन् । त्यो नै सहभागी हुने उनीहरूको धारणा छ । त्यस्तै राजनीतिक सहभागिताको लागि लोकतन्त्रमा नागरिकहरू बढी सूचित, चाख राख्ने र सक्रिय हुनुपर्छ भन्दछन् । यदि त्यस्तो अवस्थामा रहेमात्रै नीति निर्माणका लागि विस्तृत सहभागितालाई बलियो पार्दछ ।

UNDP ले आफ्नो प्रतिवेदनमा राजनीतिक दलहरू र निर्वाचन प्रणालीहरूद्वारा औपचारिक राजनीतिक सहभागिता र प्रतिनिधित्त्वमा जोड दिएको छ । यसप्रति वेदनले अल्पसङ्ख्यक र महिलाहरूको सहभागिता वृद्धि गर्न, निर्वाचन प्रणालीको निर्माण र सवलीकरण र राजनीतिमा नकारात्मक प्रभावलाई सीमित गर्नका लागि राजनीतिक दलहरूमा शासनको सुधारका लागि आह्वान गरेको छ (HDR 2002)।

संक्षेपमा भन्नुपर्दा, राजनीतिक सहभागिता बहुआयामिक घटना र क्रिया हो । यसले मानिसलाई सार्वजनिक स्वामित्वको बलियो भाव दिन्छ । लोकतान्त्रिक सिद्धान्त लोकप्रिय सहभागितामा निर्भर गर्दछ । नागरिक सहभागिता भनेको लोकतन्त्रको मुटु हो । जुनसुकै राजनीतिक सहभागितामाथिको विश्लेषण गर्दा सहभागी संस्कृतिको मान्यता आवश्यक मानिन्छ । अनुभव जन्म वैधताले मात्रै कुनै पनि सिद्धान्त त्यो परम्परागत ज्ञान नै किन नहोस् पुष्टि हुनुपर्दछ । राजनीतिक सहभागिताको स्वरूप विभिन्न चलहरूको उपयोगका सन्दर्भमा मात्रै व्याख्या गर्न सकिन्छ । यस्ता विविध चलहरूमध्ये अन्तरवैयक्तिक विश्वास र स्वतःस्फूर्त स्वयं संवादजस्ता जीवनका विविध पाइलाहरूका चलहरूको राजनीतिक सहभागिता वृद्धिमा प्रभावकारी भूमिका हुन्छ । त्यस्तै सामाजिक पुँजी चलहरूले राजनीतिक सहभागिताको अतिरिक्त त्यसमा शक्ति उपलब्ध गराउँछ । खासगरी उच्चस्तरका राजनीतिक सहभागिताका लागि सामाजिक पुँजी एक आवश्यक तथ्य हो । राजनीतिक सहभागिताको र राजनीतिक विकास, सामाजिक परिचालन, आर्थिक विकासजस्ता अवधारणासँग अटुट र घनिष्ठ सम्बन्ध छ ।

असमान सहभागिताले लोकतन्त्रमा असम्भावित सङ्कटहरू खडा गर्दछ । सहभागिता तबमात्रै लोकतान्त्रिक भनिन्छ, जब निर्णयले प्रत्येक व्यक्तिलाई प्रभाव पार्दछ र प्रत्येक व्यक्तिलाई त्यस्तो निर्णयमा प्रभाव पार्ने बराबर अबसर प्राप्त गर्दछन् । यहाँको सहभागी भयो भन्दा पनि कसले सहभागिताको लागि विशेषताहरू बोकेको छ भन्ने हो । यो पनि समानरूपमा आवश्यक छ कि कतै सहभागीहरूको विचारहरूले सामान्य जनसङ्ख्यामा खलबल पार्दछ कि पार्दैन राजनीतिक सहभागिताले लोकतन्त्रलाई स्थायित्व र सक्षम बनाउन सहयोग गर्दछ । यसर्थ लोकतन्त्रमा कुनै भेदभाव महिला पुरुष सबैलाई निर्णय निर्माणमा प्रभाव पार्ने, प्रतिनिधित्व गर्ने र सहभागिता जनाउने बराबरी मौका र अवसरहरू उपलब्ध हुनुपर्छ । समानतामूलक राजनीतिक सहभागिता नै अन्ततः लोकतन्त्रको प्राण र सार हो ।

## २.७ सशक्तिकरण र महिलावाद

राजनीतिक सहभागिता वृद्धि हुनका लागि महिला सशक्तिकरण हुनुपर्छ । महिला सशक्तिकरण भएको खण्डमा मात्र विभिन्न निर्णय निर्माणका तहहरू उनीहरूको प्रतिनिधित्व बढ्न जान्छ । मानवअधिकारको घोषणा पत्र १९४८ ले कसैलाई पनि जातजाति, वर्ण, लिङ्ग, भाषा, धर्म, राजनीतिक आस्था आदिका आधारमा शोषण, दमन र हिंसा गर्न पाइने छैन भनी उल्लेख गरिएको छ । यसैगरी महिलासम्बन्धी सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (सिड) १९७९ का अनुसार महिला हिंसा भनेको महिलामाथि गरिने विभिन्न किसिमका शारीरिक, यौनिक, मानसिक एवं हिंसात्मक व्यवहारहरू हुन् भनेको छ ।

महिला सशक्तिकरण, उत्थान र विकासको लागि माथि प्रस्तुत अन्तर्राष्ट्रिय सन्धि सम्झौतालाई आधार मान्दै संविधानको मौलिक हकमा नै समेटिएकोमा अझ अन्तरिम संविधानको धारा २० ले महिलाको हक भनेर विशेष व्यवस्थासमेत गरेको छ । धारा २० मा उल्लेख भएअनुसार महिला भएकै कारणबाट कुनै भेदभाव गरिने छैन । संविधानका यिनै प्रावधानलाई आधार मानेर केही कानुनहरू पनि बनेका छन् । घरेलु हिंसा, कसुर र सजाय ऐन २०६६, मुलुकी ऐन २०२०, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ (नारी-माघ, २०६९) ।

महिला उत्थान र विकासका लागि महिलासम्बन्धी आयोगले महिला अधिकारको स्थापना र विकास, महिलाबिरुद्ध हुने भेदभावपूर्ण कानुन र नियममा संशोधन, विश्वमा महिला विकासको चेतना ल्याउने र महिलाहरूको हक अधिकारसम्बन्धी कानुनको संहिताकरण गर्ने र व्यवहारमा लागू गर्नेजस्ता कार्यक्रमहरू गरेको थियो । जसमा महिलाको राजनीतिक अधिकारको स्थापनामा ध्यान पु¥याएको पाइन्छ । संयुक्त राष्ट्रसङ्घको संस्थापक ५१ सदस्य राष्ट्रमध्ये जम्मा २५ राष्ट्रले मात्र महिला मतदानको अधिकार प्रदान गरेकोमा सन् १९५० मा आएर संसारका २२ राष्ट्रमा मात्र यो अधिकार स्थापना हुन बाँकी रहेकोमा अन्तर्राष्ट्रिय संस्थाले पहिलोपटक महिलाको राजनीतिक अधिकारलाई मान्यता प्रदान गरी पुरुष र महिलालाई समान दर्जामा पु¥याउने काम गरेको छ ।

महिलालाई मतदानमा भाग लिन पाउने हकमात्र होइन, उमेदवार बन्न पाउने, सार्वजनिक सेवामा सहभागी हुन पाउने, त्यस्ता सार्वजनिक वा राजनीतिक कार्यालयमा भाग लिन पाउने अधिकारको स्थापना महिला अधिकारमा गरेको पाइन्छ ।

महिलाहरू भेदभावको शिकार हुने कारण परम्परावादी कुसंस्कारहरू भएको र यसलाई जरैदेखि उखेली निराकरण गर्नुपर्दछ भन्ने उद्देश्यका साथ सन् १९७५ लाई संयुक्त राष्ट्रसङ्घको साधारण सभाले अन्तर्राष्ट्रिय नारी वर्ष घोषणा गरेको थियो । साथै विभिन्न समयमा अन्तर्राष्ट्रिय महिला सम्मेलनहरू सम्पन्न भएका छन् । सन् १९७५ मा मेक्सिकोमा प्रथम अन्तर्राष्ट्रिय सम्मेलन आयोजना भएको थियो । जुन महासन्धिमा १३० देशले मतदान गरेका थिए । महिलाविरुद्ध हुने सबै प्रकारका भेदभावसम्बन्धी महासन्धिको धारा ३० ले सदस्य राष्ट्रलाई महिला अधिकारको स्थापनामा बाध्य गराएको छ । महिलाबिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि महिलासम्बन्धी आयोगको २५ वर्षको प्रयासको एउटा उपलब्धि मानिन्छ । यसलाई नै महिलासम्बन्धी अन्तर्राष्ट्रिय वडापत्र 'International women's bill of rights' भनिएको छ ।

त्यसपछि दोस्रो अन्तर्राष्ट्रिय महिला सम्मेलन १९८० मा कोपनहेगनमा भएको थियो । यस्तै संयुक्त राष्ट्रसङ्घले सन् १९७६ देखि सन् १९८५ सम्मलाई अन्तर्राष्ट्रिय महिला दशकका रूपमा घोषणा गरेको थियो । समानता, महिला विकास, आपसी समझदारीजस्ता प्रमुख विषयमा विचार गरिएको थियो ।

महिला विकास र सशक्तिकरणका लागि विभिन्न क्षेत्रीय आयोग, अन्तर्राष्ट्रिय गैरसरकारी र राष्ट्रिय सङ्गठन, युनेस्को, मानवअधिकार आयोग आदिले महत्त्वपूर्ण योगदान दिदै आएकोमा महिला आयोगसमेत स्थापना भएका छन् (कार्की, २०६८) ।

यसरी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा महिला सशक्तिकरण तथा महिला विकासका लागि विभिन्न पहलहरू भइरहेका छन् । विभिन्न नियम, कानुन, व्वस्थाहरू सुरक्षित गरिएका छन् र विश्वकै परिवेशमा हेर्दा आधाभन्दा बढी क्षेत्र ओगटेका महिलाहरूमा कतिपय राष्ट्रहरूमा नियम कानुनमा व्यवस्था गरिए तापनि कानुनी प्रणालीमा हुने सुस्तता तथा नियम कानुनका पानामा मात्र सीमित रहनु र कतिपय स्थानमा महिलाहरूले नै आफ्नो हक, अधिकारको सम्बन्धमा कुनै चासो राख्न नसक्नु आफूमा क्षमता भएर पनि परम्परालाई आत्मसाथ गर्ने परिपाटीको विकास हुनुजस्ता कारणहरूले गर्दा महिलाहरू अघि बढी आफ्नो क्षमता र शक्ति प्रयोग गर्न सकिरहेका छैनन् । फलस्वरूप निर्णय निर्माणका विभिन्न एकाइहरूमा महिला सहभागिता चाहेअनुसार वृद्धि हुन सकिरहेको अवस्था पाइँदैन ।

महिलालाई लैङ्गिक र प्राकृतिक आधारमा समान र राज्यका हरेक पक्षमा विभेदीकरण र बहिर्गमन गरिँदै आइएको पाइन्छ । शिक्षा र राजनीतिक चेतनाका कारण पहिचान,

खासगरी अमेरिका र बेलायतबाट महिलाको सशक्तिकरण र अधिकार प्राप्तिका लागि Feminism को जन्म भएको हो । Mary Astele (1666-1731) पहिलो महिला अधिकारकर्मी बेलायती हुन् । उनले महिलामा पुरुषका दाँजोमा धेरैतर्फ र कारणहरूले पुरुषभन्दा अगाडि भएकोले महिलालाई पुरुषको सम्पत्ति मानिनु हुँदैन भनेकी थिइन् । उनले यसो पनि भनेकी छन् कि "If all men are born free, why are all women born salves" पछि अमेरिकी विभिन्न महिलाहरू हुँदै बेलायतकै John Mill र उनकी श्रीमती Harriet Taylor सर्वप्रथम महिला अधिकार र मताधिकारका सम्बन्धमा आवाज उठाएका थिए । पछि Marry Wollstonecraft (1759-1797) एक प्रमुख प्रभावकारी र प्रभावशाली महिला अधिकारकर्मीको दर्शन, विचार र अभियानले महिलावादी अभियानमा धेरै मद्दत पुऱ्यायो । लैङ्गिक अध्ययन र महिला अधिकारका सम्बन्धमा धेरै नै प्रभाव पारेको थियो (Vinod and Deshpande, 2013:387-402) ।

**महिलावाद (Feminism)**

महिलाको नीति निर्माणमा (राजनीतिमा) सहभागिता वा भूमिकाको अध्ययन गर्दा Feminism को संहितालाई चर्चा नगर्नु अपुरो अध्ययन रहन्छ । Feminism मूलतः Determining, Limiting र Essentialiting तीन अर्थमा परिभाषित गरिन्छ । Feminism फ्रेन्च शब्द हो, जुन जैविक विशेषता जनाउन प्रयोग गरियो । पछि २० औं शताब्दीमा महिलाका विशेषताहरूका आधारमा एक समूहको व्याख्या गर्न प्रयोग गरियो । पछिल्लो समयमा महिलाको समान हैशियत मूलतः राजनीतिक अडानको स्थितिका बारेमा सिद्धान्तका रूपमा यसलाई बुझिन्छ । राजनीतिक विज्ञानमा Feminism भनेको महिला हुनुबाट उनीहरू नीति निर्माणको तहमा दबिएका छन् । त्यसैले यस्तो विभेदको अन्त्य गर्दै उनीहरूलाई राजनीतिमा समान हैशियत प्रदान गर्नु हो । २० औ शताब्दीको अन्त्यतिर आइपुग्दा Feminism ले एउटा सिद्धान्तको रूप धारण गऱ्यो । जसमा मूलतः तीन विचारहरू छन् । ती हुन्-

1) Liberal Feminism (उदारवादी महिलावाद)

2) Radical Feminism (क्रान्तिकारी महिलावाद)

3) Socialist/Marxin Feminism (समाजवादी (मार्क्सवादी) महिलावाद)

महिलाका अधिकारको सिद्धान्तबाट जुन Wollstonecraft को दर्शन थियो, त्यसबाट प्रभावित भै अमेरिकामा धेरै महिला अभियन्ताहरू अगाडि आए । जस्तैः Hannah Mather Corcrer (1752-1829), Lucretia Mott 91793-1880), Margaret Fuller (1810-1850), Flyzabeth Cadystatch (1815-1902), Susan B. Antheny (1820-1906) आदि हुन् ।

महिलावादको पहिलो लहरले खासगरी महिलाका समान अधिकार, शिक्षा र काममा पहुँच, सम्पत्तिमाथि कानुनी अधिकार, विवाहको अधिकार आदिमा जोड दिएको थियो । यस्ता अभियानहरू सिद्धान्त निर्माणभन्दा पनि कार्यात्मकरूपमा थिए (Hant and Cavey, 2004)।

महिलाको अधिकार प्राप्तिमा अर्को अभियान भनेको Suftragette Movement थियो । जुन बेलायतमा २० औं शताब्दीमा सुरुका दशकहरूमा देखा परे तापनि अमेरिकालगायत धेरै युरोपेली राष्ट्रहरूमा प्रभाव पारेको थियो । J.S. Mill ले महिलाहरू तार्किक र बौद्धिक छन्, त्यसैले लिङ्ग विभेदको आधारमा अधिकारबाट वञ्चित गरिनु हुँदैन भने । त्यस्तै न्यायीक सिद्धान्त, नागरिक चेतना आदिका आधारमा महिलाहरू पुरुषभन्दा तल छन् भन्ने कुराको कडा प्रतिवादन गर्दै महिला अधिकार र मताधिकार सम्बन्धमा आफ्ना दर्शनमार्फत् आवाज उठाए । जसले गर्दा अमेरिका, बेलायत र धेरै युरोपेली देशहरूमा महिला मताधिकारका लागि सबै महिलाकर्मीहरूलाई एकै ठाउँमा ल्याउन मद्धत गऱ्यो । फलस्वरूप महिलाहरूले मताधिकार प्राप्त गर्न सफल भए । त्यस्तै प्रथम विश्वयुद्धमा धेरै जनशक्ति आवश्यक पऱ्यो, जहाँ महिलाहरूले सशक्त भूमिका निर्वाह गरेर पुरुषसँग महिला पनि कुनै पनि बहस गर्न सक्षम छन् भन्ने पुष्टि गरे ।

महिला मताधिकार आन्दोलनका बारेमा बेलायती लेखक G.K. Ghestekan (1943) लेख्छन्-Twenty million young women roes to their feet with the sky 'We will not be dictated to; and proceeded to become stenographers'.

Feminism को दोस्रो लहर १९६० देखि सुरु भएको मानिन्छ । यो आन्दोलन महिलाको शरीर केन्द्रित भै सिद्धान्त निर्माणमा लागेको थियो । महिला Sex / Gender दुबै आधारमा विभेदीकरण छन् । Sex भन्ने कुरा जैविक फरकपन भए पनि लैङ्गिक फरक पनि समाज र त्यसको संस्कृतिले उत्पत्ति गरेको हो, त्यसैले समाजमा महिला माथि हुने विभेद सामाजिक र साँस्कृतिक आशयको हो  जैविक हैन भन्ने सिद्धान्त अगाडि आयो । जस्तै उदारवादी, मार्क्सवादी, समाजवादी र क्रान्तिकारी महिलावादी विचारले धेरै देन दिए । यसक्रममा Semon de Beauvoir's The Second Sex (1949) र Betty Friedan's The Feminine mistique (1963) उल्लेखनीय क्रान्तिकारी विचारहरू हुन् । त्यस्तै Feminism को तेस्रो लहर

१९९० को दशकमा सुरु भएको मानिन्छ । जुन विविधता र बहुलतामा उल्लेख्य मानिन्छ । महिलावादी साहित्यमा यसलाई उत्तर आधुनिकवादी विचार मानिन्छ । यो आन्दोलन सेता र मध्यमवादी पश्चिम केन्द्रित नभै तेस्रो विश्व र सम्पूर्ण विश्व केन्द्रित अभियान हुन पुग्यो । यस अभियानले पहिलो र दोस्रो लहरको भन्दा पृथक स्वरूप र अस्तित्व खडा गऱ्यो । Naomi Wolf's को पुस्तक Fire with Fire: The New Female Power and How it will change the 21st Century (1993), द्वारा 'Victim Feminism' लाई नकार्दै "Power Feminism' को पक्षमा वकालत गऱ्यो । उनले भनिन्-The Women Should Comeout of Persecution Complex, and should stop being victious, but should energise their capacity for getting the rightful plane in the socitey.

२१ औं शताब्दीको सुरुवातसँगै महिलावाद (Feminism) विविधता, बहुसाँस्कृतिक र उत्तरआधुनिक रूपमा परिभाषित भएको छ । जसले जुनसुकै प्रकारको सामान्यीकरण र सर्वव्यापीकरणको वकालत गर्दछ । Feminism एउटा सिद्धान्तमात्रै हैन, एउटा सशक्त राजनीतिक आन्दोलनको पनि नाम हो । यसले धेरै मूलधाराको राजनीतिक सिद्धान्त र अभ्यासमा धेरै प्रश्नहरू उठाएको छ । जसले एउटा आदर्श प्रस्तुत गरेको छ । जसबाट सो प्राप्तिको लागि रणनीतिहरू योजनाबद्ध गरिएका छन् । अझ Feminism एउटा दर्शन र विचारधारा भएको छ । त्यसैले Feminism बहुलतायुक्त छ यसको आधारमा, सिद्धान्तहरूमा व्यवहारमा र रणनीतिहरूमा ।

### उदारवादी महिलावाद (Liberal Feminism)

राज्यको सत्ता र शक्तिको अधिकारबाट नियन्त्रणबाट पृथक राख्न व्यक्तिगत स्वन्त्रताको अवधारणा नै उदारवादी सिद्धान्त हो । यसले तर्क र बौद्धिकताको क्षेत्रमा आधारित व्यक्तिगत स्वतन्त्रता, अधिकार र समानतामा जोड दिन्छ । उदार महिलावादले पनि असमानताको उन्मूलनमा मत जाहेर गर्दै सार्वजनिक क्षेत्रमा समानताको सिद्धान्तका आधारमा पुरुषसरह महिलाको समान अधिकार प्राप्तिमा जोड दिन्छ । लिङ्गका आधारमा भएको असमानता जस्ता कृत्रिम अवरोधको विषय नभै लोकतन्त्रमा विश्वास गर्दै महिलाको आफ्नो क्षमता अभिवृद्धि गर्ने कुरालाई आधार यसले मान्दछ । राज्यको अस्तित्व स्वीकार्दै यसको हस्तक्षेपको विरोध गर्दैनन् । बरु महिला भएकै नाताले राज्यले कुनै विभेद गर्नुहुँदैन भन्दछन् । राज्य यस्तो माध्यम हो, जसले अधिकारको स्थापना गर्दै स्वतन्त्रता र समानताको व्यवस्था गर्दछ । फरक पात्रले राज्यले इतिहासका आधारमा पितृसत्तात्मक स्वरूप लिनु हुँदैन यसको ठीक विपरीत

लिङ्गीय समानता प्राप्ति गर्न सहयोग पुऱ्याउनुपर्दछ (Vinod And Deshpande 2013:392-93)।

### क्रान्तिकारी महिलावाद (Radiocal Feminism )

यसलाई महिला केन्द्रित अवधारणा पनि भनिन्छ । समाजको असमान शक्तिको स्थितिलाई यसले जोड दिन्छ । यसको मुख्य आधारमा पितृसतात्मक र पुरुषहरूले अधिनस्थ महिला छन् र उनीहरू उपर यौन शोषण गरिनु नै हो । क्रान्तिकारी महिलावादीहरू उदारवादलाई मान्दैनन् । राज्य र पुरुषप्रतिको नरम झुकावले बिरोध गर्दछन् । जस्तै Germaine Greer ले The Female Eunuch (1970) मा भन्दछिन्, पुरुषले महिलामाथि यौनात्मक रूपमा नियन्त्रण गर्नु नै महिलामाथिको शोषण र दमनको मुख्य कारण हो । पुरुषको शक्तिको स्रोत पितृसत्ता हो, जुन पछि राजनीतिक सत्ता नै बन्न पुग्यो । Kae Millet ले पनि Seual politics (1970) मा यही कुरा भनेकी छिन् । त्यसैले महिलावादी नारा निजी नै राजनीति हो, दिइएको थियो तर अन्य महिलावादीहरू क्रान्तिकारी महिलावादीको यो बुझाइ असत्य चेतनामा आधारित भएको मान्दछन् । महिला पुरुषको सम्बन्धमा खुशी हुनेहरू र सोहीअनुसार जीवन यापन गरिरहेका उपर यसले दोष थुपार्न खोजेको देखिन्छ ।

### उदारवादी महिलावाद (Socalist/Marxist Feminism)

यो सिद्धान्त समाजको वर्गीय स्वरूपमा आधारित छ । वर्गीय विभेदले महिलामाथि दमन गरेको छ, पुरुष र महिलाबीचको असमानता लगायतको वर्गीय संरचनाका परिणाम हुन् । यो अवधारणाले मार्क्सको दृष्टिकोणअनुसारकै पितृसतात्मक र वर्गीयलाई महिला समानताको कारण मान्दछ । Alisan Mary Jagger ले Feminist Politics and Human Nature (1983) मा समाजवादी महिलावादका सन्दर्भमा लेखेकी छिन्-The central project and socialist feminism is the development of a political theroy and practice that will synthesize the best insights of radical feminism and of the marxist tradition and that will simultaneonsly escape the problems associated with each… the one solid basis of agreement among socialist feminism is that womens alienation, the sexual divisiion of labour must be eliminated in every area of life... the goal of socialist feminism is to abolish the social relation that constitue humans not only as workers and capitalists but alos as women and men. (quoted by Skoble and Machan, 1999).

समाजवादी महिलावादको विचारधाराको समसमयिक महिलावादमा प्रभाव पारी आएको पाइन्छ । जस्तै आर्थिक समाानता र समान कामका लागि समान ज्याला जस्ता उपलब्धि र नाराहरूमा यस सिद्धान्तको प्रशस्त प्रभाव पारेको पाइन्छ ।

माथि उल्लेखित सिद्धान्तहरूका अलावा महिलावादसँग नागरिकता, शक्ति र राज्यको अन्तरसम्बन्ध बारेमा धेरै धारणाहरू पाइन्छन् ।

महिला र नागरिकताका सन्दर्भमा तीन धारणा छन् । जस्तैः

१) Gender -Neutrality model -यसले महिला पुरुषसँगै समान छन् भन्दछ, अर्को

२) Gender Differentiatiou model– यसले महिला पुरुषभन्दा पृथक छन् भन्दछ, र तेस्रो

३) Gender -muralinu model- यसले पुरुषहरू र महिलाहरू विभिन्न समूहहरूका सदस्यहरू हुन्, जसले बहुपहिचान राख्दछ भन्दछ ।

जेहोस्, Ruthlister ले सबैभन्दा उत्तम उपाय 'Women-friendly litisenship' हुनुपर्छ भन्दछिन् (www.socsu.aau.dk/cost/gender/working paper/lister.pdt)
राज्यसम्बन्धी धारणामा महिलावादले सामाजिक सम्झौतालाई Sexual Contrast भन्दछन् । पितृसत्तात्मक राज्यको बिरोध त्यस्तै राज्यमा पुरुषले महिलामाथिको उत्पीडन यही आधारमा गर्नु ठीक छैन भन्दछन् ।

राज्यले यस्तो नकारात्मक भूमिकाको पुनर्मूल्याङ्कन भै महिला समानता र स्वतन्त्रतामा आधारित राज्य हुनुपर्छ भन्दछन् । त्यस्तै महिलावादको शक्तिको अवधारणाका सन्दर्भमा शक्ति भनेको स्वतन्त्रता, प्रभाव, पूर्णताको क्षमता, संस्थागत अवस्थितिको प्राप्ति संस्थाउपर, स्रोतसाधन र मानिस उपर नियन्त्रण, सार्वजनिक क्षेत्रमा सहभागिता निर्णय निर्माणमा र स्रोत साधन उपर पहुँच आदिका अर्थमा लिइन्छ । महिलावादको दृष्टिले शक्ति भनेको सुरुमा स्रोतसाधन उपर नियन्त्रण र पछि संस्थाहरू र मानिस उपरको नियन्त्रण र प्रभाव नै हो । लोकतन्त्रमा शक्ति लैङ्गिक विभेद नभै सार्वजनिक र व्यक्तिगत क्षेत्रहरूमा महिलाको पहुँच, नीति निर्माणमा सहभागिता साररूपमा समानता र स्वतन्त्रता नै हो । यो महिला सशक्तिकरणका लागि हुनुपर्छ । त्यसैले Lynne Segal (1987) भन्दछिन्-We wanted power to participate in making of a new world which would be free from all forms of domination (Segal, 1987:2)।

## २.८ नेपालमा लोकतन्त्र र महिला सहभागिता

### लोकतन्त्रको अवधारणा

लोकतन्त्र अङ्ग्रेजी शब्द Democracy को नेपाली अनुवाद हो । यो शब्द ग्रीक भाषाको demokratia बाट आएको हो । demos को अर्थ जनता (people) र kratos को अर्थ शासन (rule) भन्ने हुन्छ । यसको संयोजनबाट जनताको शासन (rule of the people) भन्ने अर्थ जनाउँछ Waster Online Dictionary मा यसको अर्थ government by the people: rule of the majority to a government in which the supreme power is vested in the people and exercised by them directly or indirectly through a system of representation usually involving periodically held free elections भनी दिइएको छ । Black's Law Dictionary मा Democracy को अर्थ "Government by the people, either directly or through representatives" भनी उल्लेख गरिएको छ (भट्टराई, २०६६:१९९) । ग्रीकहरू जस्तै रोमबासीहरूले लोकतन्त्रलाई "गणतन्त्र" को नाम दिए । ऐतिहासिक रूपमा प्रयोग भएको प्रजातन्त्र र गणतन्त्रमा भिन्नता नभएको देखिन्छ । यी दुबै शब्दले आफै या प्रतिनिधिमार्फत् मापदण्डसहितका प्रक्रियाहरू अपनाएर उत्तरदायी सरकार निर्माण गर्ने व्यवस्थालाई जनाउँछन् ।

सामान्यरूपमा हेर्दा सहज भए तापनि लोकतन्त्र शब्दको परिभाषा गर्नु ज्यादै कठिन छ । निरङ्कुश शासकहरूले पनि आफ्नो ध्येय पूरा गर्न यसको आश्रय लिएका छन् भने धेरैजसो राजनीतिक दलहरूले कुनै न कुनै रूपमा यो शब्दको प्रयोग गरेर आफ्नो नाम राख्ने गरेका छन् । गम्भीररूपमा हेर्दा यो शब्द "न्याय" र "सभ्यता" शब्दको प्रयोगजस्तै भएको छ । उत्तर कोरियाले आफूलाई Democratic people Republic of Korea भन्दछ । जबकि उसलाई यस धरतीमा कतिपयले अलोकतान्त्रिक राष्ट्र मान्दछन् ।

लोकतन्त्रलाई निश्चित परिभाषाभित्र बाँध्न कठिन छ किनकि यसका विभिन्न स्वरूपहरू हुन सक्छन् जो यसका मापदण्डबाट मात्र मापन गर्न सकिन्छ । समग्रमा निश्चित राजनीतिक समुदाय भित्र बस्ने सार्वभौम जनताहरूले आफ्नो हकमा आफै निर्णय गर्ने व्यवस्था नै लोकतन्त्र हो भन्न सकिन्छ । यसको प्रयोग प्रत्यक्ष वा प्रतिनिधिहरूमार्फत् हुन सक्ने लामो अभ्यासले स्थापित गरिसकेको देखिन्छ तर प्रक्रिया पनि लोकतान्त्रिक हुनुपर्दछ ।

जनताले आफ्नो निर्णय आफै गर्न पाउने शासन नै लोकतन्त्र हो । विश्वका धेरैजसो शासक एवं सरकारले आफूलाई प्रजातन्त्रवादी भन्दछन् । चाहे ती पुँजीवादी, साम्यवादी,

तानाशाही वा निरङ्कुश नै किन नहुन् । प्राचीन समयमा एथेन्सका केही राज्यमा प्रजातन्त्र शासनको स्वरूपका रूपमा थियो तर प्रथम विश्वयुद्धपछि मात्र विश्वमा प्रजातान्त्रिक प्रक्रियाले गति लिन थालेको पाइन्छ । दोस्रो विश्वयुद्धपछि यो अभियानले तीव्रता लिएको पाइन्छ । निरङ्कुश राजतन्त्र तथा अधिनायकवादी शासन व्यवस्था ढल्दै गए र त्यसको ठाउँमा प्रजातन्त्र लागू हुँदै गएको पाइन्छ । विश्वव्यापीरूपमा प्रजातन्त्रलाई उचित र आदर्श राजनीतिक तथा सामाजिक सङ्गठनको रूपमा लिइन्छ ।

## २.९ लोकतन्त्रका स्वरूपहरू

लोकतन्त्रका स्वरूपहरू निम्नानुसार रहेका छन्

१) शासनको स्वरूप -जनप्रतिनिधिबाट शासन सञ्चालन गर्ने व्यवस्था ।

२) राज्यको स्वरूप - संप्रभुता जनतामा निहित भई सञ्चालन हुने राज्य व्यवस्था ।

३) समाजको स्वरूप -समाजमा रहेका विभिन्न वर्गको समान सहभागिता ।

४) जीवनको विशिष्ट दृष्टिकोण-भातृत्व, मित्रता, परोपकार रहेको ।

५) नैतिक स्वरूप : नैतिकतामा आधारित व्यक्तित्वको विकास ।

६) आर्थिक स्वरूप : समाजमा हुने धनी र गरिब वर्ग र समुदायका बीचको खाडल कम गर्ने, आर्थिक शोषण हुन नदिने (पौडेल, २०६८:१७) ।

जनप्रतिनिधिबाट सञ्चालित, नैतिकतामा आधारित शोषणरहित समाज सञ्चालनको प्रजातान्त्रिक पद्धतिमा नै लोकतन्त्रको प्रतिबिम्व देखिन्छ ।

## २.१० लोकतन्त्रका प्रकार

१) **प्रत्यक्ष लोकतन्त्र** -नागरिक स्वयम् राज्य सञ्चालनमा सहभागी हुन्छन् भने त्यसलाई प्रत्यक्ष लोकतन्त्र भनिन्छ । यो सफल हुनका लागि राज्यको आकार सानो मानिसका आवश्यकता सीमित, सरल, राजनीतिक अवस्था, नागरिकहरूलाई सीमित नागरिकता प्रदान गर्नुपर्ने हुनछ (बराल : २०५८:७१) ।

२) **अप्रत्यक्ष लोकतन्त्र** - सरकारको कार्यक्षेत्र विस्तार हुँदै जाँदा नागरिकका आवश्यकताहरू बढ्दै गए । यस्ता कारणहरूले प्रत्यक्ष प्रजातन्त्र व्यवहारिकरूपमा सफल हुन सकेन । त्यसैले अप्रत्यक्ष प्रजातन्त्र अपनाउन थालिएको हो । यस अवस्थामा जनता आफै राज्य सञ्चालन नगरी उनीहरूको प्रतिनिधिमार्फत् वालिग

मताधिकारबाट शासन सञ्चालन भएको पाइन्छ । अप्रत्यक्ष प्रजातन्त्रमा संसदीय सरकार, गणतन्त्रात्मक सरकार, सङ्घीय सरकार, संवैधानिक राजतन्त्रात्मक सरकार र एकात्मक सरकार पर्दछन् ।

## २.११ नेपालमा लोकतन्त्र प्राप्तिका सङ्घर्षहरू

### १) वि.सं २००७ सालको आन्दोलन

श्री ३ जंगबहादुर राणाद्वारा स्थापित राणा शासन १०४ वर्षसम्म कायम रह्यो । लखन थापाबाट सुरु गरिएको राणा बिरोधी आन्दोलन सन् १९५०-५१ मा पूरा भयो । १०४ वर्षे राणा शासनको शिकार श्री ५ र नेपाली जनताहरू बन्न पुगे । राजनीतिक कारण, आर्थिक कारण, सामाजिक कारण, राजा र अन्तर्राष्ट्रिय कारण आदिले गर्दा राणा शासनबिरुद्ध सङ्घर्षको सुरु भयो र अन्तरिम शासन विधान २००७ जनताले प्राप्त गर्न सफल भए । राणाहरूले गरेको हालीमुहाली शासनको अन्त्य भई प्रजातान्त्रिक व्यवस्था सुरु भयो ।

### २) वि.सं. २०४६ सालको जनआन्दोलन

वि.सं. २०१५ सालको आमनिर्वाचनबाट निर्वाचित प्रजातान्त्रिक संसदीय सरकारलाई वि.सं २०१७ साल पुष १ गते तत्कालीन राजा महेन्द्रले विघटन गरेका थिए । यही घटनापछि नेपालमा पञ्चायती व्यवस्थाको सुरुवात भएको थियो । यस व्यवस्थाभित्र भएका अन्याय, अत्याचार र निरङ्कुशताको अन्त्यका लागि विभिन्न प्रतिबन्धित दलहरूले समय समयमा आन्दोलन गरेको भए पनि सफल हुन सकेनन् । अन्ततः २०४६ सालको जनआन्दोलनमा विभिन्न राजनीतिक दलहरूले महत्त्वपूर्ण भूमिका खेलेका थिए । पञ्चायत नढलेसम्म संयुक्त जनआन्दोलन गरिरहने निर्णयस्वरूप उनीहरु अघि बढ्दै गए । अन्त्यमा २०४६ सालको फगुन ७ गतेदेखि २०४६ चैत्र २६ गतेसम्म ५० दिनसम्म लगातार चलेको आन्दोलनले सफलता प्राप्त गर्‍यो  र २०४६ सालको जनआन्दोलन सफल भई नेपालमा पञ्चायती व्यवस्थाको अन्त्य सँगै राजाको निरङ्कुश शासनको पनि अन्त्य भयो । राजालाई संविधानअन्तर्गत ल्याइयो र नयाँ प्रजातान्त्रिक वातावरण आरम्भ भयो ।

## ३) वि.सं. २०६२/०६३ जनआन्दोलन

ने.क.पा.(माओवादी) ले सशस्त्र युद्ध सञ्चालन गरिरहेको समयमा २०६२ मंसिर ७ गते ने.क.पा.(माओवादी) सँग सात राजनीतिक दलहरूले १२ बुँदे सहमति गरेपछि आन्दोलनले नयाँ चरणमा प्रवेश गरेको थियो । संसदको पुनर्स्थापना, सर्वदलीय सरकार, माओवादीसँग वार्ता, अन्तरिम सरकार, संविधानसभामा जाने सात दलको रोडम्याप कार्यान्वयन गराउन २०६२ चैत २४ गतेदेखि अन्तिम चरणको आन्दोलन सुरु भएको थियो । यस आन्दोलनका क्रममा नेकपा माओवादीले समेत पूर्ण सहयोग गरेको थियो । जसको फलस्वरूप विभिन्न ठाउँमा लाखौलाख मानिसको सहभागिता हुन गयो । आन्दोलन चर्कने र अन्तर्राष्ट्रियस्तरबाट दबाव बढ्दै गएपछि राजाबाट २०६३ साल वैशाख ८ गते शाही घोषणा भयो र नेपाल अधिराज्यको संविधान २०४७ को धारा ३५ अनुसारको कार्यकारी अधिकार भएको सरकार गठन गर्न सात दललाई आह्वान भयो । यस घोषणाबाट आन्दोलन रोकिन सकेन । त्यसपछि २०६३ साल वैशाख ११ गते सात दलको रोडम्यापअनुसार जनतालाई सार्वभौमसत्ता सुम्पिएको र प्रतिनिधिसभाको पुनर्स्थापना गरेको घोषणा गरेपछि आन्दोलन स्थगित भयो । यसरी २०६२/०६३ को जनआन्दोलनले जनतालाई अधिकारसम्पन्न बनाउने वातावरणको सिर्जना गरी टुङ्गोमा पुग्यो । यस आन्दोलनमा २५ जना सहिद हुन पुगे भने कतिपय घाइते र अपाङ्ग भएका थिए ।

नेपालमा प्रजातन्त्र प्राप्तिका लागि भएका सबै जनआन्दोलन चाहे त्यो २००७, २०४६ र २०६२/०६३ नै किन नहोस् महिलाहरूले पुरुषसँग हातमा हात र काँधमा काँध मिलाएर आन्दोलनमा होमिएका घटनाहरू सबैलाई विदितै छ । यिनै विभिन्न जनआन्दोलन अझ २०६२/०६३ को आन्दोलनमा कैयौँ महिलाहरू घाइते भएर अपाङ्गताको जीवन बिताउनु परेको छ । नेपाली इतिहासमा हेर्दा वि.सं. २०४६ सालमा संयुक्त बाममोर्चाको अध्यक्ष पदमा साहना प्रधान रहनुभएको प्रष्ट छ । २०४६ सालपछि नेपाली राजनीतिमा महिला सहभागिता दर क्रमिक रूपमा वृद्धि हुँदै गएको पाइन्छ । संविधानले नै महिलालाई राजनीतिक सहभागिता अनिवार्य गराउनका लागि छुट्टै सिट आरक्षण गरिदिने व्यवस्था समेतबाट महिला सहभागिता सङ्ख्या क्रमिकरूपमा विकसित हुँदै गएको छ । यस्तै महिलासम्बन्धी भएका विभिन्न सभा, सम्मेलनबाट महिला विकास र सहभागिता वृद्धि गराउने उद्देश्यले स्थापित विभिन्न सङ्घसंस्थाहरू आदिको प्रभावका कारण नेपालमा महिला सहभागिता प्राचीन समयको तुलनामा भन्दा विकसित हुँदै गएको पाइन्छ ।

विभिन्न लैङ्गिक विभेदको अन्त्य र समावेशीकरणका मुद्धाहरूले स्थान पाउन थालेपछि महिलाको सहभागितामा राहत प्राप्त भएको छ । नेपालमा २०४७ सालको संविधानले महिला प्रतिनिधि तल्लो सदनमा ५ प्रतिशतको कल्पना गरेको थियो । अहिले नेपालमा अन्तरिम संविधान, २०६३ ले ३३ प्रतिशत सभासद महिलाहरूको परिकल्पना गरेकोमा सोही बमोजिम निर्वाचित भएका छन् । २०४७ सालको संविधानमा न्यून सहभागिताको परिकल्पना गरिएको भए तापनि पछि प्रत्येक नगरपालिका र गाविसका वार्डहरूबाट कम्तिमा एक जना प्रतिनिधित्व हुने व्यवस्था गरेपछि महिला प्रतिनिधिहरू स्थानीय निकायमा उल्लेख्य रूपमा देखिएका थिए ।

२०१५ सालको निर्वाचनमा नेपाली काँग्रेसका तर्फबाट द्वारिकादेवी ठकुरानी विजयी भइन् र उनी मन्त्री बनेकी थिइन् । २०५२ सालपछि माओवादी जनयुद्धमा होमिएका कैयौँ सङ्ख्यामा महिला नै थिए । माओवादीले सशस्त्र सङ्घर्ष गर्ने क्रममा महिलाहरूलाई सेनामा भर्ती गराएको थियो ।

यसरी पछिल्लो समयमा एशियाली देशको तुलनामा नेपाली राजनीतिमा महिला नेतृहरू पनि प्रशस्त देखिएका छन् । भूपू उपप्रधानमन्त्री स्व. शैलजा आचार्य, साहना प्रधान, उर्मिला अर्याल, पम्फा भुषाल, सीतादेवी पौडेल, करिमा बेगम, सरिता गिरी, सत्या पहाडी लगायतका महिला नेतृहरू मन्त्रीसमेत भएका छन् ।

# *परिच्छेद-तीन*

# राज्यको व्यवस्थापकिय नीति निर्माणको तहमा महिलाहरुको प्रतिनिधित्त्व

## ३.१ नेपालमा राजनीतिक सहभागिता र महिलाको प्रतिनिधित्व

नेपालमा २०४७ सालभन्दा पूर्व राजनीतिक हकका निम्ति पुरुषसँग काँधमा काँध मिलाएर महिलाहरूले सङ्घर्ष गरेका थिए । देशको राजनीतिक लडाइँमा सहयोद्धाका रूपमा भूमिका निर्वाह गरेकाले उनीहरूले त्यसपछिको आमनिर्वाचनमा केही प्रतिनिधित्वको सुरक्षित अधिकार प्राप्त गरेका थिए । सन् १८१४ को नालापानीमा भएको युद्धमा नेपाली महिलाद्वारा देखाइएको वीरता नै ऐतिहासिक वीरता एवं राजनीतिक जागरणको सुरुवात थियो । त्यसपछि सन् १९१७ मा सिराहामा योगमायादेवी र दिव्यदेवी कोइरालाद्वारा गठन गरिएको प्रथम महिला सङ्गठन राजनीतिक एवं सामाजिक चेतना फैलाउने प्रथम प्रयास थियो (पौडेल, २०६८) । राणाकालमा महिलाद्वारा प्रजातन्त्रका लागि भएको आन्दोलन सन् १९४७ को विराटनगर जुटमिल आन्दोलन महत्त्वपूर्ण ऐतिहासिक घटना मानिन्छ । जसबाट राणाहरूको निरङ्कुशता प्रष्ट्याइएको थियो । जहाँ सुशीला कोइराला, नोना कोइराला, कामिनी देवी आदि अग्रगामी महिलाले गहन भूमिका निर्वाह गरेका थिए ।

राणाकालमा मतदानको अधिकार महिला त के पुरुषलाई पनि थिएन । तसर्थ दुबैले एकसाथ सङ्घर्षमा हात बढाएका थिए । २००७ सालमा प्राप्त प्रजातान्त्रिक व्यवस्थाको २०१७ सालमा अपहरण भएको थियो । त्यसपछि ३० वर्षसम्म पञ्चायती एकतन्त्रात्मक व्यवस्था सुरु भएको थियो । जहाँ संविधानभन्दा माथि राजा थिए । २०१७ सालदेखि २०४६ सालसम्म महिलाको राजनीतिक, सामाजिक, आर्थिक उन्नतिका निम्ति न्यून मात्रामा प्रयासहरू भए । २०४६ सालको आन्दोलनपछि महिलाहरू अति सक्रिय भई अगाडि बढेको पाइन्छ । नेपालले २०४७ सालपछि नागरिकका लागि राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि १९६६ र १९९२ मा महिलाबिरुद्ध हुने सबै प्रकारको भेदभावसम्बन्धी

महासन्धी (CEDAW) मा हस्ताक्षर गरेको थियो । यसपछि नेपालमा राजनीतिक अधिकार प्रदान गरियो र नागरिकका लागि राजनीतिमा प्रवेश गर्ने चारैवटा ढोका खुला भएको पाइन्छ । यस्तै अन्तर्राष्ट्रिय मान्यताअनुसार संयुक्त राष्ट्रसङ्घले देखाएको बाटोअनुसार नेपालले महिला आयोगको समेत गठन गरेको छ । जहाँ महिलासम्बन्धी गम्भीर विवाद र हिंसाका मामिलाहरू हेर्ने गरिन्छ । लैङ्गिक समानताको आधारबाट अन्तरिम संविधान २०६३ मा ३३ प्रतिशत महिला सभासदहरूको उपस्थिति, निर्वाचित वा समानुपातिकका आधारमा जम्मा ६०१ जना सभासदमध्ये १९१ जना महिलाहरूको प्रतिनिधित्व र मनोनीत ६ समेत गरी जम्मा १९७ जना महिला संविधानसभामा प्रतिनिधित्व गरेका थिए (पौडेल, २०६८) ।

यसरी नेपालको राजनीतिक क्षेत्रमा महिलाको सहभागिता वृद्धि गर्नका लागि यसरी विभिन्न संविधान, कानुन र नियमहरूमा महिलासम्बन्धी विशेष व्यवस्थाहरू उल्लेख गरिएको छ । यस्तै लैङ्गिक समानताका लागि अन्तरिम संविधानमा मौलिक हकसम्बन्धी प्राबधानमा महिला सम्बन्धी दफा २० मा राखिएको छ ।

कानुनमा जे जति व्यवस्थित छन् ती तिनै नियम कानुनका कागजी पानामा मात्र सीमित हुन पुगेका छन् । व्यवहारमा पूर्णतः लागू भएका छैनन् । महिला समानता र लैङ्गिक हिंसा तथा महिला उत्थान र सशक्तिकरणका लागि नेपालमा हजार सङ्ख्यामा गैरसरकारी सङ्गठन र अन्तर्राष्ट्रिय गैरसरकारी सङ्गठन सक्रिय छन् तर परिणाम केही देखिएको छैन । महिलाको शैक्षिकस्तर हेर्दा ४२.८ प्रतिशत तर पुरुषको चाँही ६० प्रतिशत छ । राम्रो पढेलेखेका महिलाहरू त जम्मा १० प्रतिशत मात्र होलान्, सार्वजनिक क्षेत्रमा सबैले प्रवेश पाएका छैनन् । यहाँ गरिब महिलाहरूको प्रत्येक वर्ष अशिक्षा, दमन, आर्थिक अभावका कारण र फकाएको फुल्याएको वा स्वयम् आफन्तबाट १२ देखि १५ हजार बालबालिका बिक्री हुने गर्दछन् । ग्रामीण क्षेत्रमा सार्वजनिक सेवा र सुविधाको पहुँच पुग्न नसकेका कारण यसो हुन गएको हो । राजधानी र सहरमा मात्र महिलावादको भाषण गरेर महिलावाद स्थापना हुन सक्ने अवस्था छैन ।

समग्रमा भन्नुपर्दा नेपालको राजनीतिमा महिलाको भूमिका अत्यन्तै महत्त्वपूर्ण रहेको छ । नेपालको प्राचीन तथा मध्यकालदेखि नै महिलाहरूले नेपाली राजनीतिमा योगदान पुऱ्याउँदै आएका छन् । १०४ वर्षको राणाशासनबिरुद्ध, अँग्रेजसँगको युद्ध, २००७ सालको जनक्रान्ति, २०४२ सालको सत्याग्रह आन्दोलन र २०४६ सालको महत्त्वपूर्ण राजनैतिक परिवर्तनका लागि नेपाली महिलाले अटल साहस देखाएका छन् । त्यसपछि २०६२/०६३ सालको जनआन्दोलनमा त झन् महिला, पुरुष एक ढिक्का भई होमिएको देखिन्छ ।

राजनीतिक सहभागितामा महिलाहरूको पहुँच वृद्धि गर्नका लागि राजनीतिक संरचनाको तल्लो तहदेखि वृद्धि हुनुपर्ने हुन्छ । एक/दुई जना माथिल्लो पदमा गएर मात्रै सहभागिता बढ्ने आशा नराखे हुन्छ । साथै अशिक्षा, अज्ञानता, भ्रष्टाचार, अनैतिकता, चरित्र हत्या, महिला सहभागिता वृद्धि गर्ने सङ्गठनात्मक संरचनाको कमी जस्ता कुराहरूले गर्दा महिलाहरू राजनीतिक र सार्वजनिक जीवनमा सक्रिय भई अघि बढ्न नसकेको पाइन्छ । साथै बालविवाह, सतीप्रथा झुमा बस्ने, दास प्रथा, देउकी प्रथा, दाइजो प्रथा आदि जस्ता समाजमा रहेका अन्धविचार र कुसंस्कारको जरो उखेल्नु महिला विकासका लागि महत्वपूर्ण विषय हुन् । साथै दाइजो प्रथा, परम्परागत संस्कार हावी रहनुजस्ता कुराहरूले महिलाको राजनीतिक सहभागितामा प्रत्यक्ष असर पारेको छ भन्दा फरक नपर्ला ।

प्रजातन्त्रको पुनर्स्थापनापछि २०४८ सालमा भएको पहिलो जननिर्वाचनमा महिलाहरूको सहभागिता के कति थियो भनी गरिएको सर्वेक्षणमा निम्नानुसार प्रतिनिधित्व रहेको पाइयो । राष्ट्रिय विधायिकामा महिलाको सहभागिता ३.९ प्रतिशतमात्र थियो । २०५१ सालमा मध्यावधि चुनावपछि वृद्धि भई ६ जना माथिल्लो सभा र तल्लो सभामा २०५ जना सदस्य मध्ये निर्वाचित सङ्ख्या ७ जनामात्र भयो । वि.सं. २०५६ सालमा भएको निर्वाचनमा महिलाको कूल उमेदवारी ६.१० प्रतिशत थियो भने निर्वाचित महिलाको सङ्ख्या १२, जुन प्रतिशतको हिसावले ५.९ थियो । यसैगरी माथिल्लो सदनमा ६० जना सदस्यमध्ये निर्वाचित महिलाको सङ्ख्या ९ मात्र थियो ।

## ३.२ संसदीय निर्वाचन २०४८ मा महिला प्रतिनिधित्व

प्रजातन्त्र पुनर्स्थापनापछिको पहिलो चुनावमा राष्ट्रिय मान्यताप्राप्त पार्टी, अन्य साना पार्टी र स्वतन्त्र समेत गरी १२६२ पुरुषले उमेदवारी दिएका थिए । यसमा ८० जना अर्थात् ६.३२ प्रतिशत महिला उमेदवार थिए ।

**तालिका नं. ३.१**

**पार्टीगत उमेदवारी (आमनिर्वाचन, २०४८)**

| पार्टी | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ने.काँग्रेस | ११ | १९३ | २०४ | ५.३९ |
| एमाले | ९ | १६८ | १७७ | ५.०८ |
| राप्रपा | १७ | २०१ | २१८ | ७.७९ |
| नेसपा | ५ | ७० | ७५ | ६.६७ |
| अन्य बाम | २६ | १८५ | २११ | १२.३२ |
| स्वतन्त्र | १४ | ३४६ | ३६० | ४.०५ |
| जम्मा | ८२ | ११६३ | १२४५ | ६.५८ |

*श्रोत : निर्वाचन आयोग, २०४८*

नेपाली काँग्रेसका २०४ जना उमेदवारमध्ये ११ जना महिला उमेदवार थिए । प्रतिशतमा ५.३८ हुन आउछ । यस्तै एमालेका १७७ जना उमेदवारमा ९ जना महिला ( ५.०८ प्रतिशत), राप्रपाका २१८ जना उमेदवारमा १७ जना महिला (७.७९ प्रतिशत), नेपाल सद्भावना पार्टीका ७५ जना उमेदवारमा ५ जना महिला (६.६७ प्रतिशत), विभिन्न बाम समूहमा २११ जना उमेदवारीमा महिला २६ जना (१२.३२ प्रतिशत), अन्यबाट ३६० जनाको उमेदवारीमा १४ जना महिला (४.०५ प्रतिशत) उमेदवारी उठेको पाइयो ।

निर्वाचनमा जम्मा महिला उमेदवार सङ्ख्या ८२ जनामा दुई ठूला दल नेपाली काँग्रेस र एमालेबाट मात्र महिला उमेदवार चुनाव जित्न सफल भए । उमेदवार भएका मध्ये जम्मा ७ जना महिला सांसदमात्र निर्वाचित भएका थिए । पुरुषको तुलनामा महिला उमेदवार कम भएको पाइयो ।

## ३.३ स्थानीय निर्वाचन २०४९ मा महिला प्रतिनिधित्व

जनताहरूले प्रत्यक्ष सहभागी भएर स्थानीय निकायका प्रतिनिधि छान्ने प्रजातान्त्रिक व्यवस्थाको पहिलो स्थानीय निर्वाचन २०४९ मा भएको थियो । नेपाल अधिराज्यभर ७५ जिल्लाका ३९९३ गाउँ विकास समिति र ३६ नगरपालिकाका लागि उक्त निर्वाचन भएको थियो । निर्वाचनमा जिविस, गाविस, नगरपालिका गरी ४४६१२ पदाधिकारी चुनिएका थिए । राज्यको इतिहासमा सबैभन्दा बढी सिटका लागि भएको यो पहिलो निर्वाचन थियो । जसमा महिलाको स्थिति कस्तो रह्यो भन्ने कुराको विश्लेषण यहाँ गरिएको छ ।

**तालिका नं. ३.२**
**स्थानीय निर्वाचन २०४९ मा विजयी महिला प्रतिनिधित्व**

| निकाय | जम्मा | महिला | प्रतिशत |
|---|---|---|---|
| गाविस अध्यक्ष | ३९९३ | ७ | ०.१७ |
| गाविस उपाध्यक्ष | ३९९३ | १५ | ०.३७ |
| गाविस सदस्य | ३५८८३ | १९० | ०.०५८ |
| नगरपालिका प्रमुख | ३६ | - | ०.०० |
| नगरपालिका उपप्रमुख | ३६ | - | ०.०० |
| नगरपालिका सदस्य | ५२१ | ५ | ०.९५ |
| जिविस सभापति | ७५ | - | ०.०० |
| जिविस उपसभापति | ७५ | १ | १.३३ |
| जम्मा | ४४६१२ | २१८ | ०.४८ |

*श्रोत : निर्वाचन आयोग, २०५१*

माथि प्रस्तुत तालिकाबाट प्रष्ट हुन्छ कि प्रतिनिधित्वका आधारमा चुनावको परिणाम निराशाजनकमै सीमित रहन पुग्यो ।

स्थानीय निर्वाचन २०४९ मा देशभरिका ३९९३ गाविसमध्ये ७ मा मात्र महिला गाविस अध्यक्ष चुनिए । जुन कूल पदसङ्ख्याको ०.१७ प्रतिशत हुन्छ । यस निर्वाचनमा १५ जना अर्थात् कूल सङ्ख्याका ०.३७ प्रतिशत महिला गाविस उपाध्यक्षमा निर्वाचित भएका थिए । कूल ३५ हजार ८ सय वडा सदस्यहरूका लागि भएको निर्वाचनमा महिलाले ९० स्थानमा मात्र सफलता हात पारे । कूल वडा सदस्य सङ्ख्यामा यो ०.०५८ हुन्छ ।

यस्तै सो निर्वाचनमा कूल ३६ वटा नगरपालिकामध्ये एकजना महिला पनि नगर प्रमुख र उपप्रमुख निर्वाचित हुन सकेनन् । सबै नगरपालिकाबाट निर्वाचित भएका ५२१ जना नगर सदस्यमा ५ जना अथवा ०.९५ प्रतिशत मात्र महिला नगर सदस्य निर्वाचित थिए । ७५ जिल्लामै सभापति पदमा महिलाको उपस्थिति शुन्य रहेको छ । उपसभापतिमा भने गुल्मी जिल्लामा सुवर्ण ज्वारचनले सफलता पाउनुभएको थियो ।

## ३.४ मध्यावधि निर्वाचन २०५१ मा महिला प्रतिनिधित्व

२०४८ सालमा भएको निर्वाचनबाट विजय भएका सांसदहरूले आफ्नो कार्यकाल पूरा गर्न नपाउँदै २०५१ सालमा मध्यावधि निर्वाचन गरियो । जसको विवरण यसप्रकार छ :

**तालिका नं. ३.३**

**मध्यावधि निर्वाचन २०५१ मा उमेदवारीको विवरण**

| पार्टी | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| नेपाली काँग्रेस | ११ | १९४ | २०५ | ५.३७ |
| एमाले | ११ | १८६ | १९७ | ५.८५ |
| राप्रपा | १३ | १९० | २०३ | ६.४० |
| नेसपा | ९ | ७७ | ८६ | १०.४७ |
| अन्य बाम | १८ | १७७ | १९५ | ९.२३ |
| अन्य | २५ | ५३१ | ५५६ | ४.५० |
| जम्मा | ८७ | १३५५ | १४४२ | ६.०३ |

*श्रोत : निर्वाचन आयोग, २०५१*

वि.सं.२०४८ सालमा भएको आमनिर्वाचनले आफ्नो ५ वर्षे कार्यकाल पूरा गर्न नपाउँदै बीचमा संसद भङ्ग भयो । त्यसपछि २०५१ सालमा मध्यावधि निर्वाचनको घोषणा भयो ।

माथि प्रस्तुत मध्यावधि निर्वाचन २०५१ मा नेपाली काँग्रेसले जम्मा ११ स्थानमा महिला उठाइएकोमा ४ उमेदवारमात्र विजयी भएका थिए । एमालेका ११ मध्ये ३ महिला उमेदवारले विजयी हासिल गरेका थिए । अन्य दल र स्वतन्त्र महिला उमेदवार कुनै पनि स्थानमा विजय प्राप्त गर्न सकेनन् । चुनावमा कूल ८ जना महिलाहरू उठेका थिए ।

वि.सं.२०४८ सालको निर्वाचनको तुलनामा यस निर्वाचनमा महिला उमेदवार सङ्ख्या नगण्य मात्रामा बढेको देखिन्छ । यस्तै एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टीले क्रमशः ११ र १३ स्थानमा महिला उमेदवार उठाएको थियो । सबैभन्दा बढी उमेदवारी उठाउनेमा नेपाल सद्भावना पार्टी रहेको छ । जसले ८६ स्थानमा ९ जना (१०.४७ प्रतिशत) महिला उठाएको थियो । यस्तै साना बाम समूहले पनि १८ स्थानमा महिला उमेदवार उठाएको देखिन्छ । वि.सं. २०४८ सालको आमनिर्वाचनमा कूल १३४५ जना उमेदवारहरूमध्ये ६.०९ प्रतिशत महिला उमेदवार रहेका थिए भने यस निर्वाचनमा कूल उमेदवार १४४२ मा ८.७ प्रतिशत महिला उमेदवार रहेका थिए ।

## ३.५ स्थानीय निर्वाचन, २०५४ मा महिला प्रतिनिधित्व

प्रजातन्त्र पुनर्बहालीपछिको दोस्रो स्थानीय निर्वाचन २०५४ सालमा भएको थियो । यो निर्वाचनमा स्थानीय निकाय र पदाधिकारीहरूको सङ्ख्या तथा संरचनामा हेरफेर भएको थियो । गाविसको सङ्ख्या घटेको र नगरपालिका सङ्ख्या बढेको थियो । जम्मा गाविसको सङ्ख्या ३९१५ र नगरपालिका सङ्ख्या ५८ पुगेको थियो । यस्तै नगरहरूलाई पनि नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका गरी ३ भागमा विभाजन गरिएको थियो । एक महिला सदस्य अनिवार्यसहित वडा समितिमा पदाधिकारी सङ्ख्या ५ पुऱ्याइएको थियो । यसअघि प्रत्येक वडाबाट १ जनाले प्रतिनिधित्व गर्दथे । गाविसलाई ९ वडामा विभाजन गरिएको छ भने नगरपालिकामा ९ देखि ३५ वडासम्म रहेका छन् ।

स्थानीय निर्वाचन २०५४ को समयमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले सशस्त्र विद्रोह सुरु गरिसकेको कारण स्थानीय निकायका सम्पूर्ण पदहरूका लागि चुनाव हुन नसकेको पाइन्छ । मध्यमाञ्चलका चारसहित माओवादी अति प्रभावित जिल्लाका केही गाविसमा चुनाव नै भएन । यो निर्वाचनमा ३९१५ गाविस र ५८ वटा नगरपालिकाका

४३३१३ पदका लागि प्रतिष्पर्धा भएर प्रतिनिधि चुन्ने कार्य भएको थियो । कुन कुन पदमा महिलाले आफ्नो हातमा परिणाम राख्न सफल भए हेरौं विवरण :

**तालिका नं. ३.४**

**स्थानीय निर्वाचन, २०५४ मा विजयी महिला**

| निकाय | जम्मा | महिला | प्रतिशत |
|---|---|---|---|
| गाविस अध्यक्ष | ३९१५ | २० | ०.५१ |
| गाविस उपाध्यक्ष | ३९१५ | १४ | ०.३५ |
| नगरपालिका प्रमुख | ५८ | - | ०.०० |
| नगरपालिका उपप्रमुख | ५८ | - | ०.०० |
| जिविस सभापति | ७५ | - | ०.०० |
| जिविस उपसभापति | ७५ | १ | १.३३ |
| वडाध्यक्ष | ३५२१७ | २४३ | ०.६९ |
| जम्मा | ४३३१३ | २७८ | ०.६४ |

*श्रोत : निर्वाचन आयोग, २०५४*

कूल ४३३१३ सिटमध्ये २४३ अथवा ०.६४ प्रतिशत महिला मात्रै विजयी भए । जिविस सभापति, नगरपालिका प्रमुख, उपप्रमुख जस्ता प्रभावशाली पदमा महिला प्रतिनिधित्व शून्य रह्यो ।

३९१५ गाविस अध्यक्ष पदमध्ये २० पदमा (०.५१ प्रतिशत) महिला निर्वाचित भए । ३९१५ गाविस उपाध्यक्ष पदमध्ये १४ अथवा ०.३५ प्रतिशत स्थानमा महिला चुनिए । नगरपालिका र गाविस गरी जम्मा ३६२१७ वडाध्यक्ष पदका लागि भएको प्रतिष्पर्धामा २४३ स्थानमात्र प्राप्त गरे । जुन कूल सङ्ख्याको ०.६९ प्रतिशत हुन्छ । ५८ वटा नगरपालिकाका ३ वडामा मात्र महिला वडाध्यक्ष चुनिए । जिविसमा मनोनित र निर्वाचित गरी ३६ महिला सदस्य रहेको निर्वाचन आयोगको तथ्याङ्कमा पाइन्छ ।

स्थानीय निर्वाचन २०५४ मा महिला प्रतिनिधित्वको हिसावले आशातीत सफल हुन नसकेको अवस्थामै पाइयो । जुन निर्वाचनमा वडा सदस्य पदका लागि १ जना महिला अनिवार्य गरिएको थियो ।

विगतको स्थानीय निकायको निर्वाचनमा भन्दा यस २०५४ मा भएको निर्वाचनमा महिलाको प्रतिनिधित्व उल्लेख छ । महत्त्वपूर्ण पदहरूमा प्रतिनिधित्व नभए पनि वडा सदस्यहरूमध्ये १ जना कम्तिमा महिला हुनुपर्ने र जिविस तथा गाउँ विकास समितिमा

कम्तिमा एक जना महिला मनोनित हुनुपर्ने प्राबधानले गर्दा स्थानीय स्वायत्त शासनहरूको अवधारणाअनुसार स्थानीय निकायहरू बढी स्वायत्त भएका थिए र त्यहाँको नीति निर्माणमा महिला सहभागिता अनिवार्य व्यवस्था भएकोले महिलाको राजनीतिक परिचालनमा वृद्धि भएको छ ।

## ३.६ आम निर्वाचन, २०५६ मा महिला प्रतिनिधित्व

तल्लो सदन प्रतिनिधि सभाका लागि तेस्रो चुनाव वि.सं. २०५६ मा भएको थियो । यस निर्वाचनमा २८७६ जनाले २०५ सिटका लागि प्रतिष्पर्धा गरेका थिए । यसमध्ये महिलाहरूको सङ्ख्या १४३ (४.६९ प्रतिशत) थियो । महिला उमेदवारलाई प्राथमिकता दिने हिसाबमा २०५६ सालको निर्वाचनमा नेपाल मजदूर किसान पार्टी अग्रभागमा रहेको तालिकाबाट देखिन्छ । राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल सदभावना पार्टी, राष्ट्रिय जनमोर्चा र संयुक्त जनमोर्चाले कूल उमेदवार सङ्ख्याको ७ प्रतिशतको हाराहारीमा महिलालाई उठाएको थियो भने ठूला दल नेपाली काँग्रेस र एमाले ६ प्रतिशतको सेरोफेरोमा थिए ।

**तालिका नं. ३. ५**

**पार्टीगत महिला उमेदवार, २०५६**

| पार्टी | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ने.काँग्रेस | १४ | १९१ | २०५ | ६.८३ |
| एमाले | १२ | १८३ | १९५ | ६.१५ |
| राप्रपा | १४ | १८३ | १९७ | ७.११ |
| नेसपा | ५ | ६३ | ६८ | ७.३५ |
| रा.जनमोर्चा | ४ | ४९ | ५३ | ७.५५ |
| सं.जनमोर्चा | ३ | ३७ | ४० | ७.५० |
| नेमकिपा | ५ | ३६ | ४१ | १२.२ |
| नेकपा (माले) | ११ | १८६ | १९७ | ५.५८ |
| अन्य | ७५ | १८०५ | १८८० | ३.९८ |
| जम्मा | १४३ | २७३३ | २८७६ | ४.९७ |

*श्रोत : निर्वाचन आयोग, २०५६*

प्रजातन्त्रको पुनर्बहालीपश्चात् भएका ३ संसदीय निर्वाचनमध्ये पछिल्लोमा सबैभन्दा बढी महिला निर्वाचित भए । कुल २०५ सांसदमध्ये १२ जना अर्थात् ५.८५ प्रतिशत महिला

रहेका थिए । निर्वाचनमा सबैभन्दा बढी सिट जितेको नेपाली काँग्रेसको १४ स्थानमा महिला उमेदवार उठाएको थियो । यसमध्ये ५ जना सांसद सदस्यमा चुनिए । एमालेका १२ उमेदवारमध्ये आधालाई सफलता मिल्यो । तुलनात्मकरूपमा अघिल्लो चुनावमा भन्दा बढी महिला सांसद छानिनु २०५६ निर्वाचनको सकारात्मक पक्ष हो । तर पनि १९९० को संविधानले परिकल्पना गरेको राज्यका प्रमुख ३ अङ्गमध्ये विधायिकामा न्यून महिला प्रतिनिधित्वको समस्या भने यसले उल्लेख्यरूपमा समाधान गर्न सकेको पाइँदैन ।

## ३.७ संविधानसभा निर्वाचन, २०६४ र महिला सहभागिता

**तालिका नं. ३.६**

**संविधानसभा निर्वाचन, २०६४ मा महिला प्रतिनिधित्व**

| पार्टी | उमेदवार | | | निर्वाचित | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | पुरुष | महिला | जम्मा |
| नेकपा माओवादी | ४२ | १९८ | २४० | ९७ | २३ | १२० |
| नेपाली काँग्रेस | २६ | २१४ | २४० | ३५ | २ | ३७ |
| नेकपा एमाले | २७ | २१२ | २३९ | ३२ | १ | ३३ |
| मजअ फोरम नेपाल | ३ | १०० | १०३ | २८ | २ | ३० |
| तमलोपा | ४ | ९० | ९४ | ८ | १ | ९ |
| सद्भावना पार्टी | ४ | ८३ | ८७ | ४ | ० | ४ |
| जनमोर्चा नेपाल | २८ | १७५ | २०३ | २ | ० | २ |
| नेककिपा | २७ | ७१ | ९८ | २ | ० | २ |
| स्वतन्त्र | ४२ | ७७४ | ८१६ | २ | ० | २ |
| राष्ट्रिय जनमोर्चा | १५ | १०७ | १२२ | १ | ० | १ |
| राष्ट्रिय जनशक्ति पार्टी | १४ | १८४ | १९८ | ० | ० | ० |
| राप्रपा | २२ | २१० | २३२ | ० | ० | ० |
| समाजवादी प्रजातान्त्रिक जनता पार्टी, नेपाल | ७ | ४३ | ५० | ० | ० | ० |
| नेपाल राष्ट्रिय विकास पार्टी | ० | १३ | १३ | ० | ० | ० |
| समाजवादी पार्टी नेपाल | ० | ५ | ५ | ० | ० | ० |
| राष्ट्रिय जनमुक्ति पार्टी | ८ | ७६ | ८४ | ० | ० | ० |
| राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल | ८ | १९६ | २०४ | ० | ० | ० |
| नेकपा एकीकृत | १० | १२६ | १३६ | ० | ० | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| नेकपा माले | ११ | १०५ | ११६ | ० | ० | ० |
| राष्ट्रिय जनता दल | ० | ८ | ८ | ० | ० | ० |
| नेकपा संयुक्त | ६ | ४९ | ५५ | ० | ० | ० |
| नेपाल समता पार्टी | २ | १२ | १४ | ० | ० | ० |
| दलित जनजाति पार्टी | १ | ४९ | ५० | ० | ० | ० |
| नेकपा सद्भावना पार्टी (आ.) | १३ | ९१ | १०४ | ० | ० | ० |
| नेकपा (संयुक्त मार्क्सवादी) | ५ | ४३ | ४८ | ० | ० | ० |
| नेपाल कम्युनिष्ट पार्टी ( मार्क्सवादी) | १ | ७ | ८ | ० | ० | ० |
| हिन्दू प्रजातान्त्रिक पार्टी | ० | ४ | ४ | ० | ० | ० |
| नव जनवादी मोर्चा | १ | १४ | १५ | ० | ० | ० |
| नेपाल राष्ट्रिय जनकल्याण पार्टी | ० | ३ | ३ | ० | ० | ० |
| राष्ट्रिय विकास पार्टी | ० | २१ | २१ | ० | ० | ० |
| मुस्कान सेना नेपाल पार्टी | २ | ३२ | ३४ | ० | ० | ० |
| लिग नेपाल शान्ति एकता पार्टी | ० | १० | १० | ० | ० | ० |
| नेपाल सद्भावना पार्टी | ० | २ | २ | ० | ० | ० |
| नेपाल शान्ति क्षेत्र परिषद् | १ | २ | ३ | ० | ० | ० |
| राष्ट्रिय युवा मोर्चा | १ | ४ | ५ | ० | ० | ० |
| लिवरल समाजवादी पार्टी | ० | ३ | ३ | ० | ० | ० |
| नेपाली जनता दल | १० | ३० | ४० | ० | ० | ० |
| नेपाल राष्ट्रिय लोकतान्त्रिक पार्टी | १ | १ | २ | ० | ० | ० |
| राष्ट्रिय एकता पार्टी | २ | ० | २ | ० | ० | ० |
| जनमुक्ति पार्टी, नेपाल | ० | ३ | ३ | ० | ० | ० |
| सरुशक्ति नेपाल | ६ | ० | ६ | ० | ० | ० |
| राष्ट्रिय जनता दल नेपाल | ० | १७ | १७ | ० | ० | ० |
| शान्ति पार्टी नेपाल | ४ | ८ | १२ | ० | ० | ० |
| नेपाल जनता पार्टी | २ | २३ | २५ | ० | ० | ० |
| लोककल्याण जनता पार्टी नेपाल | २ | ३२ | ३४ | ० | ० | ० |
| मंगोल नेश्नल अर्गनाइजेसन | ० | १७ | १७ | ० | ० | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| नेपाल साम्यवादी दल | ० | १ | १ | ० | ० | ० |
| सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्च | २ | ४३ | ४५ | ० | ० | ० |
| नेपाः राष्ट्रिय पार्टी | १ | ५ | ६ | ० | ० | ० |
| नेपाल लोकतान्त्रिक समाजवादी दल | ० | ११ | ११ | ० | ० | ० |
| नेपाल सुकुम्बासी पार्टी (लो.) | ३ | ८ | ११ | ० | ० | ० |
| नेपाल दलित श्रमिक मोर्चा | ० | १ | १ | ० | ० | ० |
| चुरेभावर राष्ट्रिय एकता पार्टी नेपाल | १ | २१ | २२ | ० | ० | ० |
| ताम्सालिङ नेपाल राष्ट्रिय दल | ३ | १९ | २२ | ० | ० | ० |
| नवनेपाल प्रजातान्त्रिक दल | ० | २ | २ | ० | ० | ० |
| जम्मा | ३६८ | ३५७८ | ३९४६ | २११ | २९ | २४० |

***श्रोत : निर्वाचन आयोग, २०६४***

संविधानसभाको विर्नाचनमा जम्मा महिला उमेदवारी ३६८ जनाको रहेको पाइन्छ । संविधानसभाको पहिलो निर्वाचन, २०६४ मा उमेदवारी दिने पुरुष सङ्ख्या ३५७८ रहेको छ । जसमध्ये विजयी पुरुष उमेदवार २११ रहेकोमा महिला विजयी उमेदवार जम्मा २९ जनाको सङ्ख्यामा मात्रै सीमित रहेको छ ।

अगाडिका आमनिर्वाचनहरूभन्दा यो संविधानसभा निर्वाचनमा महिला सहभागितामा वृद्धि भएको छ । सरकारले महिलालाई विशेष व्यवस्था गरी आरक्षण गरिदिँदा समेत जम्मा ३६८ जनामात्र उमेदवार उठेकोमा २९ जनाले मात्र सफलता हात पारेका छन् । महिला जनसङ्ख्याको हिसावमा जति अगाडि छन् जति यस निर्वाचनमा आशा गरिएको थियो । त्यत्ति सफल हुन नसके तापनि अघिल्ला निर्वाचनहरूको तुलनामा महिला सहभागिता अगाडि नै रहेको देखिन्छ र आउने निर्वाचनमा महिला सहभागिता सन्तोषजनक रहन सक्नेछ भन्ने आशा राखौं ।

## ३.८ निष्कर्ष

बहुदलीय व्यवस्थामा आधारित आमनिर्वाचन २०१५ मा १० सिट सङ्ख्या मध्ये १ जना मात्र महिला उमेदवार निर्वाचित भएको पाइयो । २०४८ सालको प्रतिनिधिसभा सदस्यको आमनिर्वाचनमा कूल २०५ सिट सङ्ख्या मध्ये ७ जना महिला निर्वाचित भए ।

२०५१ सालको मध्यावधि संसदीय निर्वाचनमा पनि ७ जना महिला नै निर्वाचित भए । त्यसैगरी, २०५६ सालको संसदीय निर्वाचनमा १२ जना महिला निर्वाचित भएको देखिन्छ । तुलनात्मक रूपमा क्रमशः ०.९१ प्रतिशत, ३.४१ प्रतिशत, ३.४१ प्रतिशत र २०५१ सालमा पनि ३.४१ प्रतिशत महिला निर्वाचित भएकोमा २०५६ सालमा सम्पन्न निर्वाचनमा ५.८३ प्रतिशत महिला निर्वाचित भई महिलाको प्रतिनिधित्व बढेको देखिन्छ । यस्तै २०४९ सालमा सम्पन्न स्थानीय निर्वाचनभन्दा महिलाको प्रतिनिधित्व बढी भई कूल उमेदवारीको आधारमा महिला उमेदवारीले ६.४ प्रतिशत भाग ओगट्न सफल भएको देखियो । यस्तै संविधानसभा निर्वाचन, २०६४ मा पनि महिला सहभागिता बढ्न गई ३६८ जनाको उमेदवारी रहेकोमा २९ जना विजयी हुन सफल भई महिला सहभागिता क्रमिकरूपमा बढ्दै गएको देखिन्छ ।

# *परिच्छेद-चार*

# स्याङ्जा जिल्लाको सेतीदोभान गाविसको निर्णय निर्माणका तहहरूमा महिला सहभागिता

## ४.१ स्याङ्जा जिल्लास्तरका राजनीतिक संगठनहरुमा महिला सहभागिता

जिल्ला तहको अध्ययन गर्दा स्थापना भएका विभिन्न राजनैतिक दलहरूमध्ये प्रमुख राजनीतिक दलको जिल्लास्तरीय संगठनमा महिलाहरूको सहभागिता कस्तो रहेको छ भनी तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१**

**स्याङ्जा जिल्लास्तरका राजनीतिक संगठनमा महिला सहभागिता**

| दल | पुरुष | महिला | जम्मा | महिला प्रतिशत |
|---|---|---|---|---|
| नेपाली काँग्रेस | २० | १३ | ३३ | ३९.३९ |
| नेकपा एमाले | ४१ | १९ | ६० | ३१.६७ |
| नेकपा माओवादी | २० | २५ | ४५ | ५५.५५ |
| जम्मा | ८१ | ५७ | १३८ | ४१.३० |

*श्रोतः स्थलगत अध्ययन, २०७० श्रावण*

स्याङ्जा जिल्लामा प्रमुख ३ राजनैतिक दलहरू नेपाली काँग्रेस, नेपाल कम्युनिष्ट पार्टी एमाले र नेपाल कम्युनिष्ट पार्टी माओवादीका जिल्ला सङ्गठनहरूमा महिला प्रतिनिधित्वलाई माथि प्रस्तुत गरिएको छ ।

माथि प्रस्तुत तालिकामा प्रमुख ३ राजनैतिक दलहरूमा नेपाली काँग्रेस पार्टी जिल्ला समितिमा जम्मा सङ्ख्या ३३ जनामध्ये पुरुष सङ्ख्या २० जना र महिला सङ्ख्या १३ जनाको सहभागिता रहेको छ । जुन जम्मा सङ्ख्याको ३९.३९ प्रतिशत हुन गएको छ । नेपाल कम्युनिष्ट पार्टी जिल्ला कमिटी सङ्ख्या जम्मा ६० जना रहेकोमा पुरुष ४१ जना र महिला १९ जना अर्थात् महिला सहभागिता जम्मा सङ्ख्याको ३१.६७ प्रतिशत हुन गएको छ । यस्तै नेपाल कम्युनिष्ट पार्टी माओवादी जिल्ला सङ्गठनमा जम्मा सङ्ख्या ४५ महिला पुरुष

गरी जिल्ला तहमा भएको सङ्ख्या १३८ जनामा ५७ जना महिलाहरू अर्थात् जम्मा सङ्ख्याको ४०.३० प्रतिशत महिला सहभागिता रहेको छ । संविधानसभा निर्वाचनमा राष्ट्रिय रुपमा ठूलो पार्टी बनेको माओवादीको स्याङ्जा जिल्ला सङ्गठनमा महिला सहभागिता पुरुषको भन्दा अगाडि रहेको छ ।

नेपाली काङ्ग्रेस र एमाले पार्टीको तुलनामा माओवादी पार्टीको जिल्ला सङ्गठनमा महिला सहभागिता ५५.५५ प्रतिशत रहनुले माओवादी पार्टीको जिल्ला सङ्गठनमा महिलालाई स्थान दिइनु खुशीको कुरा हुन गएको छ र महिला सहभागिता अन्य पार्टीका लागि उदाहरणीय कुरा भएको छ । माओवादी पार्टी पछाडि नेपाली काँग्रेस पार्टी समिति स्याङजामा महिला सहभागिता ३९.३९ प्रतिशत रहेको छ । यस्तै एमाले पार्टी कमिटिमा ३१.६७ प्रतिशत महिला सहभागिता रहन गएको छ ।

महिला सहभागिता वृद्धि गर्नका लागि जिल्ला सङ्गठनमा माओवादीमा जस्तै महिलालाई प्रत्येक स्थानीय स्तरदेखि राष्ट्रियस्तरमा समेत प्रत्येक स्थानमा अग्रसर गराउनुपर्ने हुन्छ ।

## ४.२ स्याङ्जा जिल्लामा मतदाता सङ्ख्यासम्बन्धी विवरण

स्याङजा जिल्लालाई ३ निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ । साथै २ वटा नगरपालिकामा गाभिएका समेत ८ वटा गरी जम्मा ६८ वटा गाविसहरू रहेकोमा हाल २ वटा नगरपालिका र ६० वटा गा.वि.स.हरु रहेका छन् । प्रत्येक निर्वाचन क्षेत्रमा गाभिएका गाविस र नगरपालिकामा रहेका मतदाता सङ्ख्यालाई तल प्रस्तुत गरिएको छ :

**तालिका नं. ४.२**

**स्याङजा जिल्लाको मतदाता सङ्ख्या विवरण**

| निर्वाचन क्षेत्र नं. | कुल गाविसहरू (नगरपालिका) | पुरुष (मतदाता) | महिला (मतदाता) | जम्मा (मतदाता) | प्रतिशत (मतदाता महिला) |
|---|---|---|---|---|---|
| १ | २६ | २६१७३ | ३०५८२ | ५६७५५ | ५३.८८ |
| २ | २२ | २४१६३ | २९३५५ | ५३५१८ | ५४.८५ |
| ३ | २० | २३४८० | २८९६० | ५२४४० | ५५.२२ |
| जम्मा | ६८ | ७३८१६ | ८८८९७ | १६२७१३ | ५४.६३ |

*श्रोत : निर्वाचन कार्यालय, स्याङ्जा, २०७० असार*

निर्वाचन कार्यालय स्याङ्जाद्वारा प्रकाशित पछिल्लो विवरण (२०७० असार) अनुसार स्याङ्जा जिल्ला क्षेत्र नं. १ मा जम्मा २६ गाविसहरू पर्दछन् र जम्मा मतदाता सङ्ख्या ५६,७५५ मध्ये ३०५८२ जना महिला मतदाता र २६१७३ जना पुरुष मतदाता सङ्ख्या रहेका छन् ।

क्षेत्र नं. २ मा जम्मा २२ वटा गाविसहरू रहेका छन्, जहाँ जम्मा ५३, ५१८ जना मतदाता रहेकोमा महिला २९,३५५ जना महिला मतदाता र २४,१६३ जना पुरुष मतदाता रहेका छन् ।

क्षेत्र नं. ३ मा जम्मा २० वटा गाविसहरू रहेका छन्, जहाँ कूल मतदाता सङ्ख्या ५२,४४० जनामा महिला २८, ९६० र पुरुष २३, ४८० जना रहेका छन् । क्षेत्र नं. १ मा ५३.८८, क्षेत्र नं. २ मा ५४.८५, क्षेत्र नं. ३ मा ५५.२२ प्रतिशत महिला मतदाता रहेका छन् ।

माथि प्रस्तुत तालिकामा कूल नगरपालिकामा गाभिएका समेत गरी स्याङ्जा जिल्लामा भएका ६८ गाविसमा कूल मतदाताको सङ्ख्या १६२७१३ रहेकोमा पुरुष ७३,८१६ र ८८,८९७ महिला रहेका छन् । यस्तै प्रतिशतमा कूल मतदाता सङ्ख्याको ५४.६३ प्रतिशत महिला मतदाता रहेका छन् ।

माथि प्रस्तुत क्षेत्र नं. एक २६ गाविसहरूमध्येमा पर्ने (अध्ययन क्षेत्र) सेतीदोभान गाविसमा कूल मतदाता सङ्ख्या १७४५ रहेकोमा पुरुष ७८० र महिला ९६५ रहेका छन् ।

## ४.३ अध्ययन क्षेत्रको परिचय

नेपाल अधिराज्यलाई १४ अञ्चल, ७५ जिल्ला र ५ विकास क्षेत्रमा विभाजन गरिएको छ । सेतीदोभान गाविस पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत गण्डकी अञ्चल, स्याङ्जा जिल्लामा पर्दछ । यसको पूर्वमा पुतलीबजार नगरपालिका, पश्चिममा बाङ्सिङ्ग देउराली गाविस र चिलाउनेबास गाविस, उत्तरमा बाँगेफड्के, दक्षिणमा फापरथुम गाविस रहेका छन् । स्याङजा जिल्लाअन्तर्गत रहेका २ नगरपालिका र ६० वटा गाविसहरूमध्येको एक हो- सेतीदोभान गाविस । सेतीदोभान गाविस एक पहाडी क्षेत्र हो । यहाँ खोंच, कन्दरा, खोला-नाला आदि रहेका छन् । यो गाविस समुद्री सतह ९०० मिटरदेखि १६७३ मिटर सम्मको उचाइमा रहेको छ । यो ४३.४९ डिग्री पूर्वी देशान्तर र २८.९ डिग्री उत्तरी अक्षांश भित्र

पर्दछ । यस गाविसको क्षेत्रफल ११.६२ वर्ग किलोमिटर अर्थात् (११६२-४४-१० हेक्टर) रहेको छ (वस्तुस्थिति विवरण, २०६७) ।

सेतीदोभान गाविसमा नौ वटा वडाहरू रहेका छन् । यस गाविसमा स्याङ्जा जिल्लाका अन्य गाविसका तुलनामा धेरैजसो सुविधा उपलब्ध छन् । निर्वाचन क्षेत्र नं. १ र इलाका नं. ७ मा पर्ने यस गाविसमा आफ्नो धर्म, संस्कार, रीतिरिवाज, भाषाभाषी, चालचलन र संस्कृति र व्यापार व्यवसाय रहेको छ । हिउँदे भन्दा वर्षे बाली मुख्य मानिन्छ । यहाँको मुख्य खेती धान, मकै, कोदो, कफी र फलफूलमा सुन्तला, नास्पाती, केरा, कटहर, आँप, अम्बा, कागती, मेवा, लिची, काउली, लसुन, प्याज, गाजर, मूला, घिरौँला, लौका, रायो, धनियाँ, भण्टा, रामतोरिया, अदुवा, खुर्सानी आदि यस गाविसका मुख्य पैदावारहरू हुन् ।

**क) जनसङ्ख्या**

स्याङजा जिल्लाको सेतीदोभान गाविस कार्यालयमा रहेको वस्तुस्थिति विवरण, २०६७ अनुसार यस गाविसको जनसङ्ख्या निम्नानुसार रहेको छ ।

कूल जनसङ्ख्या : ४४५४

महिला : २१५५ (४८.३८प्रतिशत)

पुरुष : २२९९ (५१.६२ प्रतिशत)

वडागत आधारमा जनसङ्ख्याको विवरण तल प्रस्तुत गरिएको छ । यस गाविसको जनसङ्ख्या वृद्धिदर २ प्रतिशत रहेको छ । यहाँको वनक्षेत्र ३३ प्रतिशत रहेको छ भने सामुदायिक बन क्षेत्रले ६९६ परिवार सङ्ख्यालाई ओगटेको छ ।

**तालिका नं. ४.३**

**जनसङ्ख्या विवरण**

| वडा नं. | घरसङ्ख्या | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ९९ | ३३६ | ३२० | ६५६ | १५ |
| २ | ७५ | २१७ | २१८ | ४३५ | १० |
| ३ | ७० | २०० | १९४ | ३९४ | ९ |
| ४ | ७० | १९१ | १६८ | ३५९ | ८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | ४४ | १९२ | १२६ | ३१८ | ७ |
| ६ | १४९ | ४०५ | ४०० | ८०५ | १८ |
| ७ | ४६ | १३९ | १३३ | २७२ | ६ |
| ८ | ९१ | ३३७ | ३१३ | ६५० | १५ |
| ९ | ९८ | २८२ | २८३ | ५६५ | १२ |
| जम्मा | ७४२ | २२९९ | २१५५ | ४४५४ | १०० |

*श्रोत : सेतीदोभान गाविस, २०६८*

प्रारम्भिक घरधुरी सर्वेक्षणको आधारमा विश्लेषण गर्दा यस गाविसको कूल जनसङ्ख्यामध्ये वडा नं १ मा १५ प्रतिशत जनसङ्ख्या बसोबास गर्दछन् भने औसत परिवार सङ्ख्या ६.६३ रहेको छ । यसैगरी वडा नं. २ क्रमशः १० प्रतिशत जनसङ्ख्या ५.८० औसत परिवार सङ्ख्या, वडा नं. ३ मा ९ प्रतिशत जनसङ्ख्या ५.६३ औसत परिवार सङ्ख्या, वडा नं ४ मा ८ प्रतिशत जनसङ्ख्या ५.१३ औसत परिवार सङ्ख्या, वडा नं. ५ मा ७ प्रतिशत जनसङ्ख्या, ६ मा १८ प्रतिशत जनसङ्ख्या, ७ मा ६ प्रतिशत जनसङ्ख्या, ८ मा १५ प्रतिशत जनसङ्ख्या, ९ मा १२ प्रतिशत जनसङ्ख्या बसोबास गर्दछन् । कूल जनसङ्ख्यामध्ये महिला ४८ प्रतिशत र पुरुष ५२ प्रतिशत रहेका छन् ।

**ख) शिक्षा**

यस गाविसको शैक्षिक क्षेत्र स्याङ्जा जिल्लाका सबै गाविसको तुलनामा धेरै अगाडि रहेको छ (वस्तुस्थिति विवरण, २०६७) । यहाँको सर्वेक्षण वर्ष २०६७ अनुसार साक्षरता प्रतिशत ७८.०७ रहेको छ । उच्चशिक्षा हासिल गर्नेको सङ्ख्या २२.१५ प्रतिशत रहेको छ । कूल विद्यार्थीहरूमा पूर्वप्राथमिक विद्यालय जानेहरू ११८ जनामा छात्रा ७३ र छात्र ४५ रहेका छन् । कूल विद्यार्थीहरू १२४५ मा ६२३ (५०.०५ प्रतिशत) छात्र र ६२२ (४९.९६ प्रतिशत) छात्रा रहेका छन् । जातिगत आधारमा भर्ना विवरण हेर्दा,

दलित : २५.२८ प्रतिशत

जनजाति : १०.०४ प्रतिशत

अन्य : ६४.६८ प्रतिशत रहेका छन् ।

गाविसभरिका जम्मा शिक्षण संस्था सङ्ख्या १२ रहेको छ । यीमध्ये एक बहुमुखी क्याम्पस पनि रहेको छ । गाविसस्तरको विद्यार्थी सङ्ख्या र शिक्षक अनुपात सामुदायिक (सरकारी) १०.३०:१, निजी ३१.०२:१ रहेको छ ।

**ग) स्वास्थ्य**

प्रत्येक वडामा स्वास्थ्य स्वयंसेविकाहरू छन् र सरकारले दिएको स्वास्थ्य सुविधाको रूपमा १ स्वास्थ्य चौकी रहेको छ । सामान्य रोगको लागि स्वास्थ्यचौकी जान्छन् र रोग पहिचान हुनासाथ जिल्ला अस्पताल र पोखरा जान्छन् । सानातिना रोगको लागि ५/५ वटा निजी क्लीनिक पनि खोलिएका छन् ।

**घ) आर्थिक क्रियाकलाप**

यस गाविसमा कतिपय व्यक्तिहरु गभर्नर, डाक्टर, इञ्जिनियर, पाइलट, वकिल, प्राध्यापक लगायत पदहरुमा पुगेका छन् । शिक्षक, प्रहरी, सैनिक सेवा, व्यापार व्यवसाय गर्ने, भारतीय सैनिक सेवालगायतका पेसा व्यवसाय गरी आर्थिक उपार्जन गर्नेहरुको सङ्ख्या पनि ठूलो छ । अधिकांश मानिसहरू भने कृषि र पशुपालनमा संलग्न भई आर्थिक उपार्जन गर्ने गरेको पाइन्छ । साथै वैदेशिक रोजगारमा जानेको सङ्ख्या १३४ अर्थात् ०.०३ प्रतिशत रहेको छ (वस्तुस्थिति विवरण, २०६७) ।

**घ) सामाजिक अवस्था**

यस गाविसको सामाजिक संरचना हेर्दा यहाँ विभिन्न जातजातिहरू परापूर्वकालदेखि आपसी सौहार्दता मित्रता राखी बसोबास गर्दै आएका छन् । यहाँको मुख्य धर्म हिन्दू हो । आ-आफ्नो जातीय दृष्टिकोणअनुसार धार्मिक सहिष्णुता र विविधता पाइन्छ । केही बौद्ध धर्मावलम्बीहरू पनि रहेका छन् । यस क्षेत्रमा सार्की, दमै, कामीको सङ्ख्या पनि उल्लेख्य रहेको छ । सामाजिक अवस्थामा यिनीहरू अरूभन्दा पछाडि छन् । शिक्षा, स्वास्थ्य र सार्वजनिक सेवाको पहुँचबाट टाढा रहनुले गर्दा दलित र जनजाति वर्ग पछाडि परेको पाइन्छ । गरिबीका कारण अगाडि बढ्न नसकेको अवस्था पाइन्छ । यस गाविसका विभिन्न वडाहरूमा छरिएर रहेको सामाजिक संरचनालाई जातिगत आधारमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.४**

**सेतीदोभान गाविस जातिगत विवरण**

| जाति | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ब्राह्मण | १२४७ | ११४१ | २३८८ | ५३.६१ |
| क्षेत्री | ४७७ | ४४० | ९१७ | २०.५८ |
| कामी | १५८ | १५२ | ३१० | ६.९६ |
| सार्की | २६२ | २४७ | ५०९ | ११.४२ |
| दमै | ८३ | ९५ | १७८ | ३.९९ |
| गुरुङ | १७ | २१ | ३८ | ०.८५ |
| मुस्लिम | ९ | ९ | १८ | ०.४० |
| मगर | ६ | ४ | १० | ०.२२ |
| शेर्पा | २ | ४ | ६ | ०.१३ |
| राई | ४ | ८ | १२ | ०.२६ |
| घर्ती | १० | १३ | २३ | ०.५२ |
| नेवार | २४ | २१ | ४५ | १.०१ |
| जम्मा | २२९९ | २१५५ | ४४५४ | १०० |

***श्रोत : सेतीदोभान गाविस, २०६७***

माथिको तालिकाबाट सेतीदोभान गाविसको जातिगत विविधता प्रष्ट हुन्छ । घरधुरी सर्वेक्षण २०६७ मा सेतीदोभान गाविसको कूल जनसङ्ख्याको सबैभन्दा बढी ५३.६१ प्रतिशत हिस्सा ब्राह्मण जातिले ओगटेको छ । यस्तै दोस्रो ठूलो जाति क्षेत्रीले २०.५८ प्रतिशत हिस्सा ओगेट्न सफल भएको छ । यस्तै सार्कीले कूल जनसङ्ख्याको ११.४२ प्रतिशत हिस्सा लिई तेस्रो ठूलो जातिको स्थानमा रहन सफल भएको देखिन्छ भने चौथोमा कामीले ६.९६ प्रतिशत हिस्सा लिएको छ । यस्तै दमैले ३.९९ प्रतिशत, गुरुङ ०.८५ प्रतिशत, मुस्लिम ०.४० प्रतिशत, मगर ०.२२ प्रतिशत, शेर्पा ०.१३ प्रतिशत, राई ०.२६ प्रतिशत, घर्ती ०.५१ प्रतिशत, नेवार १.०१ प्रतिशत स्थान ओगटेका छन् ।

यहाँको सामाजिक मूल्य मान्यता हिन्दू धर्मअनुसार नै निर्देशित छ । सामाजिक मर्यादाका दृष्टिले बाहुन, क्षेत्री उच्च मान्ने चलन छ भने नेवार, गुरुङ, मगर लगायतका

जनजाति र त्यसभन्दा तल्लो दर्जा दमाई, सार्की, कामीलाई दिइएको छ । यहाँ बसोबास गर्ने सम्पूर्ण जातजातिका आफ्नै प्रकारका धार्मिक एवं साँस्कृतिक परम्परा रहेका छन् । दशै, तिहार, कृष्णजन्माष्टमी, तीज, माघेसँक्रान्ति, महाशिवरात्री, रामनवमी आदि यहाँका मुख्य चाडपर्व रहेका छन् । यस्तै अन्य चाडपर्वहरू नेपालको अन्य ठाउँमा जस्तै यहाँ पनि मनाइन्छ ।

सामाजिकरूपमा जातीय विविधता रहे तापनि सम्पूर्ण जातजाति पनि आपसी मेलमिलाप र समझदारी र सहयोगपूर्ण वातावरणमा बस्न यस गाविसका जनताहरू सफल देखिन्छन् । धार्मिक सहिष्णुता र जातीगत विविधतामा एकता भएको पाइन्छ ।

## ४.४ स्याङ्जा जिल्लाको सेतीदोभान गाविसको निर्णय निर्माणका तहहरूमा महिलाको राजनीतिक सहभागिता तथ्याङ्क प्रस्तुति र विश्लेषण

**बहुदलीय व्यवस्थाको पुनर्बहालीपछि महिलाहरूको राजनीतिक सहभागिता**

स्याङ्जा जिल्ला सेतीदोभान गाविसको निर्णय निर्माणका तहहरूमा महिला सहभागिता एक अध्ययन शीर्षकको यस शोधपत्रमा निर्वाचनगत आधारमा महिला सहभागिता अध्ययन गरिएको छ । यो अध्याय बहुदलीय व्यवस्था स्थापनापछिका दुई स्थानीय निर्वाचनमा केन्द्रित रहेको छ । कूल जनसङ्ख्याको आधाभन्दा बढी भाग ओगट्ने नेपाली महिलाहरूको राजनीतिमा सहभागिता न्यून रहेको छ । राजनीतिमा महिलाको न्यून सहभागिता रहनुका पछाडि साँस्कृतिक, सामाजिक, आर्थिक कारणहरू रहेका छन् । समग्र राष्ट्रिय राजनीतिको यस परिप्रेक्ष्यमा स्याङजा जिल्ला सेतीदोभान गाविसमा महिलाहरूको सहभागिता साथै स्थानीय निर्णय निर्माणका अन्य तहहरूमा जस्तै स्थानीय निकायका संरचनामा आमा समूहहरू, उपभोक्ता समितिहरू, विद्यालय व्यवस्थापन समितिहरू, गैह्रसरकारी संस्थाहरू आदिमा महिला सहभागिताको अवस्था कस्तो छ भन्ने सन्दर्भलाई लिएर यो शोधपत्र तयार पारिएको छ । यिनै विभिन्न स्थानमा महिला स्थान कस्तो रहेको छ हेरौँ ।

### ४.४.१ स्थानीय निर्वाचन, २०४९ मा महिला प्रतिनिधित्त्व

गाविस चुनाव, २०४९ मा महिला सहभागिता जे भए तापनि सहभागिताको विस्तृत अर्थमा जानुलाई बुझ्ने गरिन्छ । त्यसैले चुनावी प्रतिष्पर्धा समावेश गर्नु अनिवार्य रहन्छ । राजनीतिक सहभागिताको विश्लेषण अपूरो हुन नदिनका लागि माध्यमिक तथ्यांकलाई श्रोत बनाइएको छ । प्रजातन्त्र स्थापना पछिका दुई निर्वाचन परिणाम सम्बन्धमा निर्वाचन आयोगले प्रकाशित गरेको तथ्यांकलाई यहाँ विश्लेषणको मुख्य आधार बनाइएको छ ।

पहिलो स्थानीय निर्वाचन, २०४९ मा देशभरिका ३९९३ गाविस, ३३ नगरपालिका, ४४६२१ सिटमध्ये २१८ वटामा मात्र महिला विजयी भएका थिए । यसमा पनि गाविस अध्यक्षमा ७, गाविस उपाध्यक्षमा १५ र वडा सदस्यमा १९० जना महिला चुनिएका थिए । नगरपालिका सदस्य ५, जि.वि.स.उपसभापति १ गरी जम्मा २१८ जना महिला विजयी भएका थिए । तत्कालीन अवस्थामा स्याङजा जिल्लाको सेतीदोभान गाविसको कूल मतदाता सङ्ख्या २५९३ रहेकोमा १४८७ मत खसेको थियो । गाविसमा ५७.३५ प्रतिशतले मतदान गरेका थिए । तलको तालिकामा सेतीदोभान गा.वि.स.मा भएका महिला उमेदवारीको स्थिति देखाइएको छ ।

**तालिका नं. ४.५**

**गाविस निर्वाचन, २०४९ मा महिला उमेदवारी**

| पद | नाम | दल | मतसङ्ख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| वडा सदस्य | भीमादेवी पोखेल | स्वतन्त्र | १९ | १७.४३ | पराजित |

*निर्वाचन कार्यालय स्याङ्जा, २०४९*

लैङ्गिक आधारमा स्थानीय निर्वाचन परिणामका बारेमा उपरोक्त तथ्यांक निराशाजनक रहेको छ । सेतीदोभान गाविस अध्यक्ष, उपाध्यक्ष तथा ९ वटा सदस्यका लागि भएको २०४९ सालको चुनावमा सेतीदोभान गाविसमा मात्र एकजना महिला उमेदवार थिइन् । सिंगो गाविसको ११ वटा सिटको लागि भएको निर्वाचनमा ठूला दलहरू काँग्रेस, एमालेले पनि महिला उमेदवार नउठाएको देखिन्छ ।

**तालिका नं. ४.६**

**स्थानीय निर्वाचन, २०४९ मा महिला प्रतिनिधित्व**

| पद | पार्टी | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| अध्यक्ष | एमाले | १ | | १ |
| अध्यक्ष | काँग्रेस | १ | | १ |
| उपाध्यक्ष | एमाले | १ | | १ |
| उपाध्यक्ष | काँग्रेस | १ | | १ |
| सदस्य | जनमोर्चा | १ | | १ |
| सदस्य | काँग्रेस | ८ | | ८ |
| सदस्य | एमाले | ५ | | ५ |
| सदस्य | स्वतन्त्र | | १ | १ |
| जम्मा | | १८ | १ | १९ |

***श्रोत : निर्वाचन कार्यालय, स्याङ्जा***

माथिका प्रस्तुत तालिकाद्वारा प्रष्ट भएको छ कि गाविसको अध्यक्ष पदका लागि एमाले र काँग्रेसका १/१ जना पुरुष मात्र उमेदवारमा उठेका छन् भने एमाले र काँग्रेसकै १/१ जना उपाध्यक्ष पदको लागि उमेदवारी लिएका छन् । जहाँ दुई वटै पदका लागि महिला उमेदवारी शुन्य रहेको छ, यस्तै सदस्य पदका लागि पनि जनमोर्चा, काँग्रेस र एमालेद्वारा महिला उमेदवारी आएका छैनन् तर स्वतन्त्र रूपबाट १ जना महिला उमेदवार प्रतिस्पर्धामा आएको देखिन्छ । वडा सदस्य पदमा मात्र एक जनामा सीमित रहनु महिला सहभागिताको दृष्टिमा राम्रो कुरा भएन ।

## ४.४.२ गाविस चुनाव, २०५४ मा महिला प्रतिनिधित्व

दोस्रो स्थानीय निर्वाचन वि.सं. २०५४ सालमा भएको थियो । यस चुनावमा २०४९ को चुनावमा भन्दा गाविसहरूको सङ्ख्या घटेको र नगरपालिका सङ्ख्या बढेको थियो । गाविसको सङ्ख्या ३९१५ र नगरपालिकाको सङ्ख्या ५८ पुगेको थियो । यसैगरी गाविस तथा नगरपालिकाका संरचनामा एक महिला सदस्य अनिवार्य सहित वडा समितिमा पदाधिकारी सङ्ख्या ५ पुऱ्याइएको थियो । यसअघि एकमात्र पदाधिकारीले नगरपालिका र गाविसमा प्रतिनिधित्व गर्थे ।

स्थानीय निर्वाचन २०५४ मा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को सशस्त्र विद्रोहका कारण स्थानीय निकायका कति स्थानमा चुनावै हुन सकेन भने कति स्थानमा सम्पूर्ण पदको लागि चुनाव हुन नसकेको देखिन्छ । यो निर्वाचनमा ३,९१५ गाविस र ५८ नगरपालिका र ७५ जिविसका १८९०० पदका लागि प्रतिस्पर्धा भई प्रतिनिधि चुन्ने कार्य भयो । यस निर्वाचनमा देशभरका गरी जम्मा २४३ पद अर्थात् ०.६४ प्रतिशतमात्रै महिला विजयी भएका छन् (पौडेल, २०६३) ।

स्थानीय निर्वाचन २०५४ मा स्याङजा जिल्ला सेतीदोभान गाविसमा कूल मतदाता सङ्ख्या २५२३ मा खसेको मत १५८७ अर्थात् ६२.९० प्रतिशत रहेको छ । जहाँ १ गाविस अध्यक्ष, उपाध्यक्ष १, ९ वटा अध्यक्ष र ३६ वटा सदस्य गरी ४७ सिटका लागि कूल ४७ सिटका लागि प्रतिस्पर्धा भएको थियो । पहिलो स्थानीय चुनावको तुलनामा केही सङ्ख्या बढेको देखिए तापनि समयको मागअनुरूप महिला प्रतिनिधित्व हुन सकेको देखिँदैन ।

## स्थानीय निर्वाचन २०५४

कूल मतदाता सङ्ख्या २५२५ भएको स्थानीय निर्वाचन, २०५४ मा जम्मा खसेको मत सङ्ख्या १५८७ अर्थात् ६२.९० प्रतिशत खसेको थियो । यही निर्वाचनमा विभिन्न पार्टीका महिला र पुरुषको विभिन्न पदका लागि भएको प्रतिस्पर्धामा उमेदवारी निम्नानुसार रहेको छ ।

**तालिका नं. ४.७**
**गाविस निर्वाचन, २०५४ मा महिला प्रतिनिधित्व**

| पद | पार्टी | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| अध्यक्ष | एमाले | १ | | १ | १.१९ |
| | काँग्रेस | १ | | १ | १.१९ |
| | राप्रपा | १ | | १ | १.१९ |
| उपाध्यक्ष | एमाले | १ | | १ | १.१९ |
| | काँग्रेस | १ | | १ | १.१९ |
| | राप्रपा | १ | | १ | १.१९ |
| वडाध्यक्ष | काँग्रेस | ७ | | ७ | ८.३३ |
| | स्वतन्त्र | १ | | १ | १.१९ |
| | एमाले | ७ | | ७ | ८.३३ |
| वडा सदस्य | एमाले | २४-१ | ८/६ | ३१ | ३६.९० |
| | काँग्रेस | २३ | ८/४ | ३१ | ३६.९० |
| | राप्रपा | १ | | १ | १.१९ |
| जम्मा | | ६८ | १६/१० | ८४ | १०० |

***श्रोतः निर्वाचन कार्यालय स्याङ्जा***

उक्त निर्वाचनमा जम्मा ८४ जनाको उमेदवारी मध्ये १६ सिट महिलाको थियो । १६ जना महिलाले उक्त निर्वाचनमा उमेदवारी दर्ता गराउनु भएको थियो । गाविसका प्रमुख पदहरूमा महिला उमेदवारी नभएको र महिलाको लागि छुट्टै सिट आरक्षित गरिदा समेत गरी सम्पूर्ण सङ्ख्यामा जम्मा १६ जनाले उमेदवारी दिएकोमा सबैले सफलता प्राप्त गर्न पनि नसकेको अवस्था रहेको छ ।

जम्मा उमेदवार सङ्ख्या ८४ मध्ये अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष कुनै पनि पदमा महिला उमेदवार नभएको मात्रै वडा सदस्य जहाँ महिलाको लागि छुट्टै सिट सुरक्षित गरिएकोमा सबै पार्टीका गरी जम्मा १६ जना महिला उमेदवार भएको अवस्थामा मात्रै एमालेका कूल ८ जना ४२.१० प्रतिशत महिला उमेदवारमध्ये ६ जनाले सफलता हात पारे भने २ जना सफल हुन सकेनन् । यस्तै नेपाली काँग्रेसका जम्मा उमेदवारीमा ४ जनाले मात्र सफलता हात पारेको देखिन्छ । गाविसमा विभिन्न असहज परिस्थितिका कारण र नयाँ भवन निर्माण क्रममा अभिलेखहरूको सुरक्षा नभएका कारण सही तथ्याङ्क प्राप्त हुन भने सकेन ।

कूल ४७ वटा पदको लागि भएको निर्वाचनमा गाविस अध्यक्ष १, उपाध्यक्ष १, वडाध्यक्ष ९ र ३६ वटा सदस्य पदका लागि भएको स्थानीय निर्वाचन २०५४ मा उमेदवारीका हिसावले २०४९ भन्दा केही राम्रो देखिए तापनि आशातीत सफल भएको पाइएन । महिलाहरू पुरुषको तुलनामा पछाडि नै रहेको अवस्था विद्यमान छ ।

### ४.४.३ शिक्षाका आधारमा महिला वर्गीकरण

राजनीतिक सहभागितामा प्रभाव पार्ने विभिन्न तत्वहरूमध्ये शिक्षा प्रमुख तत्व रहेकोले शैक्षिक अवस्था प्रस्तुत गर्न आवश्यक रहेकोले तल प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.८**

**शिक्षाका आधारमा महिला वर्गीकरण**

| शिक्षा | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| एसएलसी | २५४ | २०१ | ४५५ | ४६.८६ |
| प्रविणता प्रमाणपत्र वा दशजोड दुई | १४२ | १३१ | २७३ | २८.१२ |
| स्नातक | ९० | ५४ | १४४ | १४.८३ |
| स्नातकोत्तर | ५० | ४५ | ९५ | ९.७८ |
| विद्याबारिधी | ४ | ० | ४ | ०.४१ |
| जम्मा | ५४० | ४३१ | ९७१ | १०० |

*श्रोत: गाविसको बस्तुस्थिति विवरण, २०६७*

यस गाविसमा कूल जनसङ्ख्यामा २३१७ जना अर्थात् ७८.०७ प्रतिशत साक्षर रहेका छन् भने २९६८ जना अर्थात् २१.९३ प्रतिशत निरक्षर रहेका छन् । कूल साक्षरमा ३६.१९ प्रतिशत महिला र ४१.८८ प्रतिशत पुरुष रहेका छन् ।

यस शोधपत्रको अघिल्ला परिच्छेदहरूमा गरिएको सैद्धान्तिक छलफलमा निर्णय निर्माणका प्रत्येक तहमा सहभागितामा शिक्षाको महत्त्वपूर्ण भूमिका रहेको चर्चा गरिएको थियो । शिक्षित समूह प्रत्येक दृष्टिमा अरूभन्दा अगाडि हुने हुँदा यहाँको महिलाहरूको शैक्षिकस्तर अध्ययन गर्नु उपयुक्त हुन्छ । उक्त सेतीदोभान गाविसबाट लिएको विवरणअनुसार उक्त वस्तुस्थिति विवरणमा निम्नानुसार शैक्षिक स्तर रहेको पाइयो ।

माथि प्रस्तुत विवरणअनुसार एसएलसी पास गरेका जम्मा सङ्ख्या ४५५ मध्ये २०१ जना महिला रहेका छन् । कूल जनसङ्ख्याको यो ४६.८६ प्रतिशत हुन आउछ । यस्तै प्रविणता प्रमाणपत्र तह वा दश जोड दुई उत्तीर्ण गर्ने २८.१२ प्रतिशत रहेका छन् । यस्तै स्नातक तह पास गर्ने १४.८३ प्रतिशत र महिला जनसङ्ख्या ५४ रहेको छ । स्नातकोत्तर तह पास गर्ने ९.७८ प्रतिशतमध्ये महिला ४५ जना रहेका छन् । विद्यावारिधी गर्ने ०.४१ प्रतिशत पुरुषहरूमात्र रहेका छन् । यहाँ महिला पुग्न सकेको देखिदैन । तर पनि शैक्षिक दृष्टिकोणले यहाँका महिलाहरूको स्थिति राम्रो मान्न पर्दछ जो पुरुषको हारहारीमा छ ।

## ४.४.४ लैङ्गिक समानता र सहभागितामा महिला

लैङ्गिक समानता र सहभागितामा सेतीदोभान गाविसको स्थिति कस्तो रह्यो भनी तलको तालिकामा प्रस्तुत गर्न खोजिएको छ ।

**तालिका नं. ४.९**

**लैङ्गिक समानता र महिला सहभागिता**

| क्रस | सम्बन्धित निकाय | महिला | पुरुष | जम्मा | महिला प्रतिशत |
|---|---|---|---|---|---|
| १ | घर व्यवहारमा निर्णय गर्ने अधिकार | ३६३ | ४५३ | ८१६ | ४४.४९ |
| २ | घरायसी काममा संलग्न सङ्ख्या | ६४१ | ७० | ७११ | ९०.१५ |
| ३ | बैकमा खाता खोलेको सङ्ख्या | १८१ | २८६ | ४६७ | ३८.७६ |
| ४ | उपभोक्ता समितिमा सहभागिता सङ्ख्या | ६४ | २६३ | ३२७ | १९.५७ |
| ५ | विद्यालय व्यवस्थापन समितिमा सहभागिता | ६१ | ३०७ | ३६८ | १६.५८ |
| ६ | उद्योग व्यापारमा सहभागिता सङ्ख्या | २५ | १७३ | १९८ | १२.६३ |
| | जम्मा | १३३५ | १५५२ | २८८७ | ४६.२४ |

***श्रोत : गाविस वस्तुस्थिति विवरण, २०६७***

माथि प्रस्तुत गरिएको तालिकामा महिला र पुरुष दुबै संलग्न भएको सङ्ख्या उल्लेख गरिएको छैन । खाली महिलामात्रै र पुरुष मात्रै संलग्न भएको सङ्ख्या छ ।

तालिकाअनुसार घरव्यवहारमा निर्णय गर्ने (एकलौटी) जम्मा ८१६ जनामध्ये ३६३ जना महिला रहेका छन् । अर्थात् ४४.४९ प्रतिशत महिलाहरू आफै निर्णय गर्दछन् । यस्तै घरायसी काममा संलग्न जम्मा ७११ जनामध्ये महिला धेरै ६४१ रहेका छन् । जुन प्रतिशतमा ९०.१५ हुन आएको छ । यस्तै बैंकमा खाता खोलेका ४६७ जनामध्ये १८१ जनामात्र महिला छन् । अर्थात् जम्मा ३८.७६ प्रतिशतमात्र महिला रहेका छन् ।

उपभोक्ता समितिमा संलग्न सङ्ख्या ३२७ रहेकोमा १९.५७ अर्थात् ६४ जना महिला रहेका छन् । विद्यालय व्यवस्थापन समितिमा सहभागी कूल ३६८ जनामा ६१ जना महिला अर्थात् १६.५८ प्रतिशत महिलाको उपस्थिति रहेको छ । उद्योग व्यापारमा सहभागी सङ्ख्या १९८ मध्ये २५ जना महिला छन् । अर्थात् १२.६३ प्रतिशतमात्र महिला रहेका छन् ।

माथि प्रस्तुत विभिन्न निकायमा संलग्न भएका कूल २८८७ जनसङ्ख्यामध्ये १३३५ जना महिलाहरू रहेका छन् जुन ४६.२४ प्रतिशत हो । माथि प्रस्तुत तालिकाबाट यो प्रष्ट भएको छ कि प्रत्येक क्षेत्रमा पुरुषको तुलनामा महिलाको उपस्थिति न्यून रहेको छ ।

सेतीदोभान गाविसका कूल परिवार सङ्ख्या ७४२ मा जम्मा महिलाहरू २१५५ रहेकोमा दुबैजनाको समझदारी बाहेक एक्लै महिलाले निर्णय गर्ने सङ्ख्या ३६३ रहेको  पाइयो । यस्तै घरायसी काममा मात्र लाग्नेको सङ्ख्या ६४१ जना महिला रहेका छन् । १८१ जना महिलाहरूको बैकमा व्यक्तिगत खाता रहेको पाइयो । उक्त गाविसमा भएका विभिन्न उपभोक्ता समितिमा ६४ जना महिला उपस्थिति रहेको छ । विद्यालयहरू ११ मा सबै व्यवस्थापन समितिहरूमा गरी जम्मा ६१ जनामात्र महिला सहभागी भएको पाइयो । उद्योग व्यापारमा सहभागी जम्मा महिला सङ्ख्या २५ जनामात्र रहेका छन् । यस्ता स्थानीय स्तरमा सोझै देखिने निर्णय निर्माणमा विभिन्न तहमा जम्मा महिलाको सहभागी सङ्ख्या १३३५ मात्र रहेको छ ।

## ४.५ सेतीदोभान गाविसमा रहेका नीति निर्माणका तहहरू तथा स्वरूपहरू

सेतीदोभान गाविसमा रहेका स्थानीय निर्णय निर्माणका तह तथा स्वरूपहरू यसप्रकार छन् :

**विद्यालय व्यवस्थापन समितिहरू**

सेतीदोभान गाविसअन्तर्गत रहेका  बिभिन्न स्थानीय निर्णय निर्माणका निकायहरूमा गाविस भरि छरिएर रहेका १२ वटा पूर्वप्राथमिक, प्राथमिक, मावि, निमावि र उच्च मावि

तथा बहुमुखी क्याम्पससमेत गरी स्थापना भएका विद्यालयहरू मध्येबाट सवै व्यवस्थापन समितिका महिला सदस्यहरूसँग अन्तर्वार्ता गर्न असमर्थ भएको कारण सबै व्यवस्थापन समितिका महिला प्रतिनिधिहरूको प्रतिनिधित्त्व हुने गरी श्री प्रधुम्न पनेरु बहुमुखी क्याम्पस व्यवस्थापन समितिकी महिला सदस्यसँग गहन अन्तर्वार्ता गरिएको थियो ।

**सेतिदोभान गाविसका विभिन्न आमा समूहहरू**

जागृती आमा समूह, सल्लाघारी आमा समूह, चाँदनी आमा समूह, ठूली बराहे आमा समूह, प्रगती आमा समूह, ज्योति आमा समूह, जनजागृति आमा समूह, सिद्धेश्वरी आमा समूह, समाज सुधार आमा समूहमध्येबाट सबैको प्रतिनिधित्व हुने गरी ज्योति आमा समूहकी सदस्यहरूलाई अन्तर्वार्ता सूचीमा राखिएको थियो ।

**सेतीदोभान गाविसभित्र सञ्चालित गैरसरकारी संस्थाहरू**

आपसी सहयोग केन्द्र आस्क, मुक्तिनाथ विकास बैक, वातावरण स्वच्छता समूहहरू मध्येबाट सबैको प्रतिनिधित्व हुने गरी आपसी सहयोग केन्द्र आस्ककी सदस्यलाई अन्तर्वार्ताको सूचीमा समावेश गरिएको थियो ।

**गाविसभरिका बचत समूहहरू**

गाविसभरि ३० वटा बचत समूहहरू सञ्चालित रहेका छन् । जसमध्येबाट सृजनशील ग्रामीण बचत तथा ऋण समूहबाट, पशुपति कृषक समूहबाट, सबै समूहका महिला प्रतिनिधिहरूको प्रतिनिधित्व हुने गरी अन्तर्वार्ताको सूचीमा राखिएको थियो ।

**उपभोक्ता बचत तथा ऋण सहकारी संस्थाहरू**

सञ्जीवनी, जैविक विविधता बहुउद्देश्यीय ऋण सहकारी संस्था, हराभरा कृषि सहकार्य संस्था र उपल्लो आँधीखोला ऋण तथा बचत सहकारी संस्था लि. मध्येबाटसबै संस्थाका साथै महिला प्रतिनिधिको प्रतिनिधित्त्व हुने गरी उपल्लो आँधीखोला ऋण तथा बचत सहकारी संस्था लि. कि महिला सदस्यलाई अन्तर्वार्ता सूचीमा राखिएको थियो ।

**गाविसका प्रमुख तीन राजनीतिक दलहरू**

सेतीदोभान गाविसमा स्थापित स्थानीय पार्टीहरू काँग्रेस, एमाले, माओवादी, स्वतन्त्र, राप्रपा, मजदूर किसान पार्टी, विभिन्न पार्टीहरू स्थापित भए तापनि प्रमुख ३ राजनैतिक पार्टीहरू नेपाली काँग्रेस, एमाले र माओवादी पार्टीका स्थानीय सङ्गठनमा आबद्ध प्रत्येक

पार्टीबाट एकएक जना महिला प्रतिनिधि चयन गरी अन्तर्वार्तामा सहभागिता गराइएको थियो ।

**सेतीदोभान गाविसमा पछाडि परेका महिलाहरू**

सेतीदोभान गाविसमा पछाडि परेका जो लेख्न, पढ्न जान्दैनन् र जसलाई सामान्य समूह, पार्टी, सङ्गठन, चुनावजस्ता कुराको समेत जानकारी छैन, त्यस्ता सामान्य २ जना महिला जो यस्तै अन्य सबै महिलाको प्रतिनिधित्व गराउने उद्देश्यले अन्तर्वार्ताको सूचीमा समावेश गरी गहनरूपमा अन्तर्वार्ता लिइएको थियो ।

**४.५.१ स्थानीय राजनीतिक सङ्गठनमा महिला प्रतिनिधित्त्व**

प्रजातन्त्रमा राजनीतिक दलको भूमिका महत्वपूर्ण हुन्छ । आफ्ना इच्छा आकाङ्क्षालाई सङ्गठित आवाज दिन जनतालाई दलको आवश्यकता पर्दछ । यस्तै प्रजातन्त्रमा सत्ता संचालनका लागि दलहरूलाई सार्वभौम जनताको समर्थन आवश्यक हुन्छ । जनआधार नभएको राजनीतिक दलले प्रजातान्त्रिक शासन प्रणालीमा सत्ता सञ्चालन गर्न पाउँदैन । नेपालमा प्रजातन्त्र पुनर्बहाली अघि दलहरू प्रतिबन्धित थिए । दलहरू प्रतिबन्धित रहेको ३० वर्षे पञ्चायती कालमा स्थानीय र केन्द्रीय सत्ता संचालनका लागि प्रतिनिधि चुन्न निर्वाचन हुन्थ्यो तर त्यसमा दलहरू सहभागी हुँदैनथे । व्यक्तिगत हिसावले आफ्नो हैशियतद्वारा चुनाव लड्ने तत्कालीन नेताहरूले जनपरिचालन नाम मात्रको गर्थे । चुनावका बेला मात्र चहलपहल हुन्थ्यो । यसखालको परिपार्टीमा राजनीतिक सहभागिताको परिकल्पना गर्न सकिन्नथ्यो । त्यसैले राजनीतिक सहभागिताका लागि दलहरू खुला हुनुपर्छ, जनतालाई सङ्गठित हुने स्वतन्त्रता दिइनुपर्छ, तबमात्र आफूले चाहेको दलमा आबद्ध भएर सर्वसाधारणले राजनीतिक गतिविधि संचालन गर्न पाउँछन् ।

स्थलगत सर्वेक्षणका क्रममा सेतीदोभान गाविसमा निर्णय निर्माणका तहहरूमा महिला सहभागिता भन्ने शीर्षक अन्तर्गत रहेर स्थानीय स्वायत्त शासनका लागि स्थापित भएका प्रमुख ३ राजनीतिक दलसँग आबद्ध भई स्थापना भएका विभिन्न ३ नेपाली काँग्रेस, नेपाल कम्युनिष्ट पार्टी एमाले र पछिल्लो समयमा स्थापित दल माओवादीका विभिन्न गाउँ कमिटीहरूमा महिलाहरूको उपस्थिति के कस्तो रहेको छ भन्ने सम्बन्धमा अनुसन्धान गरिएको थियो । जसअनुसार प्राप्त विवरण जस्ताको तस्तै तल प्रस्तुत गरिएको छ । प्रस्तुत

गरिएका विवरणहरू पछिल्ला दिनहरूमा कायमै रहेको अवस्था छ । पार्टी स्थापना कालबाट हेर्दा थुप्रै कमिटीहरू बन्ने र विघटन हुने गर्दै आएकोमा वर्तमानमा क्रियाशील एवं संचालित कमिटी सङ्गठनहरूको विवरण यहाँ उल्लेख गरिएको छ । प्रमुख ३ राजनीतिक दलसँग आबद्ध भई स्थापित सङ्गठनहरू (गाउँ कमिटी) को विवरणलाई क्रमैसँग तल प्रस्तुत गरिएको छ ।

### ४.५.२ नेपाल कम्युनिष्ट पार्टी एमाले गाउँ कमिटी विवरण

**तालिका नं ४.१०**

**एमालेको गाउँस्तरीय संगठनमा महिला पुरुषको प्रतिनिधित्त्व**

| विवरण | उच्च जाति | जनजाति | दलित | मुस्लिम | कूल |
|---|---|---|---|---|---|
| महिला | ३ | १ | - | - | ४ |
| पुरुष | ९ | १ | १ | - | ११ |
| कूल | १२ | २ | १ | - | १५ |

***स्थलगत सर्वेक्षण, २०७०***

नेपाल कम्युनिष्ट पार्टी एमाले पार्टीको स्थापना पछि थुप्रै कमिटीहरू निर्माण हुँदै अगाडि बढ्दै आएकोमा स्थापनाकालबाटै महिलाको उपस्थिति कस्तो थियो त्यो यकिन हुन त सकेन । तर मेरो अध्ययनको क्रममा स्थलगत सर्वेक्षणअनुसार उक्त कमिटी वि.सं २०६८ साल वैशाख १० गते स्थापना भई हालसम्म पनि कायमै रहेको तथा गरिब निमुखा जनताको आर्थिकस्तर माथि उठाउने मुख्य उद्देश्यका साथ स्थापित यस कमिटीमा अध्यक्ष, उपाध्यक्षसहित जम्मा सङ्ख्या १५ जना रहेकोमा ११ जना पुरुष र ४ जना मात्र महिला उपस्थिति रहेको छ । चारजना महिलामध्ये ३ जना क्षेत्री, बाहुन र १ जना जनजाति रहेका छन् भने ११ जना पुरुषमध्ये ९ जना क्षेत्री, बाहुन र १ जना जनजाति, १ जना दलित रहेका छन् ।

गाविसस्तरको यस गाउँ कमिटीमा पुरुषको तुलनामा यस पार्टीमा महिला उपस्थिति न्यून रहेको पाइयो । स्थानीय निर्णय निर्माणमा विभिन्न स्थानीय निकायमा महिला उपस्थिति कस्तो छ । उनीहरूको पहुँच कस्तो अवस्थामा छ भनी गरिएको यस खोजमा माओवादी पार्टीको तुलनामा धेरै पुरानो अवस्था पार्टीको हिसावले मूल्याङ्कन गर्दा स्थानीय सङ्गठन जहाँ ११ जना पुरुष उपस्थिति र चारमात्र महिला रहनु राम्रो अवस्था होइन ।

### ४.५.३ नेपाली काँग्रेस गाउँ कमिटी विवरण

**तालिका नं. ४.११**

**गाउँस्तरीय कमिटीमा नेपाली काँग्रेसमा महिला पुरुषको प्रतिनिधित्त्व**

| विवरण | उच्च जाति | जनजाति | दलित | मुस्लिम | कूल |
|---|---|---|---|---|---|
| महिला | ५ | - | - | - | ५ |
| पुरुष | ११ | २ | - | १ | १४ |
| कूल | १६ | २ | - | १ | १९ |

*स्थलगत सर्वेक्षण, २०७०*

नेपाली काँग्रेस पार्टी स्थापनाकालसँगै विभिन्न स्थानमा यस पार्टीसँग सम्बन्धित विभिन्न सङ्गठनहरू विभिन्न समयमा स्थापना हुँदै अगाडि बढ्नेक्रममा स्याङजा जिल्ला सेतीदोभान गाविस पनि अछुतो रहन सकेन । विभिन्न समयमा स्थानीय स्वायत्त शासनका निम्ति विभिन्न सङ्गठन स्थापना हुँदै आएकोमा महिला उपस्थिति कस्तो रह्यो भन्ने सम्बन्धमा पुरानो सङ्गठन सम्बन्धमा जानकारी प्राप्त गर्न नसके पनि हाल कायमै सङ्गठन जुन माथि प्रस्तुत गरिएको छ । जसअनुसार २०६७ सालमा स्थापना गरिएको र विकास निर्माण पार्टी विकास, जनताप्रति वफादार हुने र इमान्दारिताका साथै सामाजिक सुधार प्रमुख उद्देश्य सहिता अगाडि बढेको उक्त कमिटीमा कुल सङ्ख्या १९ जना रहेको छ । जसमध्ये महिला सबै क्षेत्री, बाहुनमात्रको उपस्थिति ५ जनाको सङ्ख्यामा छ भने महिलाको तुलनामा पुरुष ज्यादै धेरै रहेका छन् । अध्यक्ष, उपाध्यक्ष, सदस्यहरूसहित १९ जनामा १४ जना पुरुषमध्ये जनजातिका २ जना, मुस्लिम १ जना समेत संलग्न रहेका छन् । महिला र पुरुष कूल रूपमा हेर्दा क्षेत्री बाहुन १६ जना, जनजाति २ जना मात्र र मुस्लिम १ जना गरी १९ जनाको उपस्थिति उक्त कमिटीमा गराइएको छ । तुलनात्मकरूपमा हेर्दा यस कमिटीमा पनि महिला पुरुषको तुलनामा पिछडिएको अवस्थामा रहेका छन् ।

### ४.५.४ एकीकृत नेपाल कम्युनिष्ट पार्टी माओवादी गाउँ कमिटी विवरण

**तालिका नं. ४.१२**

**गाउँस्तरीय कमिटीमा एकीकृत ने.क.पा.माओवादीमा महिला पुरुषको प्रतिनिधित्त्व**

| | उच्च जाति | जनजाति | दलित | मुस्लिम | कूल |
|---|---|---|---|---|---|
| महिला | १ | - | १ | | २ |
| पुरुष | ११ | १ | २ | | १४ |
| कूल | १२ | १ | ३ | | १६ |

*स्थलगत सर्वेक्षण, २०७०*

स्थलगत सर्वेक्षणका क्रममा सही तथ्याङ्क प्राप्त गर्नका लागि एकीकृत नेपाल कम्युनिष्ट पार्टी माओवादीका गाउँ कमिटी अध्यक्षसँगै कुराकानी गरिएको थियो । उहाँका अनुसार नेपाली काँग्रेस र एमालेभन्दा धेरैपछि स्थापित पार्टी भएको र सुरु सुरुमा कमिटी स्थापना गर्न असहज परिस्थितिका कारण इन्चार्ज नियुक्त गरी कार्यक्रम संचालन गरिदैआएको थियो । सबै कार्यक्रम इन्चार्जको ठाउँबाट हुने गर्दथे । पार्टी स्थापना २०५२ तिर भए पनि अन्य पार्टीलाई जस्तो सजिलो अवस्था नभएका कारण सुरुमा ज्यादै कठिन अवस्था पार गर्दै आएकोमा २०६९ सालमा मात्रै यस पार्टीको गाउँ कमिटीको स्थापना भई पार्टीलाई सङ्गठनात्मक हिसाबले अगाडि बढाउँदै सर्वहारा वर्गको नेतृत्व गर्ने मुख्य उद्देश्यका साथ हाल कार्यक्रमहरू संचालन गर्दै आएको छ । यस पार्टीको गाउँ कमिटीमा जम्मा १६ जना रहेका छन् । १६ जनामध्ये महिला २ जना मात्रै छन् भने १४ जना पुरुषहरू रहेका छन् ।

माथिको तालिकामा हेर्दा यो प्रष्ट हुन्छ कि पुरुषको तुलनामा महिला उपस्थिति नगण्यमात्रामा रहेको छ । दुईजनामा १ जना क्षेत्री, बाहुन र १ जना दलित जातिका रहेका छन् । यस्तै पुरुषमा क्षेत्री, बाहुन ११ जना, जनजाति १ जना र दलित २ जनाको सङ्ख्यामा रहेका छन् । कूल महिला पुरुष गरी उच्चजातिका १२ जना, जनजाति १ जना, दलित ३ जना गरी १६ जना रहेका छन् ।

### ४.५.५ स्थानीय राजनीतिक दलहरूमा महिला सहभागिता

स्थानीय स्वायत्त शासनका निम्ति स्थापित र विकसित विभिन्न ३ प्रमुख राजनीतिक पार्टीद्वारा गाविसस्तरमा स्थापित गाउँ कमिटीमा महिलाहरूको उपस्थिति कस्तो छ भनी गरिएको तुलनात्मक अध्ययनअनुसार पुरुषको तुलनामा महिलाको अवस्था पछाडि नै परेको पाइयो । स्थानीयस्तरमा महिला सहभागिता वृद्धि नभएसम्म राष्ट्रियस्तरमा वृद्धि हुँदैन । प्रमुख ३ वटै राजनीतिक दलहरूले महिला उपस्थितिमा विशेष जोड दिनुपर्ने देखिन्छ साथै महिलालाई प्रत्येक परिवारका पुरुष सदस्यले उपस्थितिका लागि प्रोत्साहन गर्दै उनीहरूका घरायसी समस्याहरू समाधानमा सहयोग गरी अगाडि बढ्नुपर्ने देखिन्छ ।

तीन वटै प्रमुख राजनीतिक पार्टीहरूको तुलनात्मक अध्ययन गर्दा नेपाल कम्युनिष्ट पार्टी एमालेका कूल १५ जना कमिटिको सङ्ख्यामा महिला सदस्य सङ्ख्या कूल चार जनामा मात्र सीमित रहेका छन् भने नेपाली काँग्रेस पार्टीमा पनि १९ जना कूल सदस्य सङ्ख्यामा

महिलाको सङ्ख्या मात्र पाँच रहेको छ । माओवादीमा त झन् १६ जना कूल सदस्यमध्ये महिलाको सङ्ख्या २ जनामा सीमित छ । तुलनात्मकरूपमा हेर्दा महिलाको उपस्थिति र सहभागिता अन्य विभिन्न कार्यक्रमहरूमा माओवादी पार्टीमा बढी हुने गरे तापनि निर्णायक तहको गाउँ कमिटीमा यस कमिटीमा न्यून नै छ । विभिन्न कमिटीमा उपस्थित सङ्ख्या तुलना गर्दा नेपाली काँग्रेस र एमाले पार्टी समयको मागअनुसार महिला उपस्थिति गराउन नसके पनि माओवादी पार्टीको तुलनामा अगाडि देखिएका छन् ।

विभिन्न सङ्गठनहरूको अध्ययनपश्चात् समग्रमा भन्नुपर्दा, तीन वटै राजनीतिक दलले महिलालाई अगाडि बढाउने प्रयत्न गर्न असफल नै भएको देखियो । यसका पछाडि घरायसी कार्यबोझ, कार्यव्यस्तता, पुरुषमा हुनुपर्ने प्रोत्साहन क्षमताको कमी, पुरुष नै अगाडि हुनुपर्ने मनोवैज्ञानिक विचार, उचित शिक्षाको कमी जस्ता विभिन्न कारणले गर्दा महिला उपस्थिति न्यून रहन गएको छ भन्ने विचारहरू पाइयो । साथै अवलोकनद्वारा पार्टीका सिद्धान्तहरू सिद्धान्तका पानामै सीमित रहनुले गर्दा पनि महिला सहभागिता बढ्न नसकेको देखिन्छ ।

### ४.५.६ निर्णय निर्माणका स्थानीय निकायहरूमा सेतीदोभान गाविसका महिलाहरूको प्रतिनिधित्व

निर्णय निर्माणका विभिन्न स्थानीय निकायहरू विद्यालय व्यवस्थापन समितिहरू, उपभोक्ता समितिहरू, गैरसरकारी सङ्घसंस्थाहरू र बचत तथा ऋण सहकारी संस्थाको समितिहरूमा महिला तथा पुरुष सहभागी सङ्ख्यासम्बन्धी विवरण तल प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१३**

**सेतीदोभान गाविसका निर्णय निर्माणका स्थानीय निकायहरूमा महिलाहरूको प्रतिनिधित्व**

| विवरण | महिला | पुरुष | जम्मा | प्रतिशत महिला |
|---|---|---|---|---|
| विद्यालय व्यवस्थापन समिति | ५५ | ९५ | १५० | ३६.६७ |
| उपभोक्ता समितिहरू | ६० | २०० | २६० | २३.८ |
| गैरसरकारी सङ्घसंस्था | ३५ | ७२ | १०७ | ३२.७१ |
| बचत तथा ऋण सहकारी संस्थाको समिति | ९० | १५० | २४० | ३७.५ |
| जम्मा | २४० | ५१७ | ७५७ | ३१.७० |

*स्रोत : स्थलगत अध्ययन, २०७० असार*

सेतीदोभान गाविसका विभिन्न स्थानीय निकायहरू, १२ वटा विद्यालयका विद्यालय व्यवस्थापन समितिमा जम्मा सङ्ख्या १५० जनामा महिला ५५ र पुरुष ९५ जना रहेका छन् । महिला सहभागिता प्रतिशतमा जम्मा ३६.६७ मात्र हुन आएको छ ।

यस्तै उपभोक्ता समितिहरूमा संलग्न जम्मा २६० जना सङ्ख्यामध्ये पुरुष २०० जना र महिला जम्मा ६० जनामात्र अर्थात् २३.०८ प्रतिशतमात्र उपस्थित रहेका छन् ।

यस्तै गैरसरकारी संस्थाहरूमा संलग्न भएका जम्मा १०७ जना सङ्ख्यामध्ये पुरुष ७२ जना र महिला ३५ जना जुन कूल सङ्ख्याको ३२.७१ प्रतिशत हुन गएको छ ।

यस्तै बचत तथा ऋण सहकारी संस्था समितिमा कूल २४० जनाको सङ्ख्यामध्ये पुरुष १५० जना र महिला ९० जना रहेका छन् अर्थात् ३७.५ प्रतिशत महिला सहभागिता रहेका छन् । जम्मा महिला सङ्ख्या २४० जनाको सहभागीता रहेकोमा कूल पुरुष ५१७ जना सहभागी रहेका छन् । दुबै गरी ७५७ जनाको सङ्ख्यामा उपस्थिति रहेकोमा कूल सङ्ख्याको ३१.७० प्रतिशत मात्र महिला सहभागिता रहेको छ ।

माथि प्रस्तुत स्थानीय निर्णय निर्माणमा विभिन्न निकायहरूमा सहभागी महिला र पुरुषको सङ्ख्या तुलना गरी निष्कर्ष स्वरूपभन्दा पुरुषको उपस्थिति जम्मा सङ्ख्या ५१७ भएकोमा महिला जम्मा २४० जनाको सङ्ख्यामै सीमित रहनु अर्थात् निर्णय निर्माणका विभिन्न निकायमा महिला सहभागिता शून्य नरहनुले मात्रै महिला अगाडि बढेको भन्दा नमिल्ने हुँदा पुरुषको तुलनामा महिला पछाडि नै रहेको अवस्था विद्यमान छ । महिला उपस्थितिलाई प्रेत्क निकायले बढाउँदै लैजानुपर्ने हुन्छ ।

### **४.५.७ स्थानीय निर्णय निर्माणमा महिलाको भूमिका र अभिमतहरू**

यस सेतिदोभान गाविसअन्तर्गत रहेका विभिन्न स्थानीय निर्णय निर्माणका निकायहरूमा आवद्ध विभिन्न महिला समूहहरूसँग विभिन्न विषयहरूमा छलफल गरियो र निष्कर्षमा पुग्न सामान्य अन्तर्वार्ता लिनेक्रममा उहाँहरूका अनुसार प्राप्त जानकारी यस अनुसन्धान पत्रमा उतारिएको छ ।

#### **विद्यालय व्यवस्थापन समिति**

स्याङ्जा जिल्ला सेतीदोभान गाविसका जम्मा ९ नौं वटा वडाहरूमा पूर्व प्राथमिक, प्रावि, मावि, नि.मा.वि., बहुमुखी सबै सामुदायिक र संस्थागत गरी जम्मा १२ (बाहं) वटा विद्यालय व्यवस्थापन समितिमा सम्बद्ध महिलासँग अन्तर्वार्ता गर्न समय सीमाले नभ्याएका कारण

नमुनाको रूपमा श्री प्रधुम्न पनेरु बहुमुखी क्याम्पस विद्यालय व्यवस्थापन समितिकि सदस्यसँग अन्तर्वार्ता गरिएकोमा उहाँका अनुसार आफूसम्बद्ध संस्थाले विद्यालय व्यवस्थापन गर्छ ।

विद्यालय क्षेत्रभित्र पर्ने विभिन्न समस्या पहिचान र समाधानका नियम निर्माण गरी लागू गर्छ र गुणस्तरीय शिक्षा प्रदान गर्ने रणनीति तय गर्ने काम व्यवस्थापन समितिले गर्दछ ।

### ज्योति आमा समूह

ज्योति आमा समूह सेतीदोभान ८ कृषिमा रहेको आमा समूह हो । यसले महिला समस्या सम्वन्धमा छलफल गर्ने कोष खडा गर्ने, उपस्वास्थ्य चौकी निर्माण, गोरेटो, घोरेटो बाटो निर्माण र आफ्नो समूहभित्रको लागि नीति नियमहरू निर्माण र लागू गर्ने काम गर्दै आएको छ ।

### सिर्जनशील ग्रामीण बचत तथा ऋण समूह

यस बचत समूहकी सदस्यसँग गरिएको छलफलमा यस समूहले महिला विकासका लागि बचत गर्ने बानीको विकाससँगै, विभिन्न महिलासमस्या विशेषगरी आर्थिकमा सहयोग गर्ने सार्वजनिक भवन निर्माणमा सहयोगसमेत गर्दछ र आफ्नो समूहको लागि नीति नियम निर्माणसँगै लागूसमेत गरेको छ ।

### गैह्रसरकारी संस्था आपसी सहयोग केन्द्र

जिल्ला प्रशासन कार्यालय स्याङ्जामा २०५४ सालमा दर्ता भएको आपसी सहयोग केन्द्रसँग गरिएको छलफलमा उक्त संस्थाले निम्न कार्यहरू गर्ने कुरा ज्ञात हुन आउँछ ।

- ग्रामीण वचत तथा ऋण कार्यक्रम सञ्चालन गर्नै
- बायोग्याँस उर्जा कार्यक्रमहरू सञ्चालन गर्ने
- महिलाको लागि आय आर्जन कार्यक्रम (वाखापालन)
- विपन्न न्यूनिकरण कार्यक्रम जिविकोपार्जन सुधार कार्यक्रम
- जैविक विविधता र जलवायु परिवर्तन न्युनिकरण
- कृषि वन व्यवस्थापन
- खानेपानी स्वास्थ्य र सरसफाइ कार्यक्रमहरू

- सहकारी प्रवर्धन र कृषि वीमा कार्यक्रमहरू
- समूहको सामाजिक परिचालन तथा दिगो व्यवस्थापन सम्वन्धी कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ ।
- यसले २६ भन्दा बढी गाविसहरूमा सेवा पुऱ्याइरहेको छ र यसको मुख्य कार्यलय सेतिदोभान गाविस वाड नं. ८ कृषि सेवा केन्द्रको भवनमा रहेको छ । नीति निर्माण गर्दछ । भन्ने सम्वन्धमा स्थानीय स्वायत्त शासनका विभिन्न विविध कार्यक्रम गर्ने हुँदा आफ्नो उद्देश्यअनुरूप नियम र कानून पनि निर्माण र लागू गर्दै आएको छ ।

**उपल्लो आँधीखोला बचत तथा ऋण सहकारी संस्था लि. सेतिदोभान-२**

माथि प्रस्तुत प्रश्न सम्वन्धी छलफल यस संस्थाकी सदस्य शोभा लामिछानेसँग गरिएकोमा २०६७ सालमा दर्ता भई सञ्चालित यस बचत तथा ऋण सहकारी संस्थाले निम्न लिखित कार्यहरू गर्दछ ।

- आर्थिक विपन्नतालाई न्यूनिकरण गर्ने
- विपन्न तथा पिछडिएका वर्गका शेयरधनीलाई ऋण प्रवाह गर्ने
- स्वावलम्वी तथा आत्मनिर्भर समाजको विकासमा आवद्ध सबै सदस्यहरूलाई प्रोत्साहन गर्ने जस्ता कार्यक्रमहरू गर्दछ ।
- आफ्नो संस्थाको व्यवस्थापनको लागि नीति निर्णय र लागू पनि गर्दै आएको छ ।

**पशुपति कृषक समूह सेतीदोभान-७**

पशुपति कृषक समूह पनि २०६६ सालमा दर्ता भई सञ्चालनमा रहेको समूह हो । प्रस्तुत विषयमा छलफल गरिएकोमा उहाँका अनुसार उक्त संस्थाले निम्नलिखित कार्यक्रम गर्दैआएको छ ।

उक्त समूहभित्र समावेश भएका विभिन्न सदस्यहरूमा समस्या हेरी आपतकालीन समयमा प्राथमिकता क्रमअनुसार विविध समस्या समाधानमा आर्थिक व्यवस्थान गरिदिन्छ, गरिब तथा विपन्न वर्गको उत्थानमा सहयोगगर्छ । बचत गर्ने बानीको विकास र ॠण प्रवाह गरी आर्थिक विकासमा सहयोग प्रदान गर्छ ।

समाजको एक समूह भएकोले सामान्य स्थानीय विकासका लागि नीति नियमहरू निर्माण गर्दैआएको । मुख्य गरी संस्थाको लागि नियम निर्माण र लागू गर्दछ ।

**नेकपा एमाले (वडा सदस्य)**

माथि प्रस्तुत प्रश्नको उत्तर स्थानीय स्वायत्त शासनका निमित्त भएको निर्वाचन २०५४ सालमा नेकपा एमालेको तर्फबाट वडा सदस्य पदमा विजयी उमेदवार प्रेम कुमारी लामिछानेसँग जो वडा नं. ९ बाट उमेदवारी दर्ता गराउनुभएको थियो । उहाँका अनुसार नेकपा एमालेले जनताका हक अधिकारहरूको खोजी तथा संरक्षण गर्दै देशका गरिब तथा निमुखा जनतालाई आर्थिक सम्पन्नतातर्फ लैजानु यसको मुख्य कार्य हो । स्थानीय तहमा यसले नीति नियम निर्माण गर्दै लागू पनि गर्दैआएको छ ।

**नेपाली काँग्रेस (वडा सदस्य)**

माथि प्रस्तुत प्रश्न नेपाली काँग्रेस २०५४ सालसम्मका प्रमुख दुई राजनीतिक दलमा पर्ने पार्टीसँग आबद्ध भई वडा सदस्यसँग अन्तर्वार्ता गरिएको थियो । सीता पनेरुका अनुसार उहाँ सम्बद्ध संस्था नेपाली काँग्रेस पार्टीले आफू स्थानीय स्तरकै प्रतिनिधिको रूपमा उठेको हुँदा विशेष गरी स्थानीय स्तरबाट नै विकास निर्माण कार्यका साथै पिछडिएका वर्गको उत्थानका लागि कार्य गर्दै आएको छ । विशेषगरी समाजवादी धारणा अँगाली यसैलाई आत्मसात गर्दै आएको छ र यसले नियम, कानुन पनि निर्माण गर्दछ ।

**एकीकृत नेकपा माओवादी (गाउँ कमिटी सदस्य)**

माथि प्रस्तुत प्रश्न पछिल्लो समयमा स्थापित राजनैतिक दलमा आबद्ध भई गाउँ कमिटीमा सदस्य पदमा रही कार्य गर्दै आउनुभएकी महिला सदस्य विष्णुमाया सुनारसँग अन्तर्वार्ता गरिएको थियो । उहाँका अनुसार उहाँ सम्बद्ध पार्टी एकीकृत नेकपा माओवादी गाउँ कमिटीले सङ्गठनात्मक हिसावले अगाडि बढ्दै सर्वहारा वर्गको नेतृत्व गर्दै आफ्नो कमिटीको लागि र स्थानीय विकासका लागि सामान्य नियम निर्माण लागू समेत गर्दछ ।

**सामान्य महिलाहरू (पिछडिएका)**

सामान्य लेखपढ गर्न नसक्ने महिलाहरूसँग पनि विविध छलफल गरिएको थियो । जसमा एक जना सामान्य साक्षरमात्र भएको र ज्योति आमा समूहमा मात्र आबद्ध भएकोमा त्यस समूहले के के काम गर्दछ भनी गरेको प्रश्नमा आर्थिक समस्या समाधानका लागि

सहयोग अर्थात् ऋण दिने बताउनुभयो । व्यापार व्यवसाय गर्न समेत हौसला र प्रोत्साहन गर्छ र अहिलेसम्ममा स्वास्थ्यचौकीको भवन निर्माणमा सहयोग गर्दै आएको छ । साथै सामान्य नीति नियम यही समूहको लागि निर्माण र लागू गर्ने भन्ने जानकारी ज्योति आमा समूहमा आबद्ध महिला सदस्यबाट प्राप्त भएको थियो ।

यस्तै अन्य एकजना महिला सदस्यसँग पनि यही माथि प्रस्तुत अन्तर्वार्ताको निर्देशन सूचीसम्बन्धी प्रश्नहरू सम्बन्धमा वार्तालाप भएको थियो । जसमा उहाँ कुनै पनि सङ्घसंस्थामा आबद्ध नभएकोले सबै कुरामा अनविज्ञ रहेको पाइयो । जहाँ उहाँलाई हालसम्म पनि समूहसम्बन्धी कुनै जानकारी नै छैन र अनपढ भए तापनि सिक्न र अगाडि बढ्न कुनै आवश्यकता छैन जस्ता भावना उहाँबाट पाइयो ।

### ४.५.८ नेतृत्व परिवर्तन सम्बन्धमा प्राप्त जानकारी

आफू संलग्न संस्थाको नेतृत्व एउटै समूह वा व्यक्तिको हातमा रहन्छ कि परिवर्तन भैरहन्छ भनी माथि प्रस्तुत विभिन्न सङ्घसंस्था तथा स्थानीय निकायहरूसँग आबद्ध विभिन्न महिला सदस्यहरूसँग गरिएको छलफलमा नेतृत्व परिवर्तन भैरहन्छ भन्नेमा,

१) ज्योति आमा समूहकी महिला सदस्यहरू

२) आपसी सहयोग केन्द्र (आस्क) की आजीवन महिला सदस्य

३) पशुपति कृषक समूहकी महिला सदस्य

४) प्रद्युम्न पनेरु विद्यालय व्यवस्थापन समितिकी महिला सदस्य

५) नेकपा एमाले (वडा सदस्य) की महिला सदस्य

६) नेपाली काँग्रेस (वडा सदस्य) की महिला सदस्य

७) सामान्य पिछडिएका महिलामध्ये महिला सदस्य

८) एकीकृत नेकपा माओवादी गाउँ कमिटीकी महिला सदस्य

माथि प्रस्तुत व्यक्तिहरूको मत एउटै रहेको छ । प्रस्तुत व्यक्तिहरूका अनुसार उहाँहरू सम्बद्ध भएका निकायहरूको नेतृत्व विभिन्न समयमा परिवर्तन हुँदै विभिन्न व्यक्तिको हातमा जान्छ भन्ने जानकारी पाइयो भने परिवर्तन नहुनेमा,

१) सिर्जनशील ग्रामीण बचत तथा ऋण समूहकी महिला सदस्य

२) उपल्लो आँधीखोला बचत तथा ऋण सहकारी संस्था लि. का दुई जना महिला सदस्यहरूले आफू सम्बद्ध भएको संस्थाको नेतृत्व फेरबदल नभएको जानकारी दिए ।

### ४.५.९ समावेशी प्रजातन्त्र, लोकतन्त्र र महिला सशक्तिकरण सम्बन्धमा

माथि प्रस्तुत विभिन्न निकायमा सम्बद्ध भएका विभिन्न महिलाहरूसँग अन्तर्वार्ताका क्रममा समावेशी प्रजातन्त्र, लोकतन्त्र र महिला सशक्तिकरणबारे थाहा छ, के बुझ्नुहुन्छ भनी गरिएको छलफलमा २ जना सामान्य महिला जो अन्य महिलाभन्दा पछाडि छन् । उनीहरूबोहक सबै सङ्घसंस्थामा आबद्ध भएका महिलाहरूको भनाइ समान रहेको पाइयो । उहाँहरूका अनुसार समावेशी प्रजातन्त्र, लोकतन्त्र र महिला सशक्तिकरणलाई एकैसाथ भन्दा समाजमा भएका विभिन्न जाति, जनजाति, वर्ग, लिङ्ग, भाषा, धर्म आदिका आधारमा कसैलाई पनि भेदभाव नगरी विशेषगरी महिला र पिछडिएका वर्गलाई अगाडि बढाउन उनीहरूका हितअनुसार कार्यक्रम सञ्चालन गर्दै उनीहरूलाई सक्रिय सहभागी गराउन समान अधिकार प्रदान गर्दै उनीहरूको विकासका लागि सक्रिय गराउनु हो । उनीहरूका स्वतन्त्र हक र अधिकारको उपभोग गर्न र संरक्षणमा विशेष क्रियाशीलता देखाउनु र महिला सशक्तिकरण भनेको महिलाहरूको पिछडिएको पछौटेपन हटाउनका लागि विभिन्न प्रशिक्षण, तालिम कार्यक्रम सञ्चालन गर्दै उनीहरूको सहजताका लागि महिला विकास र उत्थानका लागि उनीहरूलाई सक्रिय गराउँदै महिला नेतृत्व विकास गर्नु, महिलाको उत्थान गराउन विशेष अवसरहरू उपलब्ध गराउँदै उनीहरूलाई प्रत्येक कार्यक्रममा सहभागी गराउने र सहभागी हुन हौसला र प्रोत्साहन गर्नु हो ।

यसरी सबै निकायमा सम्बद्ध महिलाहरूको धारणा समावेशी, प्रजातन्त्र, लोकतन्त्र र महिला सशक्तिकरण सम्बन्धमा समान खालको रहेको छ ।

### ४.५.१० महिला सहभागिता वृद्धि सम्बन्धमा

यसैगरी अन्तर्वार्ताको क्रममा राखिएको महिलाको अभिबृद्धि र उनीहरूको समाजमा सबै क्षेत्रमा के कसरी सहभागिता वृद्धि हुन सक्छ भन्ने प्रश्नमा विभिन्न निकायका विभिन्न महिला सदस्यले आ आफ्ना धारणा व्यक्त गरेका छन् ।

१) ज्योति आमा समूहका सदस्य महिलाहरूका अनुसार समाजका विभिन्न पक्षमा महिलालाई ज्ञान प्रदान गर्ने कार्यक्रम सञ्चालन गरी महिला सहभागिता अनिवार्य गराउँदै प्रत्येक निकायमा थप सदस्यता वितरण गर्दै जानुपर्छ । यस संस्थामा आबद्ध सदस्य कल्पना विकका अनुसार स्थापना भएका संस्थाले राम्रा राम्रा कार्यहरू गरी

उनीहरूलाई संस्थाका सम्बन्धमा जानकारी दिएमा महिला सहभागीता वृद्धि गराउन सकिन्छ ।

२) सिर्जनशील ग्रामीण बचत तथा ऋण समूहकी महिला सदस्यका अनुसार सबैलाई सहभागिता गराउने खालका कार्यक्रम सञ्चालन गरी आवश्यक शिक्षा प्रदान गरेको खण्डमा समाजका विभिन्न क्षेत्रमा महिला अभिवृद्धि र सहभागितामा वृद्धि हुन सक्छ ।

३) आपसी सहयोग केन्द्र (आस्क) की आजीवन सदस्यकी महिला सदस्यका अनुसार सर्वप्रथम आफ्नै परिवारबाट छुट हुनुपर्छ । पुरुष सदस्यले साथ दिनुपर्छ, हालसम्म पनि अशिक्षाका कारण कतिपय स्थानमा महिला सहभागिता न्यून हुन गएकोले शिक्षाका लागि राज्यद्वारा नै पहल हुनुपर्छ साथै समाजमा ३३ प्रतिशत महिला सहभागिताका लागि विभिन्न पहलमूलक कार्यक्रम सञ्चालन गरेमा महिलाको अभिवृद्धि र उनीहरूलाई समाजका सबै क्षेत्रमा उच्च सहभागी गराउन सकिन्छ ।

४) उपल्लो आँधीखोला बचत तथा ऋण सहकारी संस्था लि. की सदस्य महिला सदस्यका अनुसार महिला अभिवृद्धि र उनीहरूको समाजका सबै क्षेत्रमा सहभागिता वृद्धि गराउन पुरुषहरूकै महत्त्वपूर्ण हात रहेको हुँदा सर्वप्रथम पुरुषहरूले नै आफ्नो परिवारमा भएका महिलाहरूलाई समाजमा हुने सबै राम्रा, उपयोगी कार्यक्रमहरूमा सहभागी गराएको खण्डमा र महिलालाई प्रोत्साहन दिएमा वृद्धि गराउन सकिन्छ ।

५) पशुपति कृषक समूहकी महिला सदस्यका अनुसार महिलालाई प्रत्येक क्षेत्रमा पहिलो प्राथमिकता दिने र महिलालाई अझ बढी उनीहरूका समस्या समाधानमा पुरुषले सहयोग गर्दै अगाडि बढेको खण्डमा सहभागिता वृद्धि गराउन सकिन्छ ।

६) प्रद्युम्न पनेरु बहुमुखी क्याम्पस व्यवस्थापन समितिकी महिला सदस्यका अनुसार समाजमा भएका सम्पूर्ण महिलालाई अनिवार्य उपस्थिति गराउने व्यवस्था राखी समाजमा गोष्ठी, भेला, सम्मेलन गराई विभिन्न महिला उपयोगी कार्यक्रम सञ्चालन गरी विभिन्न क्षेत्रमा विभिन्न पक्षमा जानकारी गराएमा महिला सहभागिता वृद्धि हुन्छ ।

७) नेकपा एमालेकी महिला वडा सदस्यका अनुसार सर्वप्रथम परिवारका सबै सदस्यहरू शिक्षित हुनुपर्छ । त्यसपछि राज्यले नै विभिन्न प्रकारका ज्ञानमूलक कार्यक्रम स्थानीय स्तरमा सञ्चालन गराउने, महिलाका हक, अधिकार, कानुन, नियम

सम्बन्धमा जानकारी समाजका प्रत्येक महिलाहरूमा भएको खण्डमा महिला सहभागितामा वृद्धि गराउन सकिन्छ ।

८) नेपाली काँग्रेसकी महिला वडा सदस्यका अनुसार महिलाहरूलाई विभिन्न शिक्षाप्रद कार्यक्रम सञ्चालन गर्दै सबैलाई जानकारी गराई सम्पूर्ण महिलालाई अगाडि बढ्नका लागि पुरुषले नै हौसला प्रदान गर्दै महिलालाई प्रत्येक सामाजिक कार्यक्रममा सहभागीका लागि अवसरहरू प्रदान गरेको खण्डमा समाजका सबै क्षेत्रमा महिला सहभागिता वृद्धि गर्न सकिन्छ ।

९) एकीकृत नेकपा माओवादी गाउँ कमिटीकी महिला सदस्यका अनुसार सर्वप्रथम स्थानीय स्तरमै साना साना समूहहरू निर्माण गर्दै अगाडि बढ्ने भेदभाव नगर्ने जुनसुकै हिसावले जस्तै जात, लिङ्ग र पदका आधारमा भेदभाव नगर्ने, यस्तै महिला समस्यालाई प्राथमिकता दिँदै अगाडि बढ्न पुरुषहरूले प्रोत्साहन गरेको खण्डमा समाजका सबै क्षेत्रमा महिला सहभागिता वृद्धि गर्न सकिन्छ ।

### ४.५.११ राजनीतिक, आर्थिक, सामाजिक अवस्थासम्बन्धी प्राप्त जानकारीहरू

तपाईको गाउँ ठाउँमा महिलाको राजनीतिक लगायत विविध अवस्था आर्थिक, सामाजिक अवस्था कस्तो छ भन्ने विषयमा गरिएको छलफलमा ज्योति आमा समूहकी महिला सचिवका अनुसार अन्य क्षेत्रको तुलनामा राजनीतिक अवस्था अगाडि छ, आर्थिक अवस्था मध्यमस्तरको छ । समग्रमा सामाजिक अवस्था पनि राम्रो रहेको छ । सिर्जनशील ग्रामीण बचत तथा ऋण समूहकी महिला सदस्यको भनाइ पनि यस्तै छ । यस्तै आपसी सहयोग केन्द्र आस्ककी आजीवन महिला सदस्यका अनुसार सबै क्षेत्रमा अगाडि र माथि तथा अन्य स्थानभन्दा धेरै राम्रो छ । यस्तै उपल्लो आँधीखोला बचत तथा ऋण सहकारी संस्था लि. की सदस्यका अनुसार पनि सबै क्षेत्रमा उच्चस्तरको रहेको छ । पशुपति कृषक समूहकी महिला सदस्यका अनुसार शिक्षित जनसङ्ख्या बढी भएका कारण राजनैतिक स्थितिमा महिला अगाडि नै छन् र आर्थिक स्तर मध्यम र सामाजिक स्तर पनि राम्रो रहेको छ । यस्तै विद्यालय व्यवस्थापन समितिकी महिला सदस्यका अनुसार पनि सबै अवस्था राम्रो छ । यस्तै नेकपा एमाले महिला वडा सदस्यका अनुसार समग्रमा मध्यमस्तरको छ । नेपाली काँग्रेसकी महिला वडा सदस्यका अनुसार सबैजसो महिलाहरू शिक्षित भएका कारण

राजनीतिक क्षेत्र अगाडि, आर्थिक अवस्था मध्यम र सामाजिक अवस्था राम्रो छ । यस्तै माओवादी सदस्यको मत पनि समान छ ।

महिलाका माथि प्रस्तुत विभिन्न भनाइको अध्ययनपश्चात् भन्नुपर्दा स्याङजा जिल्ला नै शिक्षाको क्षेत्रमा अगाडि भएको र त्यसभित्र पर्ने अन्य गाविसहरू भन्दा सेतीदोभान गाविस प्रत्येक क्षेत्रमा अगाडि नै रहेको छ । जहाँ समग्रमा भन्दा राजनीतिक क्षेत्रमा महिलाको स्थिति, आर्थिक र सामाजिक सबै क्षेत्रमा धेरै अगाडि अर्थात् पूर्णविकसित उच्चस्तरको पनि नभएको र पिछडिएको अवस्थामा पनि नरहेको मध्यमस्तरको छ ( वस्तुस्थिति विवरण, २०६७) । स्थानीय निर्णय निर्माणका विभिन्न निकायहरूमा आबद्ध १२ जना महिलाहरूसँग तपाई आबद्ध रहेको संस्थाको बैठकमा बोल्न दिइन्छ कि दिइँदैन भनी गरिएको प्रश्नमा, सबै संस्थामा सबै महिलाहरूलाई बोल्ने अवसर दिइन्छ साथै बोलेका कुरालाई ध्यानपूर्वक पुरुषले लिन्छन् भन्ने प्रश्नमा पनि सबैजनाको एउटै कुरा आयो । साथै आफ्नो भूमिका पनि सन्तोषजनक रहेको समान उत्तर प्राप्त भएको छ । साथै अन्तर्वार्ताको क्रममा गरिएको छैठौँ प्रश्नमा सबै महिलाहरूको एउटै मत संस्थाको नीति निर्माणमा आफ्नो पहुँच रहेको जवाफ प्राप्त भएको छ ।

### ४.५.१२ महिलाको नीति निर्माणको तहमा पहुँच बढाउनको लागि प्राप्त मतहरू

महिलाको नीति निर्माणको तहमा कसरी पहुँच बढाउन सकिन्छ र के कसरी त्यस्तो तहबाट आफ्नो हितमा काम गर्न सक्छन् भन्ने सम्बन्धमा छलफल गरिएको थियो । त्यसमा प्राप्त विवरणहरू निम्नानुसार रहेका छन् ।

१) ज्योति आमा समूहकी महिला सचिवका अनुसार स्थानीयस्तरबाटै महिलालाई कानुनी गोष्ठीहरू सञ्चालन गर्ने र राज्यका नीति नियम सम्बन्धमा जानकारी गराइ महिलालाई नै नेतृत्व प्रदान गरी अगाडि बढाएमा पहुँच पनि बढ्छ र आफ्नो हितमा पनि काम गर्न सक्छन् ।

२) सिर्जनशील ग्रामीण बचत तथा ऋण समूहकी महिला सदस्यका अनुसार सबै महिला एकजुट भएर अगाडि बढ्दै राजनीतिक क्षेत्रमा महिलाहरू अगाडि हुनुपर्छ र कानुनी ज्ञान तथा आफ्ना हकअधिकार प्राप्त गरी स्वच्छ प्रतिस्पर्धा भई नीति निर्माण तहमा महिला पुग्न सकेको खण्डमा आफ्नो लागि काम गर्न सक्छन् ।

३)	आपसी सहयोग केन्द्र (आस्क) की आजीवन महिला सदस्यका अनुसार स्थानीय स्तरबाटै हरेक समितिमा तथा कार्यक्रममा महिला सहभागी गराउने, राजनीतिक शिक्षाप्रति अगाडि बढाउने र आफ्नो अनुकूल नीति नियम निर्माण गर्न पाएको खण्डमा पहुँच बढाइ हितमा कार्य गर्न सक्छन् ।

४)	उपल्लो आँधीखोला बचत तथा ऋण सहकारी संस्था लि. की महिला सदस्यका अनुसार महिलाहरूले स्थानीय स्तरदेखि नै विभिन्न समूहहरू निर्माण गरी सबै क्षेत्रको बारेमा छलफल गरी समाजमा आफ्नो पहुँच बढाउन सक्छन् र उनीहरूले आफ्ना उद्देश्यअनुरूप नीति नियम निर्माण गर्न सकेको खण्डमा आफ्नो हितमा काम गर्न सक्छन् ।

५)	पशुपति कृषक समूहकी महिलाका अनुसार महिलाहरू आफै योजना बनाउने र सक्रिय भइ अगाडि बढ्ने र सम्पूर्ण भेदभावरहित सङ्गठनहरू निर्माण गरी सबै जना एक जुट भई अगाडि बढेको खण्डमा नीति निर्माण तहमा पहुँच बढाइ आफ्नो हितमा काम गर्न सक्छन् ।

६)	विद्यालय व्यवस्थापन समितिकी महिला सदस्यका अनुसार राज्यका नीति, नियम, कानुनसम्बन्धी सम्पूर्ण महिलालाई जानकारी गराएर विभिन्न कार्यक्रम सञ्चालन गरी महिलालाई हौसला प्रदान गर्दै अगाडि बढ्न सकेको खण्डमा पहुँच बढाउँदै आफ्नो हितमा काम गर्न सक्छन् ।

७)	नेकपा एमालेकी महिला वडा सदस्यका अनुसार महिलाहरूलाई संविधान, नियम, कानुन सम्बन्धमा सभा, सम्मेलन गरी सजिलो पाराले जानकारी दिने र विशेष गरी राजनीतिक र कानुनी शिक्षा प्रदान गर्दै आफ्ना समस्यामा पनि प्राथमिकता क्रमअनुसार नियम निर्माणमा पहल गर्न सकेको खण्डमा पहुँच बढाउँदै आफ्नो हितमा काम गर्न सक्छन् ।

८)	नेपाली काँग्रेसकी महिला वडा सदस्यका अनुसार स्थानीय स्तरबाटै नीति नियम सम्बन्धमा जानकारी गराउँदै लैजाने, आफ्ना समस्या आफै पहिचान गर्न दिने र समाधानमा समेत आफै निर्णय गरी नियम बनाउँदै देशको विशेष व्यवस्थाहरू सम्बन्धमा पनि जानकारी गराउँदै जाने साथै महिला स्वयम् पनि सक्रिय हुनुपर्छ र पछाडि परेकालाई नीति नियम सम्बन्धमा जानकारी दिन र सम्पूर्ण जनताको विश्वास जित्ने खालका कार्याक्रमहरू सञ्चालन गर्दै अगाडि बढेमा आफ्नो पहुँच बढाउनुका साथै आफ्नो हितमा समेत नियम निर्माण गरी कार्य गर्न सकिन्छ ।

९) एकीकृत नेकपा माओवादीकी गाउँ कमिटी महिला सदस्यका अनुसार सर्वप्रथम पुरुषले महिलालाई नै सबै क्षेत्रमा अवसर दिनुपर्ने, उनीहरूका समस्या समाधानका लागि उनीहरूलाई नै सक्रिय गराई अगाडि बढ्न दिइएको खण्डमा साथै राष्ट्रिय नीति नियमसम्बन्धी जानकारी गराउँदै उनीहरूमा चेतनाको विकास गर्न सकेमा आफ्नो पहुँच बढाउनुका साथै आफ्नो हितमा समेत नियम निर्माण गरी कार्य गर्न सक्छन् ।

## ४.६ निष्कर्ष

समग्रमा स्याङ्जा जिल्ला सेतीदोभान गाविसलाई अध्ययन क्षेत्र बनाई निर्णय निर्माणका तहहरूमा महिला सहभागिता शीर्षकमा गरिएको यस अनुसन्धानमा जे जति निकायका महिला प्रतिनिधिसमक्ष अन्तर्वार्ता पद्धतिबाट कुराकानी र छलफल गरियो । सबैले आ-आफ्नो भनाई जस्ताको तस्तै राखेको देखिन्छ ।

सेतीदोभान गाविसका प्रस्तुत गरिएका विभिन्न निकायहरूमा उपस्थित महिलाहरूको सम्बन्धित संस्थाप्रति सकारात्मक सोचाई र धारणा रहेको पाइयो । नीति नियममा सीमित भएका कानुनका पानाले सफलता हात पार्नका लागि यस गाविसका महिलाहरू ससाना समूह सङ्गठनहरू निर्माण गर्दै अगाडि बढेको देखिन्छ । स्थापित सबैजसो सङ्गठनमा महिलाको कुनै न कुनै प्रतिनिधित्व र उनीहरूको विचारहरूले पनि स्थान पाएको देखिन्छ । स्थानीय निर्णय निर्माणका सबैजसो निकायमा थोरै मात्रामा भए पनि महिला सहभागी रहनु र त्यस्ता स्थानीय सङ्गठनहरूको नीति निर्माणमा उनीहरूको पहुँच बढ्नुले र यसप्रति उनीहरूमा सकारात्मक सोचको विकासले आउँदा दिनहरूमा उनीहरूको निर्णय निर्माणमा सहभागिता वृद्धि हुने धेरै आभाष देखिन्छ ।

### वर्तमान अवस्थामा देखिएको प्रवृत्ति

स्थलगत सर्वेक्षण र विवरणात्मक तथ्याङ्कको विश्लेणका आधारमा वर्तमान अवस्थामा देखिएका प्रवृत्तिहरू निम्न छन् ।

**१) सकारात्मक प्रवृत्ति**

- महिलाको शैक्षिक स्थितिमा सुधार भएको ।
- महिला सशक्तिकरण र लैङ्गिक समानता मुद्धाले स्थान पाएको ।

- महिलाहरूमा बचत समूह, सामाजिक सङ्घसंस्थामा सङ्गठित र स्थापित हुने परिपाटीको विकास भएको ।
- कानुनीरूपमा महिला र पुरुषबीच समानता ल्याउन विभेदकारी कानुनमा संशोधन भएको कुरा जानकारी रहेको ।
- पछिल्लो निर्वाचनमा आरक्षण व्यवस्थाले गर्दा महिला सहभागिता सङ्ख्या वृद्धि भएको ।
- कुनै पनि सङ्घसंस्था उपभोक्ता समितिहरू बचत संस्थाहरू र अन्य गैरसरकारी सङ्घसंस्थाहरूमा महिला पनि समाजका अभिन्न अङ्ग हुन् । उनीहरूलाई नसमेटी संस्थाको लाभ पूरा हुन सक्दैन भन्ने सोचले प्रश्रय पाएकोले महिलाको प्रतिनिधित्व र सहभागिता अनिवार्य राख्ने परिपाटीको विकास भएको ।

अन्तर्वार्ता र स्थलगत सर्वेक्षणको आधारमा महिलाको स्थानीय निकायहरूमा निर्णय निर्माणमा पहुँच बढेको र त्यसबाट महिला चेतना, सहभागिता वृद्धि भै समाजको आधा आकाश ओगट्ने ठूलो सङ्ख्यामा रहेका महिलाहरूलाई निर्णय निर्माणमा पहुँच बढाउँदै लगेको देखिन्छ । जसबाट महिलामा सशक्तिकरण र सहभागिताको वृद्धिका लागि धेरै मार्ग खुलाइएको छ ।

**२) नकारात्मक प्रवृत्ति**

- शिक्षा, स्वास्थ्यजस्ता व्यक्तित्व विकासका क्षेत्रमा छोराले प्राथमिकता पाउने परिपार्टी कायमै ।
- व्यवहारमा कानुनी समानता नभएको ।
- घरायसी काममा महिला नै जिम्मेवारी रहनुपर्ने सामाजिक, मानसिकता विद्यमान भएको ।
- दाइजो, बहुविवाह, छुवाछूतजस्ता कुसंस्कारहरू विद्यमान भएको ।

अन्तर्वार्ता, स्थलगत सर्वेक्षण र अवलोकनका आधारमा स्थानीय निर्णय निर्माणका प्रत्येक निकायहरूमा महिला सहभागी भई थोरै सङ्ख्यामा उपस्थिति भए पनि स्थानीय सङ्गठनहरूका सामान्य सदस्य पदमा मात्र नभई अध्यक्ष, उपाध्यक्ष, सचिव जस्ता पदमा आसिन भई विभिन्न सङ्गठनहरू सञ्चालन गराउनुले विगतका केही वर्षहरूको तुलनामा

महिलाको स्थिति शैक्षिक, सामाजिक क्षेत्रमा अगाडि रहेको पुरुषको तुलनामा समानस्तरमा पुग्न नसकेको अवस्था रहे पनि स-साना सङ्गठन निर्माण गर्दै अगाडि बढेको र महिलाहरूमा चेतनाको विकास भै सहभागितामा वृद्धि भै समाजको आधाभन्दा बढी भाग ओगटेका महिलाहरूको निर्णय निर्माण्मा पहुँच बढाउँदै लगेको देखिन्छ । जसबाट महिलाहरूमा सशक्तिकरण र सहभागिता वृद्धिका लागि धेरै मार्गहरू खुलाइएको छ ।

शिक्षाको अवसरबाट छोराछोरी दुबैलाई वञ्चित नगराइए पनि छोरालाई राम्रो बोर्डिङ तथा राम्रो कलेजमा पढाउने घरको कामकाजमा नलगाउने तर छोरीलाई विद्यालय पठाए तापनि पढाइमा छोराको जस्तो अवसरहरू उपलब्ध गराउन पछाडि नै परेको आभाष उक्त क्षेत्रको स्थलगत अध्ययनबाट प्राप्त भएको छ । उक्त क्षेत्रमा पूरै मात्रामा नभए पनि धेरैथोरै रूपमा छुवाछूत प्रथा कायमै रहेको र दाइजो प्रथा पनि विद्यमान रहेको देखिन्छ । साथै महिलाहरूलाई अगाडि बढाउन पुरुषको प्रेरणा र प्रोत्साहनको पनि कमी भएको देखिन्छ । अगाडि प्रस्तुत भएको अन्तर्वार्तामा स्थानीय निर्णय निर्माणका विभिन्न निकायमा संलग्न महिलाहरू आफ्नो संस्थाप्रति सन्तोष रहेको बताएका छन् । तर अन्तर्वार्तामा लिइएका दुई वटा निकायमा स्थापनादेखि हालसम्म नेतृत्व परिवर्तन नहुनुले राम्रो सङ्केत गरेको देखिँदैन ।

प्रत्येक क्षेत्रमा महिला सहभागिता वृद्धि गर्नका लागि प्रत्येक परिवारका सदस्यहरूले भनाइमा मात्रै नभई गराइमा पनि छोरा र छोरीमा प्रत्येक अवसरहरूमा समान सहभागिता गराउनुपर्ने देखिन्छ । घरायसी कामको बोझ छोरी तथा महिलालाई मात्र बोकाउने परिपाटीको अन्त्य गर्नुपर्ने देखिन्छ । छुवाछूत, दाइजो, बहुविवाहजस्ता कुरिती तथा कुसंस्कारको अन्त्य गर्दै अगाडि बढ्नुपर्ने देखिन्छ । साथै स्थानीय निर्णय निर्माणका प्रत्येक निकायमा महिला सहभागिता बढाउन प्रत्येक परिवारका पुरुष सदस्यहरूले महिलालाई प्रेरणा र प्रोत्साहन दिई उनीहरूलाई अगाडि बढ्न प्रेरित गर्नुपर्ने देखिन्छ ।

# *परिच्छेद-पाँच*

# उपसंहार

## ५.१ निष्कर्ष

पुरुषभन्दा भिन्न शारीरिक बनावट अर्थात् सेक्समा जैविक फरकपन भएका मानिस जसलाई महिला भनिन्छ । महिलामा जैविक फरकपन प्रकृतिले निर्माण गरेको हो तर लैङ्गिक फरक वा विभेद समाज र संस्कृतिले उत्पत्ति गरेको हो । यही लैङ्गिक विभेदका कारण प्रत्येक क्षेत्रमा महिला पुरुषभन्दा तल परेका छन् । नेपालको राजनीतिक क्षेत्रमा महिला सहभागिता न्यून रहेको पाइन्छ । प्राचीन समयबाट नै राजनीतिक क्षेत्रमा महिला सहभागी हुँदै आएता पनि पुरुष समान हुन सकेको अवस्था छैन । नेपाली राजनीतिक क्षेत्रमा हेर्दा विभिन्न समयमा सम्पन्न भएका निर्वाचनमा महिला सहभागिता कस्तो रह्यो भनी माथिका परिच्छेदहरुमा उल्लेख गरिसकिएको छ । संविधानसभा निर्वाचन, २०६४ सम्म आइपुग्दा मात्र २९ जना महिलाले राष्ट्रिय विधायिकामा आफ्नो स्थान सुरक्षित पारेका छन् । अगाडिका चुनावमा भन्दा अगाडि देखिएता पनि पुरुषको तुलनामा धेरै नै पछाडि रहेका छन् । महिलाहरूको केन्द्रिय नीति निर्माणको तह व्यवस्थापिकामा भएका प्रतिनिधित्त्वलाई हेर्दा पुरुषको दाँजोमा महिलाको प्रतिनिधित्त्व सन्तोषजनक छैन ।

अध्ययनको परिच्छेद ३ मा उल्लेख गरिएका विवरणहरूबाट प्रष्ट भएको छ कि नेपालको प्रथम आमनिर्वाचन २०१५ मा १०९ सिट सङ्ख्या रहेकोमध्ये १ जना मात्र महिला उमेदवार निर्वाचित भएको, २०४८ र २०५१सालमा सम्पन्न प्रतिनिधिसभा सदस्यको आमनिर्वाचनमा कूल २०५ सिट सङ्ख्यामध्ये ७ जना मात्र महिला निर्वाचित भएका छन् । यस्तै २०५६ सालमा सम्पन्न संसदीय निर्वाचनमा १२ जना महिला निर्वाचित भएको देखिन्छ । प्रनिनिधिसभा घोषणा २०६३ नेपालको अन्तरिम संविधान कानुन र समावेशी लोकतन्त्रका कारण संविधानसभा निर्वाचन २०६४ मा महिलाको कम्तिमा ३३ प्रतिशत प्रतिनिधित्वलाई सुनिश्चित गरिएको छ र यस निर्वाचनमा २९ जनाले (१२.०८%) सफलता हात पारेका छन् ।

नेपाली समाजले निर्णय निर्माणका विभिन्न इकाइहरूमा महिला सहभागितालाई पूर्ण रूपमा ग्रहण गरेको छैन। समाजमा पुरुषप्रधान मानसिकता नै हावी छ । शासन, प्रणाली, कानुनी व्यवस्था, सामाजिक संरचना, आर्थिक स्थिति कुनै पनि दृष्टिले राजनीतिमा महिला सहभागिता प्रवर्द्धन गरिएको छैन । यस सवालमा खासगरी राजनीतिक दलहरूको भूमिका सबैभन्दा कमजोर देखिन्छ । प्रमुख राजनीतिक दलहरूका नीति र कार्यक्रममा महिला सहभागिता बढाउने विषयमा मौन रहेको पाइन्छ । राजनीतिमा महिला सहभागिता बढाउने उद्देश्यले व्यवस्था गरिएको आरक्षणको पालनामा दलहरू सीमित हुन पुगेका छन् । केन्द्रीय विधायिका र स्थानीय निकायका लागि तोकिएको निश्चित अनुपातको सिटमा महिला उमेदवार उठाएर आफ्नो जिम्मेवारीबाट पन्छिएका छन् ।

सेतीदोभान गाविसका महिलाको राजनीतिक सहभागिताको कुरा गर्दा उनीहरूको आर्थिक, सामाजिक, राजनीतिक, पृष्ठभूमि छोटकरीमा चर्चा गरिएको छ । यस अध्ययनको नमूना सर्वेक्षणमा अधिकांश महिला २५-४५ वर्षका थिए । अध्ययनमा स्थानीय निर्णय निर्माणका विभिन्न १२ जना महिला सदस्यहरूसँग जुन विभिन्न निकायमा संलग्न रहेका छन्, उनीहरूसँग विभिन्न विषयमा छलफल गरिएको थियो । अध्ययनमा परेका सबै महिलाहरू विवाहित थिए ।

बहुसङ्ख्यक महिलाले सामान्य शिक्षा (औपचारिक र अनौपचारिक माध्यमबाट सामान्य लेखपढ गर्न सक्षम) हासिल गरेको अध्ययनमा पाइयो । उनीहरू अन्य शिक्षण, व्यापार, कृषि सबैमा संलग्न रहेको पाइयो । गाविसमा कूल जनसङ्ख्याको ५३.६१ प्रतिशत हिस्सा ओगटेको ब्राम्हण जाति, २०.५८ प्रतिशत हिस्सा ओगटेको क्षत्री र चौथो ठूलो जाति सार्की ११.४२ हिस्सा ओगटेको चौथो स्थानमा रहेको छ । अन्तर्वार्ताको क्रममा ब्राह्मण, क्षत्री, सुनार सबै जातिलाई समेटिएको छ । अध्ययनको अन्तर्वार्ता क्रममा परेका १२ जनामध्ये अधिकांश हिन्दू धर्म मान्ने रहेका थिए ।

यस शोधपत्रको निष्कर्ष के देखिन्छ भने कूल १२ जनासँग विभिन्न प्रश्नमा गरिएको छलफलमा सबैजसो महिलाले आफूलाई बोल्ने अवसर दिइने र बोलेका कुरा पनि सुनुवाई हुने बताए । साथै निर्णय निर्माणका विभिन्न स्थानीय निकायहरू विद्यालय व्यवस्थापन समिति, स्थानीय गैरसरकारी संस्था, उपभोक्ता बचत समूहहरू, आमा समूहहरू, स्थानीय स्तरमा स्थापित प्रमुख ३ राजनैतिक पार्टीका महिला सदस्यहरू र २ जना सर्वसाधारण महिलाहरू गरी सबै स्थानीय निकायका सबै महिलाहरूको प्रतिनिधित्व हुने गरी महिला

प्रतिनिधि चयन गरी गरिएको अन्तर्वार्तामा आफू संलग्न भएको संस्थाको नेतृत्व एउटै समूह वा व्यक्तिको हातमा रहन्छ कि परिवर्तन भैरहन्छ भनी सोधिएको प्रश्नमा १० जना ज्योति आमा समूह, आपसी सहयोग केन्द्र (आस्क), पशुपति कृषक समूह, प्रद्युम्न पनेरु, बहुमुखी क्याम्पस रंगेठाँटी, एमाले, काँग्रेस र माओवादी पार्टी सङ्गठनका सदस्यहरू र पिछडिएको समूहबाट चयनमा परेको ज्योति आमा समूहमा आबद्ध एक महिलाले परिवर्तन भैरहन्छ भन्ने उत्तर दिए भने २ जना सिर्जनशील ग्रामीण बचत तथा ऋण समूह र उपल्लो आँधीखोला बचत तथा ऋण सहकारी संस्थामा आबद्ध २ जना महिलाहरूले हालसम्म नेतृत्व एउटै व्यक्तिको हातमा रहेको जानकारी दिएका छन् ।

यस्तै समावेशी प्रजातन्त्र, लोकतन्त्र र महिला सशक्तिकरणबारे थाहा छ भन्ने गरिएको प्रश्नमा सबैको एउटै जवाफ प्राप्त भएको छ । सम्पूर्ण जातजाति, लिङ्ग, वर्ण, आदिलाई बिना भेदभाव संलग्न गराई अझ महिला विकासका लागि उनीहरूलाई अगाडि बढाउने उनीहरूका हकअधिकार उपभोगमा स्वतन्त्रता प्रदान गर्नू भनिएको छ । यस्तै विविध विषयमा गरिएको छलफल परिच्छेद ४ मा उल्लेख गरिएको छ ।

गाविस अध्यक्ष, उपाध्यक्ष तथा ९ जना सदस्यका लागि भएको २०४९ सालको चुनावमा सेतीदोभान गाविसमा मात्र १ जना महिला उमेदवार थिइन् । सिङ्गो गाविसको ११ जना सिटका लागि भएको निर्वाचनमा ठूला दल काँग्रेस र एमालेले एउटा पनि महिला उमेदवार नउठाउनु अचम्मको विषय देखिन्छ । प्रजातन्त्रको पुनर्बहालीपछिको पहिलो स्थानीय चुनावको तुलनामा दोस्रोमा महिला उमेदवार सङ्ख्या बढेको देखिए तापनि परिवर्तित समयको मागअनुरूप भएको देखिँदैन ।

उक्त चुनावमा एमालेका तर्फबाट उठेका ८ जना उमेदवारमध्ये ६ जना सफल भएको र नेपाली काँग्रेसका पनि ८ जना उमेदवारमध्ये ४ जना सफल भएका थिए । प्रजातन्त्र पुनर्बहालीपछिको चुनावमा वडा सदस्यका ९ वटासिट महिलाका लागि आरक्षित थिए ।

निर्णय निर्माणका विभिन्न निकायहरूमा महिला सहभागिता प्रशस्त मात्रामा हुन नसक्नुका पछाडि विभिन्न कारणहरू रहेका छन् । सहभागिता वृद्धि गर्ने खालका सङ्गठनात्मक संरचनाको कमी, आर्थिक, सामाजिक समस्या, सरकारी नीति कार्यान्वयन हुन नसक्नु, प्रेरणा र प्रोत्साहनको कमी, अशिक्षा, अज्ञानता, सहयोगको कमी जस्ता विविध कारणले गर्दा सहभागिता वृद्धि हुन नसकेको देखिन्छ ।

पितृसत्तात्मक सामाजिक संरचना, महिलाहरूमा व्याप्त अशिक्षा, अज्ञानता, पारिवारिक सहयोगको कमी, राजनीतिमा देखिएको सुधार, अनैतिकता, चरित्र हत्या, महिलामा घरेलु कामको बोझ, राजनीतिक पार्टीहरूको प्रेरणा र प्रोत्साहनको कमी र महिलाहरूको राजनीतिक सहभागिता वृद्धि गर्ने सङ्गठनात्मक संरचनाको कमी, आर्थिक समस्या, श्रोत र साधनमा पहुँचको अभाव आदिका कारणले गर्दा महिलाहरू राजनीतिक लगायत निर्णय निर्माणका विभिन्न निकायहरू तथा सार्वजनिक जीवनमा सक्रियरूपमा अगाडि आउन नसकेको देखिन्छ ।

महिला महिलाद्वारा नै अपहेलित तथा दमन भएको पाइन्छ । सानातिना कुरालाई एकआपसमा शत्रुता बढाउने हकहितको लागि एकजुट नहुने, राजनीतिक, पारिवारिक पूर्वाग्रहका आधारमा भिन्न हुन खोज्ने आदि प्रवृत्तिले महिलामा नै एकताको अभाव रहेको देखिन्छ ।

सरकारले महिला विकासका लागि लिएका नीतिहरू कार्यान्वयन गर्न नसक्नु तथा यस क्षेत्रमा ठूलो लगानी लगाइएका सरकारी तथा गैरसरकारी संस्थाले कागजीरूपमा पारेको प्रतिवेदनअनुसार वास्तविकरूपमा लक्षित उद्देश्य प्राप्त हुन सकेको छैन । जुन महिला सहभागिताको समस्या हो । राजनीतिक दलले संस्थागतरूपमा महिलालाई प्रोत्साहित गरेको पाइन्न । स्थानीय निर्वाचनमा उमेदवार उठाउने न्यूनतम महिला सङ्ख्या पनि आफ्नो राजनीतिक दलले चुनाव जित्न नसक्ने क्षेत्रमा मात्र उमेदवारी दिन लगाइने गरेको पाइन्छ ।

यस शोधपत्रका निचोडहरु निम्न छन् :

१) सेतीदोभान गा.वि.स.मा निर्णय निर्माणका स्थानीय संरचना र स्वरूपहरूमा विद्यालय व्यस्थापन समिति, स्थानीय गैरसरकारी संस्था, उपभोक्ता समूहहरू, वचत समूहहरू, आमा समूहहरू, स्थानीय स्तरमा स्थापित राजनैतिक पार्टीहरु आदि रहेको पाइयो ।

२) सेतीदोभान गा.वि.स.को स्थानीय नीतिनिर्माणका तहहरूमा महिलाहरूको सहभागिता पुरुषको तुलनामा पछाडि नै रहेको पाइयो । सेतीदोभान गा.वि.स.मा स्थापित १२ वटा विद्यालयका व्यवस्थापन समितिहरूमा कुल १५० जनामा ५५ जना मात्र महिला रहेको पाइयो । उपभोक्ता समितिहरूमा कुल २६० जनामा ६० जना मात्र महिला सदस्य रहेको पाइयो । गैरसरकारी

संघसंस्थामा संलग्न १०७ जना जम्मा संख्यामा ३५ जना महिला सदस्य रहेको पाइयो । यस्तै बचत तथा ऋण सहकारी संस्थामा आवद्ध कुल २४० जनामा ९० जना महिला रहेको पाइयो । यस्तै स्थानीय स्तरका ३ राजनैतिक दलहरुका गाउँ कमिटीहरूमा नेपाली काँग्रेसको कुल १९ जनाको कमिटीमा ५ जना महिला, नेपाल कम्युनिष्ट पार्टी एमाले गाउँ कमिटीमा कुल १५ जनामा ४ जना महिला र एकीकृत नेपाल कम्युनिष्ट पार्टी माओवादी गाउँ कमिटीमा कुल १६ जनामा २ जना मात्र महिला रहेको विवरणहरु प्राप्त भएका छन् । प्रस्तुत नीति निर्माणका विभिन्न तहहरूमा केही स्थानीय यस्ता तहहरूमा महिला सहभागिता संख्या कम भएता पनि अध्यक्ष, उपाध्यक्ष जस्ता पदहरुमा महिलाहरू भएको र उनीहरु आफ्नो भूमिकाप्रति सन्तोष रहेको जानकारी प्रस्तुत शोध अध्ययनका क्रममा प्राप्त भएको छ ।

३) स्थानीय स्तरका विभिन्न ३ राजनैतिक दलहरूको वर्तमान संगठनात्मक संरचनामा तथा स्थानीय निर्वाचन २०४९ र २०५४ दुवैमा पुरुषको दाँजोमा महिला सहभागिता कम रहेको पाइयो । स्थानीय चुनाव २०४९ मा सेतीदोभान गा.वि.स.मा १ जना मात्र महिला उम्मेदवार रहनु र आरक्षणको व्यवस्था हुँदाहुँदै पनि २०५४ सालको स्थानीय चुनावमा महिला उम्मेदवारी जम्मा १६ जनामा सीमित रहनुले महिला सहभागिता पछाडि नै रहेको संकेत प्राप्त भएको छ ।

४) समावेशी लोकतन्त्र, महिला सहभागिता र सशक्तिकरणका सम्बन्धमा उनीहरूका धारणाहरू उपयोगी र सकारात्मक रहेको पाइयो । त्यस्ता धारणाहरूलाई यसै परिच्छेदको सुझाव खण्डमा समावेश गरिएको छ ।

५) महिलाहरूको सशक्तिकरणका लागि सर्वप्रथम महिलामा एकता हुनुपर्ने, प्रत्येक घरपरिवारले महिला सहभागितामा सहयोग गर्नुपर्ने, महिला विकास सम्बन्धी विभिन्न कार्यक्रम, तालिम तथा प्रशिक्षणहरू स्थानीय स्तरबाट समय-समयमा गरिनुपर्ने, महिलाहरूलाई शिक्षाको अवस्थाबाट बञ्चित गराउन नहुने जस्ता सुझाव तथा सल्लाहहरु उक्त स्थानमा रहेका महिलाहरूबाट प्राप्त भएका छन् ।

## ५.२ सुझाव

स्थानीय निर्णय निर्माणमा महिला सहभागिता वृद्धिका लागि यस शोधपत्रको अनुसन्धाका क्रममा सम्बन्धित जवाफदाताहरूले दिएको धारणका अनुसार निम्न सुझावहरू प्रस्तुत गरिएको छ ।

१) पार्टीहरूमा इमान्दार, क्षमतावान र योग्यता भएका नेता तथा कार्यकर्ताको उचित मूल्यांकन हुनुपर्ने देखिन्छ ।

२) सरकारी नीति र कार्यक्रमहरू महिलालाई राजनीतिक मूलधारमा समावेश गराउने खालका हुनुपर्छ ।

३) महिलालाई आर्थिक रुपमा स्वावलम्बन बनाउँदै उनीहरूलाई सम्पत्तिमाथिको पहुँचमा बढाउनु पर्दछ ।

४) महिलालाई दोश्रो दर्जामा राख्ने परिपाटीको प्रत्येक घरपरिवारबाट अन्त्य हुनुपर्छ ।

५) शैक्षिक जागरण तथा जनचेतनामूलक कार्यक्रमको आयोजना गरी महिला समक्ष प्रस्तुत गर्नुपर्ने देखिन्छ । त्यस्तै महिलालाई अनिवार्य शिक्षाको व्यवस्थामा राज्यले ध्यान दिनुपर्दछ ।

६) पुरुषले महिलालाई सहयोग गर्ने र प्रोत्साहन तथा प्रेरणा दिनुपर्ने देखिन्छ ।

७) विभिन्न स्थानीय स्तरका र गैरसरकारी संस्थाहरूमा महिलाको नेतृत्वको विकासका लागि महिलालाई सक्षम र योग्य बनाउँदै सबै महिलाहरूलाई नेतृत्व विकासको अवसर दिनुपर्दछ । महिलासम्बन्धी संस्थाहरू नै मूलतः समानतामूलक र सबै महिलामा समन्वय गर्ने लक्ष्यतर्फ अग्रसर हुनुपर्दछ ।

९) आफ्नो गाउँ/टोलदेखि केन्द्रसम्म महिलालाई प्रोत्साहन गर्ने संस्थागत संरचना सञ्जाल स्थापना हुनुपर्ने देखिन्छ ।

१०) स्थानीय स्तरका नीतिनिर्माणका तहहरू जस्तै विद्यालय व्यवसपन समिति, उपभोक्ता समूहहरू, बचत तथा ऋण समूहहरू, गाउँ विकास समितिस्तरीय विभिन्न संरचना र संयन्त्रहरू लगायत स्थानीय राजनीतिक दलीय संगठनहरूमा समेत कम्तिमा पचास प्रतिशत आरक्षणको व्यवस्था हुन सकेमात्र महिलाको स्थानीय नीतिनिर्माणका तहहरूमा सहभागिता र भूमिका बृद्धि हुनुपर्ने देखिन्छ ।

११) महिलाहरू अगाडि बढ्नको लागि आत्मविश्वास चाहिने हुँदा आत्मविश्वास बढाउने र क्षमता विकास गराउने नेतृत्व विकाससम्बन्धी तालिमहरू सञ्चालन गर्दै जानुपर्ने देखिन्छ ।

# सन्दर्भ सूची

## English

Alisau, Mary Jagger (1983). *Political Philosophy: Essential selections*, New Delhi: Pearsoul.

Baju, Amiritytaj Jayal, Huraja Leopal, Nursbanus, Martha, Taubiah Yasmin (2003). *Essays on Gender and Women*, India: Hymau Development Rujaurve Centre, UNDP

Dahl, Robert A. (2000). *On Democracy*, USA: Yale Nota Bene Book

Dahl, Robert A. (1995). *Modern Political Analysis* (5th ed.), New Delhi: PHI Pvt. Ltd.

Dallmayr, Fred R. (1987). "Democracy and Port-Modernism", *Human studies*, 10:1 (Foucault Memorial Issue) pp 143-170

Dreeze, J. and Amarty, Sen (2002). *India, Economic development and Social Opportunity*, New York: Oxford University

Hant, Botting Feileen and Cavey, Christine (2004). *American Journal of Political Science*, 48.4 (Octorber), pp 702-722

Human Development Report (2002). *Deepening Democracy in a Fragmented World*: UNHDP

Huntingten, S.P. (1991). *The Third Wave: Democratization in the late twentigh Century*. Norman, OK: Univeristy of Oklahomer Press.

Johari, AC (1994). *Principles of Modern Political Science*, New Delhi: Orient Longview Limited

Krumpen, Gunter (1991). "Political Participation in an Action theory Model of Personality: Theory and Empirical Eriderive" *Political Psychology*, 12:1 (March), pp 1-25

Millett, Kate (1970). *Sexual Politics*, New York: Virago Press

Segal, L (1987). Is the Future Female? Troubled Thoghts on Contemporary Feminism: Landon: Virgo Publication

Warren, Mark E. (2002). "What Can Democratic Participation Mean Today?" *Political Theory*, 30:5 (October), pp 677-701

Uhlaner, Carole Jean (1986). "Political Participation, Rutional Actors and Rationality: A new Approach", *Political Phychology*, 7:3 (September) pp.32-33

Vinod, M.J. and deshpande, Meena (2013). *Contemporary Political Theory*, Delhi: PHI Learning Pvt.

## Website

http://em.wikipedia.org/wili/feminism, June 9, 2013

www.socsci.aau.dk/cost/genderworkingpaper/listerpdt

www.women'srepresentativeintheparliament

www.womeningovernment.com12 June, 2013

www.womeninpolitics. 8 June, 2013

www.worldpulse.com/pulsewire 15 June, 2013

www.tavaana.org/womenmovement 20 June, 2013

www.unicef.org/sowcot/report. UNICEF 2006

www.unicef.org php/millennium/goals/gender.shtm

## नेपाली किताबहरू

*अस्मिता २०६५*, अस्मिता महिला प्रकाशन गृहः काठमाडौं ।

कार्की, सुशीला (२०६८), *लैङ्गिक समानता,* पैरवी प्रकाशनः काठमाडौं ।

गाउँ विकास समितिको कार्यालय, सेतीदोभान, स्याङ्जा, *वस्तुस्थिति विवरण, २०६७*।

घिमिरे, ओमप्रकाश (२०६५), *महिलाका मुद्दामा छापा माध्यम,* प्रशान्ति प्रकाशनः काठमाडौं ।

थापा मगर, अमृता (२०६७), *जनयुद्ध, संविधानसभा र महिला मुक्ति,* अ.ने.म.सङ्घ(क्रान्तिकारी) केन्द्रीय समितिः काठमाडौं ।

*नारी,* (२०६९), असोज - २०७० आषाढ, कान्तिपुर पब्लिकेसन : काठमाडौं ।

*नेपाल अधिराज्यको संविधान, २०४७,* जनसुविधा प्रकाशन : काठमाडौं ।

*नेपालको अन्तरिम संविधान, २०६३,* मकालु प्रकाशन गृह : डिल्लीबजार, काठमाडौं ।

पोखेल, कृष्ण (२०५४), *आधुनिक राजनीतिक सिद्धान्त,* एम.के.पब्लिसर्सः काठमाडौँ ।

पोखेल, कृष्ण (२०५९), *आधुनिक राजनीतिक विश्लेषण र शोध,* एम.के.पब्लिसर्सः काठमाडौँ ।

पौडेल, ज्योति (२०६३), *राजनीतिमा महिला सहभागिता,* लामाचौर गा.वि.स.एक अध्ययन, अप्रकाशित शोधपत्र, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

पौडेल, प्रेमराज (२०६८), *नेपालमा लोकतन्त्र र संविधानसभा निर्वाचनमा महिला सहभागिता र प्रतिनिधित्व,* अप्रकाशित शोधपत्र, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

बराल, डा.ऋषिराम (२०६८), *नेपाली जनयुद्ध,* इमेज प्रिन्टर्स : काठमाडौँ ।

बराल, उमानाथ (२०५८), *राजनीतिशास्त्रको सिद्धान्त,* पोखराः सावित्री बराल, शान्तिनगर, कास्की ।

बराल, उमानाथ र पौडेल, प्रेम (१९९८), *जर्नल अफ पोलिटिकल साइन्स भोलुम दुई* पोखरा अफसेट प्रेस ।

भट्टराई, श्यामकुमार (२०६७), *केही प्रशासकीय निबन्धहरु,* सोपान मासिक, काठमाडौँ ।

*मूल्याङ्कन (२०५८),* वर्ष २०, पूर्णाङ्क ९६ ।

*संविधानसभा सदस्य निर्वाचन, २०६४, निर्वाचन परिणाम पुस्तिका, (२०६५),* निर्वाचन आयोग

सुवेदी, प्रतिभा (२०४८), *विविध पक्षमा नेपाली नारी,* साझा प्रकाशनः काठमाडौँ ।

# प्रश्नावली

नाम, थर :

शिक्षा :

वर्ष :

संलग्न संस्था :

१. सम्बन्धित संस्थामा आबद्ध भएको कति वर्ष भयो ?

२. कतिजना महिला प्रतिनिधिहरू हुनुहुन्छ ?

३. संस्थाको मिटिङमा बोल्न दिइन्छ कि दिइदैन ?

४. बोलेका कुरालाई अन्य (पुरुषहरू) ले ध्यानपूर्वक लिनुहुन्छ कि हुँदैन ?

५. आफ्नो भूमिकामा सन्तोष वा असन्तोष के छ ?

६. संस्थाको नीति निर्माणमा आफ्नो हितको पहुँच रहेको वा नरहेको के छ ?

७. आफू सम्बद्ध संस्थाले खास के कस्ता कामहरू गर्दछ । नीति निर्माण गर्दछ ?

८. आफू संलग्न संस्थाको नेतृत्व एउटै समूह वा व्यक्तिको हातमा रहन्छ कि परिर्वन भैरहेको छ ?

९. समावेशी प्रजातन्त्र, लोकतन्त्र र महिला सशक्तिकरणबारे थाहा छ ? के बुझ्नुहुन्छ ?

१०. महिलाको अभिवृद्धि र उनीहरूको समाजका सबै क्षेत्रमा के कसरी सहभागितामा वृद्धि हुन्छ हुन्छ ?

११. आफ्नो ठाउँ ठाउँको महिलाको राजनैतिकलगायत विविध अवस्था आर्थिक, सामाजिक के कस्तो छ ?

१२. महिलाको नीति निर्माणको तहमा कसरी पहुँच बढाउन सकिन्छ र के कसरी त्यस्तो तहबाट आफ्नो हितमा काम गर्न सक्छन् ?